# अध्याय : एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

यस अध्ययनको शोधशीर्षक **योगवाद र भोगवादका दृष्टिले सुम्निमा उपन्यासको अध्ययन** रहेको छ ।

## १.२ अध्ययनको पृष्ठभूमि

मानव जीवनको अभिन्न अङ्गको रूपमा नेपाली विषयलाई लिइन्छ । नेपाली विषय नेपाली भाषाको सुदृढीकरण, उन्नति प्रगतिको निम्ति अध्ययन गरिन्छ । नेपाली भाषाको विकासबिना कुनै परिवार, समाज र राष्ट्रको विकासको कल्पना गर्न सकिंदैन । त्यसमा पनि नेपाली भाषा हाम्रो देशको राष्ट्र भाषाको रूपमा स्विकारिएको छ । जसले गर्दा नेपाली विषय नेपाली भाषा अनिवार्य आवश्यकताको विषय बनेको छ । हरेक क्षेत्र, संघ-संस्था, तह-तप्कामा नेपाली भाषाको माध्यमबाट व्यवहार हुन्छ । त्यसकारण नेपाली विषयको सुदृढीकरणबिना कुनै पनि क्षेत्रको विकास र राष्ट्रको अपेक्षा पूरा हुनसक्दैन ।

नेपाली विषयअन्तर्गत विभिन्न विधाहरूको अध्ययन हुन्छ । ती विधाहरूको अध्ययनको सिलसिलामा उपन्यास विधा पनि महत्त्वपूर्ण मानिन्छ । उपन्यास विधा पनि विभिन्न वादहरू र धाराहरूमा प्रवाहित हुँदै आफ्नो स्वरूपलाई युगअनुसार परिवर्तन गर्दै आजको नवचेतनामूलक धारासम्म आइपुगेको छ ।

उपन्यास विधाको प्रवाहित धारामध्ये यहाँ मिथक धाराको रूपमा परिचित सुम्निमा उपन्यासको बारेमा अध्ययन गरिएको छ ।

सुम्निमा उपन्यास विश्वेश्वरप्रसाद कोइरालाको तेस्रो औपन्यासिक कृति हो । साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाले तीनघुम्ती (२०२५) देखि सुरुगरी मनोविश्लेषणवादी

धाराको सुरुवात गरेका हुन् । उनका छ वटा उपन्यासमा सबैभन्दा भिन्न र मानव समाजमा रहेका विभिन्न संस्कृति-संस्कारहरूको साथै मानव जीवन कसरी सफल पार्न सकिन्छ भन्ने सन्देश बोकेको उपन्यास हो सुम्निमा ।

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाका अरू पाँचवटा उपन्यास मनोविश्लेषणमा आधारित छन् भने वि.सं. २०२७ सालमा प्रकाशित सुम्निमाको विषयवस्तु मनोविश्लेषणमा मात्र सीमित नभएर सामाजिक अध्ययनलाई महत्त्वपूर्ण पाटोका रूपमा समावेश गरी विभिन्न विचार, विभिन्न वादहरूमा के ? कसरी ? अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भन्ने कुराको झलक यस उपन्यासमा पाइन्छ ।

यसरी समाजमा व्याप्त विचारहरूको होडबाजीलाई पनि यस उपन्यासले सन्देश प्रदान गर्दछ । मानव समाजमा सबैकुरा प्रत्यक्ष देखिने र प्रयोग गर्न सक्ने पनि हुँदैन । कतिपय कुराहरू विश्वास र निष्ठामा रहनु पर्ने हुन्छ । सबैकुरा विश्वासमा मात्र पनि सीमित हुँदैन र सबै कुरा प्रयोग र प्रत्यक्षमा मात्र पनि संभव हुँदैन । त्यसकारण मानव समाजमा समन्वयको खाँचो पर्दछ । मानव जीवन समन्वयबिना सफल हुँदैन भन्ने समन्वयवादमा आधारित सुम्निमा उपन्यासले मानवलाई समन्वय, समझदारी, सहकार्य, धैर्य र संयमशील बन्न प्रेरित गरिएको छ ।

## १.३ शोधसमस्या

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक कृतिहरूमध्ये तेस्रो औपन्यासिक कृतिको रूपमा सुम्निमा उपन्यासलाई लिइन्छ । विश्वेश्वरप्रसाद कोइरालाका सम्पूर्ण उपन्यासहरूमा विभिन्न कोणबाट थुप्रै शोध एवं विश्लेषण भैसकेका छन् । यसै परिप्रेक्षमा अनेकवाद र पक्षबाट प्रतिभा प्रस्तुत भए तापनि सुम्निमा उपन्यासलाई मात्रै केन्द्र बनाएर आजसम्म कुनै अध्ययन तथा विश्लेषण भएको छैन । त्यसो नभएकाले यस अध्ययनमा सुम्निमा उपन्यासका बारेमा निम्नलिखित समस्याहरू देखिएका छन् :

(क) विश्वेश्वरप्रसाद कोइरालाको जीवनवृत्त के कस्तो रहेको छ ?

(ख) योगवाद र भोगवादको सैद्धान्तिक विषय के कस्तो रहेको छ ?

(ग) नेपाली उपन्यासको ऐतिहासिक चिनारी एवम् सुम्निमा उपन्यासको औपन्यासिकता के कस्तो रहेको छ ?

(घ) 'सुम्निमा' उपन्यासमा योगवाद के कस्तो रहेको छ ?

(ङ) 'सुम्निमा' उपन्यासमा भोगवाद के कस्तो रहेको छ ?

माथि उल्लिखित समस्याहरूको पहिचानबाट मानव जीवन सफल हुने कुरा स्विकार्न सकिन्छ ।

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यबाट सुम्निमा उपन्यासमा पात्रहरूको जीवनदशा, घटित घटनाहरूमा योगवादले पारेका प्रभावहरू तथा निरन्तर विश्वास र निष्ठामा रहँदाको मानव जीवनको झलक र प्रत्यक्ष देखिने भोगिने कुरामा कति प्रयोगात्मक रूपमा अघि बढ्नुपर्छ अनि कति संयम ढंगले अघि बढनुपर्छ भनेर पात्रका बीच भएका विचार मन्थनहरूले उनीहरूले गरेका तर्क-वितर्कद्वारा कसरी मानव जीवन सफल हुन्छ भन्ने सन्देश प्रदान गरिएको सापेक्षतामा रही यस शोधकार्यमा निम्नलिखित उद्देश्यहरू स्वीकार गरिएका छन् :

क) विश्वेश्वरप्रसाद कोइरालाको जीवनवृत्तको पहिचान गर्नु,

ख) योगवाद र भोगवादको सैद्धान्तिक विषयमाथि प्रकाश पार्नु,

ग) नेपाली उपन्यासको ऐतिहासिक चिनारी र सुम्निमा उपन्यासको औपन्यासिककताको निर्क्यौल गर्नु,

घ) सुम्निमा उपन्यासमा योगवादको विश्लेषणात्मक अध्ययन गर्नु,

ङ) सुम्निमा उपन्यासमा भोगवादको विश्लेषणात्मक अध्ययन गर्नु ।

## १.५ अध्ययनको आवश्यकता र महत्त्व

विश्वेश्वरप्रसाद कोइरालाका थुप्रै उपन्यासमा विभिन्न कोणबाट अध्ययन विश्लेषण भैसकेको तर भोगवाद र योगवादका दृष्टिले सुम्निमा उपन्यासको अध्ययन विश्लेषण नभएकोले नेपाली समाजमा विद्यमान विभिन्न, संस्कृति संस्कारहरू भिन्न-भिन्न मान्यता र विश्वासहरूलाई केलाएर कति शास्त्रीय नीति, नियम तथा योगवादमा विश्वास गर्नुपर्छ र

योगवादी प्रवृत्तिबाट कति सफल हुन्छ ? कतिसम्म प्रत्यक्ष देखिने र भोगिने कार्यमा अघि बढ्नुपर्छ ? मानव जीवन सफल, सार्थक बनाउन के-के आवश्यकता पर्छ भन्ने पहिचान गरी मानव अस्तित्व कायम राख्नको लागि समन्वयात्मक भावनाले मात्र संभव हुन्छ भन्ने सन्देश प्रदान गर्दछ ।

## १.६ अध्ययनको सीमाङ्कन

सुम्निमा उपन्यासमा रहेका पात्रहरूको मनोवृत्ति, घटनाक्रमहरूमा योगवाद र भोगवादका अध्ययनका साथै उपन्यासमा प्रयोजन भएका विभिन्न वादहरूका परिचयात्मक एवं विश्लेषणात्मक अध्ययन गरी मानव जगत्मा पूर्ण सफलता प्राप्त गर्न भोगवाद र योगवादको महत्त्वपूर्ण भूमिका रहने सन्देश भित्र केन्द्रित रहनु नै यो अध्ययनको सीमाक्षेत्र हो ।

## १.७ पूर्वकार्यको समीक्षा

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको वि.सं. २०२७ सालमा प्रकाशित तेस्रो औपन्यासित कृति सुम्निमा हो । यसले औपन्यासिक क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । कोइरालाका समग्र उपन्यासहरूमा थुप्रै शोधकर्ताहरूले अनेकवाद र औपन्यासिक पात्रहरूको अध्ययन र विश्लेषण गरी औपन्यासिक क्षेत्रलाई साहित्यिक कृतिहरूले सक्षम र समृद्ध पारेका छन् । यसअघि भएका शोधहरूको सर्सती अध्ययन गर्दा कुलप्रसाद कोइरालाको **विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासकारिताको मूल्याङ्कन विश्लेषण** अप्रकाशित शोधपत्र २०३७, भूपति ढकाल 'कमल' **विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासहरूमा विचारपक्ष** विद्यावारिधि शोधप्रबन्ध २०५४ मा भूपति ढकाल 'कमल'ले विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचारपक्षमा कोइरालाका ६ वटै उपन्यासहरूमा भएको दार्शनिक विचारलाई अध्ययन विश्लेषण गरेर देखाएका छन् । मूलतः उनले कोइरालाका अस्तित्ववादी, नियतिवादी र मानवतावादी दर्शनलाई यहाँ देखाउने कार्य गरेका छन् । कृष्णप्रसाद दाहालले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान** विद्यावारिधि शोधप्रबन्ध २०५७ मा विश्वेश्वरप्रसाद कोइरालाका ६ वटै उपन्यासका विषय र घटनाहरूमा द्वन्द्वविधान के ? कसरी ? भएका छन् भन्ने कुराको अध्ययन यहाँ भएको छ । पहिलो उपन्यास तीनघुम्ती

(२०२५)मा इन्द्रमायाजस्ता साहसी नारीपात्रका जीवनमा घटेका घटनाहरूमा कुन मोडमा कस्ता किसिमका द्वन्द्व सिर्जना भएका छन् ? भन्ने कुरा क्रमिक रूपमा केलाउने कार्य यहाँ गरिएको छ । इन्द्रमाया नारीपात्रका जीवनमा तीन घुम्तीमा तीन किसिमका द्वन्द्वहरू सिर्जना भएका देखिन्छन् : (१) पहिलो घुम्तीमा समाजत्याग र पीताम्बरवरणको द्वन्द्व, (२) दोस्रो घुम्तीमा सतीत्वत्याग र रमेशवरणको द्वन्द्व, (३) तेस्रो घुम्तीमा पीताम्बर (पति) त्याग र छोरी वरण तथा मातृत्व संरक्षणको द्वन्द्व । यी तीनै घुम्तीहरूमा एकलाई वरण गर्दा अर्को छोड्नु पर्ने द्वन्द्व देखिएका छन् । यसरी द्वन्द्वै द्वन्द्वको संयोजनले उपन्यास निर्माण भएको छ भन्ने कुरा छर्लङ्ग पार्ने काम दाहालले गरेका छन् ।

दोस्रो औपन्यासिक कृति नरेन्द्रदाइ (२०२६) मा सामाजिक सुसंस्कृत नारीका रूपमा गौरी देखिन्छ भने नरेन्द्रदाइ र मुनरिया असामाजिक अस्वाभाविक पात्रका रूपमा देखिन्छन् र सानुबाबु जस्ता बालपात्रको पनि यहाँ सिर्जना गरिएको छ । गौरी पतिबाट जस्तोसुकै हेला, घृणा र तिरस्कार पाए तापनि आफ्नो आर्दशलाई कहिल्यै नभुल्ने सुसंस्कृत नारीपात्रको रूपमा देखिएको छ । ऊ मानसिक द्वन्द्वले पीडित छ । मुनरिया र नरेन्द्रदाइ भौतिक द्वन्द्वद्वारा आक्रान्त पात्रहरू हुन् । त्यसैगरी सानोबाबु बालपात्र पनि गौरीको अवस्थालाई देखेर मानसिक द्वन्द्वबाट पीडित बनेको छ । त्यसैले यहाँ भौतिक र मानसिक द्वन्द्वको संयोजन सर्व स्वीकार्य रूपबाट गरिएको छ । सामाजिक र असामाजिकताको द्वन्द्व, नारी र पुरुषको द्वन्द्व, नारी पात्रहरू गौरी र मुनरियाको मानसिक द्वन्द्व पनि आ-आफ्नै किसिमका छन् । गौरी यौनेच्छा दमित मानसिक द्वन्द्वबाट प्रताडित छे भने मुनरिया भौतिक संघर्षपूर्ण द्वन्द्वबाट प्रताडित छे । यहाँ मनोवैज्ञानिक द्वन्द्वको प्रयोगले उपन्यास सफल र सार्थक बनेको देखिन्छ । यसरी द्वन्द्वविधानको अध्ययन र विश्लेषण गर्ने कार्य उक्त शोधप्रबन्धमा भएको छ ।

तेस्रो औपन्यासिक कृति सुम्निमा (२०२७) मनोवैज्ञानिक द्वन्द्वमा मात्र सीमित नभएर यहाँ सामाजिक संस्कृतिहरूमा पनि द्वन्द्व संयोजन गरिएको छ । नारी र पुरुषको द्वन्द्व अध्यात्मवाद र भौतिकवादको द्वन्द्व, आर्य र अनार्य संस्कृतिको द्वन्द्व कुशल रूपमा भएको देखाइएको छ ।

अन्त्यमा मानव अस्तित्वको लागि द्वन्द्वबाटै निष्कर्ष निकाल्नु पर्छ भन्ने सन्देश यहाँ समन्वय, समभ्रूदारी र सहकार्यको रूपमा अघि बढनुपर्छ भन्ने दृष्टिकोणलाई सहज रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

चौथो औपन्यासिक कृति मोदिआइन (२०३६) मा गीतादर्शनको परम्परागत मूल्य र मान्यताप्रति असहमति जनाई महाभारतको लडाईंले नरसंहार भएका घटनालाई कर्तव्य पालनको नाममा ईश्वरत्वको आदेशले मानवत्व नाश भएको हुन्छ भनी द्वन्द्वविधानद्वारा विश्लेषण गरिएको छ । अन्यायको विरुद्धमा कृष्णले अर्जुनलाई युद्ध गर्न उद्यत गराएका छन् । त्यसैले यहाँ मानवत्व र ईश्वरत्वको द्वन्द्व देखाइएको छ ।

लेखनका हिसाबले जेठो र प्रकाशनका दृष्टिकोणले पाँचौं उपन्यास हिटलर र यहूदी (२०४०) को विषय पनि मोदिआइन उपन्यासको जस्तै छ । जसरी गीतादर्शनमा महाभारतको लडाईंमा जान कृष्णले अर्जुनलाई कर्तव्यबोधको शिक्षा दिई नरसंहार गराउँछन् । त्यसैगरी हिटलरले राष्ट्रवादको नाममा लाखौं यहूदीहरूको हिंसा गर्छ । यहाँ अमानवीय पात्र हिटलरलाई गीतादर्शनको कृष्णसँग तुलना गरिएको छ । यहाँ अस्तित्ववाद, नियतिवाद र मानवतावादको द्वन्द्व संयोजन भएको छ भन्ने कुरालाई छर्लङ्ग पार्ने कार्य भएको पाइन्छ ।

छैठौं औपन्यासिक कृति बाबु, आमा र छोरा (२०४५) विश्वेश्वरप्रसाद कोइरालाको ९ वर्षको जेलजीवनमै लेखिएको भए तापनि प्रकाशनका दृष्टिले छैठौं कृतिमा पर्दछ । यसमा प्रेमको त्रिपक्षीय द्वन्द्व भएको देखाइएको छ । गान्धर्व विधिको पति (छोरा) र वैदिक विधिको पति बाबुमध्ये एउटालाई छोडेर अर्को स्विकार्नुपर्दा उमामा मानसिक द्वन्द्व चलेको छ । छोरा पनि स्वभाविक विवाहबाट विचलित हुनुपर्दा परपीडक द्वन्द्व सिर्जना भएका छन् । बाबुमा पनि पहिलेको श्रीमतीबाट जस्तै माया नपाएकोमा मानसिक द्वन्द्व चलेको छ । यहाँ आत्मपीडक र परपीडक द्वन्द्वको संयोजनले उपन्यास प्रभावकारी बनेको देखिन्छ । यिनै विषयको सापेक्षतामा द्वन्द्वविधान केलाउने कार्य दाहालले गरेको देखिन्छ ।

यस कार्यमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा संयोजन भएका द्वन्द्वविधानलाई केलाई मानवत्व र ईश्वरत्वको द्वन्द्वले नै अस्तित्ववाद, नियतिवाद,

मानवतावाद, अध्यात्मवाद, भौतिकवाद, योगवाद र भोगवाद, योगवाद र भोगवादको द्वन्द्व संयोजन हुने र यसबाट नै सामाजिक समस्या समाधान हुने कुरा छर्लङ्ग पार्ने काम यहाँ भएको छ । ज्ञानू पाण्डे - **विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासमा अस्तित्ववाद**, विद्यावारिधि शोधप्रबन्ध २०६०, विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववादको अध्ययन विश्लेषण व्यापकरूपमा पाण्डेले आफ्नो शोधप्रबन्धमा गरेकी छिन् । तीनघुम्तीमा इन्द्रमायाले नारी अस्तित्वको लागि तीनै घुम्तीमा सङ्र्घष गरेकी छ । पति पीताम्बरले आफ्नो अस्तित्व जोगाउन छोरी समेत अस्वीकार गरेको छ ।

दोस्रो उपन्यास नरेन्द्रदाइमा गौरीले जतिसुकै यौनेच्छाले उत्तेजित भए तापनि पत्नीत्व जोगाई राख्न प्रयास गरेकी छ । मुनरियाले भौतिक सङ्घर्ष गरेकी छ । यसरी पाण्डेले अस्तित्ववाद केलाउने कार्य यहाँ गरेकी छन् ।

तेस्रो औपन्यासिक कृति सुम्निमामा पनि आफ्नो संस्कृति र नारी अस्तित्वको पक्षमा सुम्निमाले वकालत गरेकी छ । पुलोमाले पनि नारी अस्तित्वको लागि सोमदत्तको दोषापर्णमा प्रतिकार गरेको देखाइएको छ । सोमदत्तले आर्य संस्कृतिको अस्तित्वको पक्षमा वकालत गरेको घटनालाई प्रस्ट्याइएको छ । मानव अस्तित्वको पक्षमा समन्वयको खाँचो हुन्छ भन्ने कुरालाई पनि यहाँ पाण्डेले केलाउने कार्य गरेकी छन् ।

चौथो उपन्यास मोदिआइनमा मानव अस्तित्वको लागि कृष्णले अर्जुनलाई युद्ध गर्न उद्यत गराएको छ । गीता दर्शनको माध्यमबाट मानव अस्तित्व जोगाउने घटनालाई यहाँ पाण्डेले प्रस्ट्याउने कार्य गरेकी छन् ।

पाँचौं उपन्यास हिटलर र यहूदीमा हिटलरले आफ्नो अस्तित्वको निम्ति राष्ट्रवादको नाममा यहूदीहरूको हत्या गरेको कुरा कुशल रूपमा केलाउने कार्य पाण्डेले गरेको पाइन्छ ।

छैठौँ उपन्यास बाबु, आमा र छोरा उपन्यासमा पनि तीनै पात्रले आ-आफ्नो अस्तित्व जोगाउन प्रयास गर्दागर्दै पनि नियतिको भागीदार बन्न पुगेका घटनालाई प्रस्टयाउने कार्य भएको छ ।

यसरी कोइरालाका उपन्यासमा अस्तित्ववाद पात्रगत दृष्टिमा अस्तित्ववाद, घटनाक्रमको दृष्टिमा अस्तित्ववाद र लेखकीय दृष्टिमा अस्तित्ववाद सल्बलाएको छ भन्ने कुरा अध्ययन र विश्लेषण गरी प्रस्टयाउने कार्य पाण्डेले गरेका छन् ।

उपर्युक्त तीनवटै शोधप्रबन्धहरूमा कोइरालाका सुम्निमा उपन्यासमा भएको दर्शनका सापेक्षतामा योग र भोगको विषयमा चर्चा-परिचर्चा गरिएको पाइन्छ । यति हुँदाहुँदै पनि उक्त उपन्यासमा भएको भोगवाद र योगवादका सम्बन्धमा छुट्टै शीर्षक दिएर चर्चा-परिचर्चा गरेको पाईंदैन । तसर्थ यस शोधपत्रमा कोइरालाको सुम्निमा उपन्यासमा भएको योगवाद र भोगवादलाई समस्याको रूपमा लिएर समाधान गर्ने प्रयत्न गरिएको छ ।

योगवाद र भोगवादका दृष्टिले सुम्निमा उपन्यासको पात्रको चरित्र, घटनाक्रम र परिवेशमा गहन रूपमा अध्ययन विश्लेषण गरी मानवीय जीवनमा भोगवाद र योगवादले कतिको भूमिका खेल्दछ भन्ने सन्देश यस शोधबाट प्राप्त गर्न सकिन्छ ।

## १.८ शोधविधि

यस शोधकार्यमा निगमनात्मक र आगमनात्मक विधि अपनाइएको छ । पुस्तकालय विधि अपनाइएको छ र सुम्निमा उपन्याससँग सम्बन्धित अघिल्ला शोधहरूलाई पनि खोजी गरी अध्ययन गर्न खोजविधि अपनाइएको छ । शोध सामग्रीलाई प्राथमिक सामग्री र द्वितीयक सामग्री गरी दुई भागमा बाँडिएको छ । शोध नायकका मूलकृतिहरू, जानकार व्यक्तिहरूबाट प्राप्त लिखित एवम् मौखिक जानकारीलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा पत्रपत्रिकाहरूमा प्रकाशित समीक्षा, समालोचना र सम्बन्धित विषयमा सैद्धान्तिक ग्रन्थहरू, जीवनी, व्यक्तित्व र कृतित्वमा गरिएका अग्रजहरूका शोधपत्रहरूलाई लिइएको छ । यस शोधपत्र दुई प्रकारका सामग्रीबाट निष्कर्ष निकाली तयार गरिएको छ ।

## १.९ शोधको ढाँचा (रूपरेखा)

शोधको रूपरेखा भन्नाले शोधको स्वरूपलाई जनाउँछ । शोधपत्र भद्दा र ठूलो आकारमाभन्दा छोटो, छरितो, सरल एवं ओजपूर्ण भएमा नै राम्रो हुन्छ । त्यसैले प्रस्तुत शोधपत्रलाई सात अध्यायमा विभाजन गरिएको छ :

| | |
|---|---|
| अध्याय एक : | शोधपरिचय |
| अध्याय दुई : | विश्वेश्वरप्रसाद कोइरालाको जीवनवृत्तको अध्ययन |
| अध्याय तीन : | योगवाद र भोगवादको सैद्धान्तिक अध्ययन |
| अध्याय चार : | नेपाली उपन्यासको ऐतिहासिक चिनारी र सुम्निमा उपन्यासको अध्ययन |
| अध्याय पाँच : | योगवादका दृष्टिले सुम्निमा उपन्यासको अध्ययन |
| अध्याय छ : | भोगवादका दृष्टिले सुम्निमा उपन्यासको अध्ययन |
| अध्याय सात : | उपसंहार एवम् निष्कर्ष । |

# अध्याय : दुई

# विश्वेश्वरप्रसाद कोइरालाको जीवनवृत्तको अध्ययन

## २.१ परिचय

विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं. १९७१ साल भाद्र २४ गते पिता कृष्णप्रसाद कोइराला र माता दिव्या कोइरालाको कोखबाट भएको हो । जन्मदेखि नै सङ्घर्षबाट नेपाली जनमानसमा नयाँ प्रकरणको सुरुवात गर्दै यस धर्तीमा पाइलो टेकेका कोइरालाले जीवनभर सङ्घर्ष गरेर नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन मृत्युपर्यन्त लागि रहे र आजको गणतान्त्रिक मुलुक बनाउने सोच पनि उनकै दार्शनिक विचारको प्रतिफल हो ।

साहित्य जगत्मा पनि उनले नयाँ धारा र नयाँ विषय मनोविज्ञानको प्रवेश गराएर आधुनिक कथाको सामाजिक परिवेशलाई मनोविश्लेषणको नवीन मोडमा डोऱ्याए । साहित्यको भण्डारलाई कविता विधाबाट सुरु गरेर विभिन्न विधामा कलम चलाएर समृद्ध र सम्पन्न बनाएका छन् । विभिन्न विधामा कलम चलाए तापनि उनको प्रखर व्यक्तित्व कथा र उपन्यासमा देखिन्छ । समाजमा राजनीतिक र साहित्यिक दुवै दृष्टिकोणले नयाँ दिशा प्रदान गर्ने व्यक्तित्व हुन् विश्वेश्वरप्रसाद कोइराला । यिनै कुराहरूलाई यस अध्ययनमा यथायोग्य किसिमले प्रकाश पार्ने काम भएको छ ।

## २.२ विश्वेश्वरप्रसाद कोइरालाको पारिवारिक पृष्ठभूमि

नेपाली समाजमा राजनीति र साहित्यका माध्यमबाट सर्वाधिक चर्चाको शिखरमा पुग्न सफल भएका व्यक्तित्व हुन् विश्वेश्वरप्रसाद कोइराला । उनको पारिवारिक पृष्ठभूमिको अध्ययन गर्दा उनका पुर्खा नेपालको दक्षिणी सिमानाबाट पश्चिम ३ नम्बर लमजुङ्गको दुराडाँडामा सर्वप्रथम बसोबास रहेको थाहा हुन्छ । त्यस ठाउँमा कोइराला फाँट छ । आजकाल त्यहाँ कोइरालाका रूखहरू बिरलै पाइन्छन् तर पहिले पहिले, त्यो फाँट कोइरालाको वनघारीले ढाकिया, हुँदो हो । खोलापारिको देवीथुम्कोबाट हेर्दा त्यस वनले

निश्चय नै चैते तीस दिनलाई मधुमास बनाउँदो हो । तर त्यो जंगल, कोइराला फूलको सौन्दर्य अब रहेन । मानिसको विध्वंसबाट जोगिएका एक-दुई वृक्ष मात्र अवशेषको रूपमा सुरक्षित रही सेतो र फिक्का गुलाबी वर्णका चैतेफूलले आफ्नो पुरानो स्मृति कायम राख्न सकेका छन् । वन मासियो तर नाम मेटिएन कोइराला फाँट ।[१]

धेरै-धेरै वर्ष पहिले त्यहाँ एउटा ब्राह्मण आयो, दक्षिणतिरबाट । खोलाको छेउमै खेती गर्ने उद्देश्यले जंगलको सानो टुक्रा फाँडेर खेतीका लागि जमिन झिकेर त्यो ब्राह्मण परिवार त्यहीँ घरजम गरेर बस्यो । त्यसबेला मानिसको संख्या कमी थियो गाउँ घर टाढा टाढा हुन्थे । आफ्नो वरिपरि गाउँघरका मानिसहरूले त्यो वनलाई फाँडेर खेती गर्ने ब्राह्मणलाई कोइरालाबाजे भन्न थाले । यस प्रकार वनको एउटा फूलले थलो र मानिसलाई आफ्नो सुन्दर नाउँ पहिरायो - कोइरालाफाँट र कोइरालाबाजे ।[२]

कोइरालाबाजेको ठूलो परिवार भयो, जो उनको मृत्युपछि छोराहरूमा बाँडफाँड भयो । प्रत्येक सन्तानले आ-आफ्नो भागमा परेको जायजेथा लिएर फरक-फरक ठाउँमा घरबार जोडे । त्यसपछि तिनीहरूका सन्तान झन् विस्तृत भए र एवं प्रकारले एकपछि अर्को आउने पिंढीले कोइरालाहरूको वृद्धि गर्दै गए र वन मासिंदै गयो । मनुष्य बढ्यो, जंगल नास्सियो ।[३]

तिनीहरूमध्ये एउटा ब्राह्मणको सानो परिवारमा एउटी राम्री बालिका थिई, परमसुन्दरी, चन्द्रमुखी । त्यसको सुन्दरतालाई देखेर सबै मुग्ध हुन्थे । बाबु-आमाको अर्को कुनै सन्तान थिएन त्यसकारण त्यो बालिका परिवारको एकाग्र प्रीतिमा हुर्कंदै गई । आफ्नो कोखमा अकारण, दैवात जन्मिन पुगेकी त्यस्तो अचम्म सुन्दरताबाट मातापिता सशङ्कित पनि हुन्थे । आफ्नो सुन्दरता र तेजले गर्दा त्यो बालिका सकल समाजमा अलग्गै छुटिन्थी । आमालाई कहिले कहिले यस्तो पनि मनमा आउँथ्यो कि यो मेरी छोरी होइन, कुनै देवबाला मेरो कोखमा जन्म लिन आयी । आमा बढी धार्मिक प्रवृत्तिकी थिइन् । बालिका आजभन्दै भोलिभन्दै हुर्कंदै ठूली भई । आमालाई घरधन्दामा सघाउने भई र दिनहुँ जसो खोलापारिको

---

१ विश्वेश्वरप्रसाद कोइराला, **आफ्नो कथा**, चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १ ।

२ ***ऐजन,*** पृ. १ ।

३ ***ऐजन,*** पृ. २ ।

देवीथुम्को जंगलमा गाईवस्तु लिएर चराउन थाली । त्यहीँ गोठाला ठिटाठिटीहरूसँग उसको मित्रता बढ्यो र एउटा सार्की ठिटोसँग उसको झन् बढी घनिष्ट मित्रता भयो । ब्राह्मण पुत्री र सार्कीको अन्यज ठिटोसँग कसरी स्नेह बढ्न गयो त्यसको प्रस्ट प्रमाण छैन । तर निश्चय पनि आमाको कानमा यो कुरा पुग्यो होला । भोलिपल्टदेखि उसको त्यो देवीथुम्को गोठालो जाने बाटो बन्द भयो घेरैमा आमाको कामकाजमा सघाउने भई र उसको विवाहको कुरा बुबाले ठाउँ ठाउँमा चलाउन थाले ।

एकदिन बालिका लोप भई । उसकी आमालाई लाग्यो । उनले पहिले नै सोचेको कुरा सत्य रहेछ । उनकी पुत्री कुनै देवबालिका थिई । जो श्रापबाट मुक्त भएर पुनः देवलोकमा फर्की । यस कुरामा गाउँलेहरूलाई पनि विश्वास लाग्यो । सोझा गाउँलेहरू विश्वासी प्राणी थिए । बालिका असाधारण सुन्दरता र शीलस्वभावले उसका सम्बन्धमा कुनै नराम्रो धारणाको उदय हुन दिदैनथ्यो । यसरी एउटी सुन्दरी बालिका लोप भई । यसको चर्चा टाढा-टाढासम्म पुग्यो र सबैले निश्चित गरेकी त्यो बालिका एउटी देवी थिई । यस चर्चाले गर्दा, एउटा सार्की ठिटो पनि धेरै भयो, देखिया छैन भन्ने कुरामा कसैको ध्यान गएन । यसरी देवीस्थानको दक्षिणपट्टिको जंगलमा एउटी सर्किनीले त्यस बालिकालाई नदेखिएकी भए र सुटुक्क आएर आमा बाबुको कानमा मात्र त्यो कुरा नपुऱ्याएकी भए लोप भएकी देवीका मातापिता हुने सौभाग्यलाई सम्झेर उनीहरू आनन्दगर्वित भएर आफ्नो जीवन बिताउने थिए । संयोगले सर्किनीको कुरा सुनेर उनीहरू मर्माहत भए । उनीहरूलाई मनमा यस्तो चोट पऱ्यो कि उनीहरूको सुन्दर संसार चिरा-चिरा भएर फाट्यो । संयोगले त्यही राती मुसलधारे पानी पऱ्यो । जगतै कँपाउने गरी बिजुली चम्क्यो र धेरै ठाउँमा बज्र खस्यो । खोलाको पानी उर्लेर फाँटै डुबाउलाजस्तो गरी बग्न थाल्यो । दुराडाँडाको एउटा पाखै पहिरो गएर रड्किएर भास्सियो । ती बिचरा बाहुनको घरबारी पहिरोमा परेर एउटा निशानासम्म पनि नछाडेर ध्वस्त भयो ।

तर त्यो प्रलय उपस्थित हुनुभन्दा केही क्षण पहिले नै घोर लज्जा र ग्लानिमा डुबेर कोइराला दम्पती गाउँ छाडेर हिडिंसकेका थिए । गाउँलेहरूले पत्तो पाएन भन्ठानेकी उनीहरू पहिरोमा नै परेर भास्सिए । सर्किनीले भोलिपल्टदेखि भन्दै हिंडी मैले सान्नानीलाई देवीस्थानमा देखेकी थिएँ । जंगलभित्र शमीको ठूलो रूखमुनि बसेर सुनको काँइयोले कपाल

कोरिरहनु भएको थियो । मलाई देखेर भन्नुभयो - "सर्किनी आमा म देवी हुँ, म यहाँ छु भनेर कसैलाई नभन्नु है ।"[४]

यसभन्दा पहिले देवीस्थानको नाम थिएन । यो प्रलयकारी घटनापछि सर्किनीको देवी दर्शनको वर्णनले श्रद्धावान् ग्रामीणहरूले आफ्ना एउटी ग्रामकन्याको स्मृतिमा त्यस स्थललाई देवीस्थानको संज्ञा दिए । अहिले देवीस्थानको जनश्रुति यही छ ।[५]

उता कोइराला दम्पती आफ्नो लज्जा र ग्लानिको अनुहारलाई आफ्ना पुर्खाहरूले आर्जन गरेको थलो र बन्धुवान्धवहरूबाट जति सक्यो उति टाढा पार्ने नियतले दिनरात पूर्वतिर मुख गरेर एकोहोरो हिंडिरहे । तिनीहरूकै सन्तान पूर्वमा ठाउँ, ठाउँमा पाइन्छन् । एउटा हाँगो पूर्व २ नम्बरमा कोसी र रोसीका जलले सिञ्चित दुम्जाको डाँडामा रोपियो त्यहाँ पुग्नुभन्दा पहिले केही कालसम्म उनीहरू मकवानपुर राज्यमा बसोबास गरेर रहे । राजकाजमा तिनीहरूको रुचि त्यही जाग्यो होला । ब्राह्मणवृत्ति श्राद्ध, पूजा, पाठ छोडेर क्षेत्रीवृत्तिमा आकर्षित हुँदै गए । मकवानपुरको राजनीतिमा धेरै सक्रिय भई धेरै माथिसम्म उक्लिन सके । दामोदर कोइराला मकवानपुरको काजी पदमा पुगे सरल भाषामा भन्नुपर्दा त्यस राज्यको प्रधानमन्त्री भए । तिनीहरूकै वंशज हुन् दुम्जाका कोइराला - काजी दामोदर वंशमा एक आदर्श पुरुषका रूपमा अगाडि आए । पछिसम्म आमाबाबुहरूले आफ्ना छोराछोरीहरूलाई आदर्श भावनाको प्रेरणाको बोलीमा भन्ने गर्थे । बुझ्यौ केटाकेटीहरू हामी दामोदर काजीका सन्तान हौं । तिमीहरू लाछी र काँतर हुने होइन, उनीजस्तै साहसी र ठूलो मानिस बन्नुपर्छ । समस्त वंशलाई दामोदरकाजीको अभिमान थियो र उनको कीर्तिमा आफूहरू स्वयम् सम्मानित भएको मान्थे, उनका पुर्खाले मकवानपुरमा खाएको घ्यूको वासना आफ्ना आफ्ना हातमा सुँध्न चाहन्थे ।[६] दामोदर कोइरालाका अर्का नाम चलेका व्यक्ति नन्दीकेश्वर 'पाध्या' थिए । यिनी दुम्जाबाट आएर काठमाडौंमा सरकारी डिट्ठा समेत भएका थिए । यिनै नन्दीकेश्वर विश्वेश्वरप्रसाद कोइरालाका पितामह हुन् । नन्दीकेश्वर शान्त प्रकृतिका दयालु भावप्रवीण व्यक्ति थिए । उनी आफ्ना साथीहरूमा आफ्नो चरित्र, गुण र स्वभाविक योग्यताले त्यस समूहको अग्रणी व्यक्तिमा गनिन्थे । यी युवकहरू भाषाको

---

[४] ***ऐजन,*** पृ. ३ ।

[५] ***ऐजन,*** पृ. ३ ।

[६] ***ऐजन,*** पृ. ३ ।

विषयमा छलफल गर्थे र आफ्ना पश्चिमे साथीहरूको प्रेरणामा उनी कविता लेख्थे । जसमा भक्तिभाव र दैहिक सुख भोगको यथार्थता लक्षित हुन्थ्यो । घिमिरे बाजे उनका प्रियपात्र थिए । अरू साथीहरू पनि उनको प्रयासलाई सराहना गर्थे । भन्थे साथीहरूले नन्दीकेश्वर तिम्रा कविता काशीमा छाप्न पठाउनुपर्छ । यी कुराहरूले गर्दा नन्दीकेश्वरलाई एकचोटी काशी जाने इच्छा जाग्थ्यो र आफ्ना रचनालाई पुस्तकाकार रूप दिन उनी फुर्सदको समय हुने बित्तिकै देशी भाषामा कविता कोरिरहन्थे ।"[७] नन्दीकेश्वर बडो भद्र र परोपकारी थिए । उनले काठमाडौँ छोडेर दुम्जा घर जान लाग्दा बाटोमा भेटाएको कोढी रोगीलाई समेत दुम्जा घरमा लगेर पालेका थिए । मानवीय भावनाले भरिएका नन्दीकेश्वरका कान्छा छोराको नाम हो कृष्णप्रसाद कोइराला । कृष्णप्रसाद कोइरालाको लालन-पालन सबै दुम्जामा भएको हो । आफ्ना जेठादाजु सरदार कालीदास र आमा राज्यलक्ष्मीको हेरचाहमा यिनको लालन पालन भएको देखिन्छ । विश्वेश्वरप्रसाद कोइरालाकी हजूरआमा एक कुशल नारी थिइन् । उनी बडो दक्ष, परिश्रमी र अनुशासनप्रिय थिइन् । आफ्नो पतिको मृत्युपछि यिनले कान्छो छोरा कृष्णप्रसाद कोइरालाको लालन-पालनमा पिता र माता दुवैको स्नेह दिएर हुर्काउने प्रयास गर्छिन् । 'पतिको मृत्युपछि आफ्नो तमाम ममतालाई कान्छो छोरा कृष्णप्रसादमा केन्द्रित गर्छिन् । कृष्णप्रसाद कोइरालाले कुनै सरकारी स्कुलमा त शिक्षा आर्जन गर्न पाएनन् । त्यस बेलाको प्रचलनअनुसार घरमै पण्डित र मौलवीद्वारा संस्कृत र फारसीको अध्ययन गर्ने अवसर पाएका थिए । त्यसो हुनाले उनले कृष्णप्रसाद कोइरालालाई आफ्नो बुद्धि र औकातले भ्याएसम्म एउटा पूर्ण व्यक्ति बनाउन कुनै कसर राखिनन् । जीवनमा शरीर नै महत्त्वपूर्ण हुन्छ भन्ने कुरालाई ख्याल राखेर कृष्णप्रसादलाई नियमित रूपमा शारीरिक व्यायामको ध्यान दिन्थिन् । बिहान कसरत गर्नु, घोडसवार गर्नु र बेलुकीपख कुस्ती लड्नु कृष्णप्रसाद कोइरालाको अनिवार्य र दैनिककार्य थियो । गाना सिकाउन ओस्तादको नियुक्त थियो । साँझ पर्दा बडा आमाले कृष्णप्रसाद कोइरालालाई आफ्नै सामू राखेर धार्मिक ग्रन्थहरूको पाठ गराउनुहुन्थ्यो । एउटा आदर्श र अर्वाचीन नारीमा हुनु पर्ने गुण बडा आमामा भएको कारणले गर्दा कृष्णप्रसाद कोइरालाले औपचारिक रूपमा शिक्षा आर्जन गर्न नपाए पनि समय परिस्थितिअनुसार बडाआमाको निगरानीमा कृष्णप्रसाद कोइरालालाई शिक्षा आर्जन निकै सहज र अवसरको कमी भएन जनकपुरमा रहँदा उनले अङ्ग्रेजी सिक्ने अवसर

---

[७] ***ऐजन,*** पृ. ४ ।

भने पाएनन् । पछि काठमाडौँ आएपछि अङ्ग्रेजी एम्मेसीमा अङ्ग्रेजी सिक्ने पनि अवसर पाए । यसैले अङ्ग्रेजी भाषामा पनि केही मात्रामा भए पनि उनले ठूलोबाको सहयोगले काठमाडौँमा सिक्न पाउनुभयो । यसैले बडाआमाले विस्तारै राजनीति र सामाजिक अवस्थातिर ध्यान आकर्षित गर्न थाल्नुभयो । उनको राजनैतिक, शैक्षिक र सामाजिक चेतना मूलमन्त्र थियो ।[८] यी तीन मूलमन्त्रले गर्दा सामाजिक अवस्थातिर ध्यानाकर्षण गर्न थाल्नु भयो । बडाआमा काशीवास रहँदा पनि गान्धीको स्वराज्य आन्दोलन, नारीस्वातन्त्र्य आन्दोलन र अछुतोद्धार आन्दोलन आदिलाई समेत ग्रहण गर्नु भएकी नारीको निगरानीमा हुर्केको हुनाले कृष्णप्रसाद कोइरालाले आफ्नो देशको अवस्थातिर पनि दृष्टि पुऱ्याउनु कुनै नौलो कुरा भएन । एउटा शिक्षित र राजनैतिक सामाजिक र शैक्षिक चेतनाले गर्दा राणाशासनको अन्याय अत्याचारको खुलेर विरोध गर्न थाल्नुभयो । जुन राजनैतिक अभियोगले गर्दा सर्वश्वहरण गरेर विदेशीनु पऱ्यो । आफ्नो स्वदेश छोडेर विदेश भारतको शरण लिनुपऱ्यो । लामो समयको प्रवासी जीवन बिताउनु पऱ्यो । बनारसमा रहँदा नै विश्वेश्वरप्रसाद कोइरालाको जन्म भएको हो । १०४ वर्षको जहाँनिया शासनको जरो उखेल्न उनले पहिलो आवाज उठाएका हुन् ।[९]

## २.३ विश्वेश्वरप्रसाद कोइरालाको जन्म

विश्वेश्वरप्रसाद कोइरालाको जन्म भारतको वाराणसीमा वि.सं. १९७१ साल भाद्र २४ गतेका दिन पिताजी कृष्णप्रसाद कोइराला र माता दिव्या कोइरालाका गर्भबाट भएको थियो । उनी आफ्नी आमातिरबाट जेष्ठ सुपुत्रका रूपमा गनिन्छन् भने जेठी आमातिरको सन्तानबाट गनेर ल्याउँदा भने दोस्रो सन्तानका रूपमा अथवा माहिलो सन्तानमा पर्दछन् । पिताजी कृष्णप्रसाद कोइरालाका तीनवटी विवाहिता पत्नी थिए । जेठी श्रीमती सुत्केरी हुन नसकेर परलोक भएकी थिइन् । माइली श्रीमतीबाट मातृकाप्रसाद कोइरालाको जन्म भएको थियो । कान्छी श्रीमती दिव्या कोइरालाको कोखबाट छोराहरू विश्वेश्वरप्रसाद कोइराला,

---

८ कृष्णप्रसाद दाहाल, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान,** (अनुसन्धान समालोचना), (काठमाडौं, नेपाल राजकीय प्रतिष्ठान, २०६०), पृ. ५ ।

९ ***ऐजन***, पृ. ५ ।

हरिहर कोइराला, केशवप्रसाद कोइराला, तारिणीप्रसाद कोइराला र गिरिजाप्रसाद कोइराला हुन् भने छोरीहरूमा इन्दिरा, नलिनी र कामिनी हुन् ।[१०]

विश्वेश्वरप्रसाद कोइराला गर्भबाट नै सङ्घर्षको थालनी गरेर जन्मेका हुन् । उनीभन्दा पहिला शल्यचिकित्सा प्रविधिबाट बच्चा जन्माउने संस्कृति नेपाली समाजले आत्मसात् गर्न सकेको थिएन । त्यसताका त्यसप्रविधिबाट बच्चा जन्माउने कार्य बिरलै मात्र हुनेगर्दथ्यो । लामो पारिवारिक छलफलपछि मात्र शल्यचिकित्साको निर्णय भएर विश्वेश्वरप्रसाद कोइरालाको जन्म भएको हो । "पिताजीको यो निर्णय दूरदृष्टि प्रमाणित भयो किन भने आमाको प्रसव अत्यन्त जटिल भएको थियो र प्राणरक्षाका लागि जनकप्रसाद दाइको ढिपीले बडाआमाले तुरुन्त डाक्टरी सेवा प्राप्त गर्ने अनुमति दिनुभयो । तत्कालै एउटी सिपालु डाक्टरनी आइपुगेर शल्यचिकित्साको मद्दतले त्यहाँ उद्धारकार्य नगरेको भए मैले त प्रकाश नै देख्न पाउने थिइन र आमा पनि जीवित रहनु हुने थिएन ।" मैले संसारमा प्रवेश गर्दा परिवारको एउटा परम्परालाई तोडेँ, प्रसवकोष्ठमा आधुनिक चिकित्साविज्ञानको प्रकरणमा पुऱ्याएँ । आजको दृष्टिमा एउटा सानो घटना हो । तर तिनताका हाम्रो परिवारको लागि पनि त्यो एउटा क्रान्तिकारी कदम थियो ।"[११] यसरी परम्परागत नराम्रा मूल्य र मान्यताको विद्रोह गर्ने स्वभावको जग बसाल्ने कार्य विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो प्रसवको समयबाट नै गरेका हुन् भन्ने कुराको पुष्टि नै विद्रोह गर्न सुरु गरेका कोइरालाले मृत्युपर्यन्त यसलाई छोड्न सकेनन् । जसको पुष्ट्याइँ उनले आफैँ नै गरेका छन् : "मेरो जन्म एउटा द्विविधामा भएको हो । जन्मने घडीमा नै मैले आफ्नो अड्डीपनको पूरा परिचय दिएँ । ममाथि त्यसदिन बल प्रयोग गरेका हुनाले हो कि ? किन हो ? म जीवनमा आजसम्म विद्रोही रहेँ । मेरो जीवनमा त्यसै दिनदेखि विद्रोहको वीज रोपियो ।"[१२] यही विद्रोहले उनलाई राजनीतिमा कुशल राजनेता गरायो भने साहित्यमा नवीन प्रयोक्ता गरायो । उनले राजनीति र साहित्य दुवैतिरबाट मानवीय मूल्य र मान्यताप्रति वकालत गरेका छन् । कोइरालाले आफूलाई राजनीतिमा समाजवादी र साहित्यमा अराजकवादीको संज्ञा दिएर प्रजातन्त्र र स्वतन्त्रताको निम्ति आवाज बुलन्द गरिरहे । मानवीय अस्मितामाथि कहीं कतैबाट पनि

---

[१०] ***ऐजन***, पृ. ७ ।

[११] ***ऐजन***, पृ. ७ ।

[१२] ***ऐजन***, पृ. ७ ।

अतिक्रमण भएको उनी हेर्न चाहँदैनथे । उनको जीवनभरको लडाइँ नै यसैप्रति सीमित थियो । यो लडाइँमा विजय हासिल गर्न राजनीतिमा बन्दूक समाते भने साहित्यमा कलम समातेर प्रस्तुत भए । साहित्यिक र राजनीतिक व्यक्तित्वद्वारा उनको शालीन व्यक्तित्वको निर्माण भएको हो । उनी राजनीतिमा काँडा हुन् भने साहित्यमा काँडामाथि फुल्ने गुलाबको फूल हुन् ।"[१३]

## २.४ विश्वेश्वरप्रसाद कोइरालाको मृत्यु

राजनीति र साहित्य दुवैलाई समानुपातिक ढंगबाट हिँडाउन मन पराउने विश्वेश्वरप्रसाद कोइरालाको मृत्यु क्यान्सरको रोगसँग जुद्धाजुद्धै वि.सं. २०३९ साल श्रावण ६ गते बुधबारका दिन विहान ७ बजेर १५ मिनेट जाँदा काठमाडौँमा भएको हो । कोइरालाको दाहसंस्कार पशुपति आर्यघाटमा गरिनु अघि विशाल जनसमूहद्वारा अन्तिम बिदाइको शवयात्रा गरिएको थियो । त्यसमा लाखौँ नरनारीहरूले घर-घर र चोक-चोकहरूबाट पुष्पार्पण गरेका थिए । अश्रुसिक्त नयन लिएर जननेताको विदाइ गरेका थिए । नेपालका राजनेताहरूमा विश्वेश्वरप्रसाद कोइरालाको जस्तो शवयात्रा आजसम्म कसैको पनि नभएको दाबी जानकारहरूले गरेका छन् ।"[१४] यो पनि कोइरालाको लोकप्रियताको उल्लेख्य पक्ष हो । राजनीति र साहित्यका क्षेत्रमा दिएको योगदान स्वरूप जनताको स्वतः स्फूर्त सम्मान कोइरालाले उक्त शवयात्रामा प्राप्त गरेका हुन् ।

## २.५ विश्वेश्वरप्रसाद कोइरालाको साहित्ययात्रा

नेपालका विशिष्ट राजनैतिक नेता विश्वेश्वरप्रसाद कोइरालाको साहित्य साधना प्रमुख उद्देश्य जस्तो प्रतीत हुँदैन । अर्थात् आधुनिक कथाको प्रथम प्रहरमै सफल मनोवैज्ञानिक कथा लिएर देखापरेका कोइरालाका विचारमा ती कथाहरू त्यसबखत कसैले लेख्ने आँट गर्न नसकेको वा नचाहेका किसिमका हुनाले आफ्ना कथा चर्चित भएका हुन् । तापनि उनी आफूलाई मूलतः राजनैतिक र अंशत कलाकारका रूपमा मात्र स्विकार्दछन् ।[१५]

[१३] ***ऐजन***, पृ. ८ ।

[१४] ***ऐजन***, पृ. ९ ।

[१५] ***ऐजन***, पृ. १० ।

अतः कोइरालाले जे जति कथा उपन्यास लेखे ती मौलिकतापूर्ण तर गौण उद्देश्यअन्तर्गत थिए ।

सन् १९२७ तिर नवौंकक्षाको विद्यार्थी हुँदा आफ्नो सृजन शक्तिको सूत्रपात गर्ने कोइराला ज्यादै रचना सामर्थ्य भएका व्यक्ति देखिन्छन् । करिब १२-१३ वर्ष बालकले लेख्ने आँट गर्नु सम्भव नभएकाले हिम्मत गर्ने, कोइरालामा राजननैतिक प्रभावका अतिरिक्त साहित्य स्रष्टाको पनि पूर्णतः प्रभाव परेका देखिन्छन् । उनी साहित्यका क्षेत्रमा हुने विरुवाको चिल्लो पात भनेझैं घाम जतिकै छर्लङग देखिन्छन् ।[१६]

आफ्नो साहित्य-सृजनको "शैशवकालमा कोइराला हिन्दी साहित्यको कविता विधाबाट पाइलो अगाडि बढाएका देखिन्छन् । हिन्दीबाट कथा, कविता लेख्थे । ती कविता कहानीहरू हिन्दी भाषाको "हंस" "विशाल भारत" र वीणा आदि पत्रिकामा प्रकाशित छन् । तर कोइराला कविता औधी मन पराउँथे । "यद्यपि कविता लेखनबाट सन्तोष नभएर हो वा कविता लेखनबाट व्यक्ति बुझ्न र विचारव्यक्त गर्न अप्ठयारो संझिएर हो कि ? आफ्नो लेखन-शक्तिलाई कथातर्फ विधान्तरण गर्दै मोडेको प्रतीत हुन्छ ।"[१७]

यसरी कथाकार कोइरालाले आफ्नो साहित्यिक जीवनको थालनी हिन्दी कविताबाट गरेको पाइन्छ र त्यसपछि उनले पाइला हिन्दी साहित्यकै कहानीतर्फ चाल्दछन् । प्राथमिककालीन कोइरालाका हिन्दी कहानीहरू "घोसला" र "पथिक" हिन्दीका सर्वश्रेष्ठ कथाकार एवं उपन्यासकार प्रेमचन्दको सम्पादकत्वमा सन् (१९८६) मा प्रकाशित 'हंस' नामक पत्रिकामा छापिएका छन् । त्यसपछि इलाहावादबाट प्रकाशित 'भविष्य पत्रिकामा कैदी" भन्ने जेल जीवनको अनुभवसिक्त कथा प्रकाशित छ । उनका अन्य कथाहरू कलकत्ताको "विशाल भारत" पटनाको "हिमालय" र इन्दिरको "वीणा" मा समेत प्रकाशित छन् ।

कोइरालाको "आफ्नोकथा" कृतिअनुसार राजनैतिक क्षेत्रमा उनलाई आफ्नो परिवार र पितामाथिको राजनैतिक दमनले बालहृदयदेखि नै विद्रोही बनाएको देखिन्छ । समय समयमा

---

[१६] विश्वेश्वरप्रसाद कोइराला, ***पूर्ववत्,*** पृ. १४५ ।

[१७] ***ऐजन,*** पृ. १४५ ।

राजनैतिक नेताहरू र साहित्यकारहरूको सम्पर्कले गर्दा उनी राजनैतिक क्षेत्रमा राजनीतिज्ञहरूबाट प्रभावित भए भने साहित्यकारहरूबाट साहित्यतर्फ प्रेरित हुन पुगे ।"[१८] साहित्यतर्फ आकर्षित गर्ने प्रेरणाका स्रोत शान्तिप्रिय द्विवेदी देखिन्छन् । "उनले कोरेका कविता, कहानीहरू शान्तिप्रिय द्विवेदीले कोठैमा गएर हेर्ने र आफैंले लगेर 'हँस' नामक पत्रिकामा उनको 'वहाँ' 'घोसला' र 'पथिक' प्रकाशित गरी साहित्यतर्फ डोऱ्याएको देखिन्छ । विश्वेश्वरप्रसाद कोइरालाले आफैंले पनि व्यक्त गरेका छन् :- शान्तिप्रिय द्विवेदीले मेरो हात समातेर साहित्यको उद्यानमा घुमाए, त्यहाँका फूलका क्यारीहरूसँग मेरो परिचय गराउँदै आफ्नो समालोचनात्मक विलक्षणताद्वारा तिनको गुण-दोष निरीक्षण गर्दै ।"[१९] शान्तिप्रिय द्विवेदीको सहयोगले तिनताका बनारसका कला समालोचक श्री राय कृष्णदाससँग सम्पर्क भयो । जसले प्रत्येक शहरका साहित्यकारहरूको गोष्ठी प्रत्येक सन्ध्यामा गर्थे । जसको प्रमुखमा थिए जयशंङ्कर 'प्रसाद' । मैथलीशरण गुप्ता जो हिन्दीका विद्वान् थिए, त्यस गोष्ठीमा अतिथिको रूपमा पुग्थे । त्यसैगरी हिन्दीका अर्का नामी साहित्यकार मुन्सी अजमेरीजी पनि बीच बीचमा गोष्ठीमा पुग्थे । "शान्तिप्रिय द्विवेदीको सहयोगले ती दिग्गज साहित्यकारका कुराहरूलाई गोष्ठीको परिधिमा बसेर आधा बुझ्केर, आधा नबुझ्की सुन्थेँ ।"[२०] शान्तिप्रिय द्विवेदी तिनीहरूको सेवासत्कारमा व्यस्त रहन्थे । त्यहाँ कला सम्वन्धी मन्तव्य दिइन्थ्यो । "नयाँ-पुराना ग्रन्थहरूको समीक्षा हुन्थ्यो । यसरी शान्तिप्रिय द्विवेदीको परम सहयोगले र दिग्गज साहित्यकारहरूको सम्पर्क र छलफलमा सहभागी हुन थालेपछि मलाई पनि कलातर्फ आकर्षित गऱ्यो"[२१] यसरी मानिस संगत गुनाको फल भनेझैं शान्तिप्रिय द्विवेदीको प्रेरणा र सहयोग साहित्यकारहरूको छलफल आदिबाट कोइरालालाई हिन्दी साहित्यतर्फ डोऱ्याएको देखिन्छ ।

शान्तिप्रिय द्विवेदीको सहयोगले विश्वेश्वरप्रसाद कोइरालालाई हिन्दी उपन्याससम्राट तथा सम्पादकत्व भूमिका निर्वाह गर्ने प्रेमचन्द, कथाकार र कला-पारखी श्री राय कृष्णदास, स्वदेशी आन्दोलनका जनप्रिय कवि मैथली शरण गुप्ता र जयशङ्कर "प्रसाद" (छायावादी

---

[१८] ***ऐजन,*** पृ. १४७-१५३ ।

[१९] ***ऐजन,*** पृ. १४४ ।

[२०] ***ऐजन,*** पृ. १४४ ।

[२१] ***ऐजन,*** पृ. १४५ ।

कवि) आदिका सङ्गत गर्ने अवसर प्रदान गऱ्यो भने हिन्दी कथा र कविता विधामा कलम चलाउने प्रेरणा जगायो ।"[२२] शान्तिप्रिय अंग्रेजी नजान्ने भएकोले अंग्रेजी कविता हिन्दीमा उल्था गरेर उनलाई सुनाउने हुँदा अंग्रेजी सिक्ने अवसर प्राप्त गरे। साहित्यमा कोइरालालाई सर्व-प्रथम मनोविज्ञानमा रूचि पैदा भएको देखिन्छ र उनी फ्रायडतर्फ पूर्णतः आकर्षित हुन्छन् । विदेशी साहित्यको अध्ययन गर्ने क्रममा टैगोरका कथाहरू जो चार ठेलीमा "गल्पगुच्छ" शरदचन्द्र चटर्जीका उपन्यासहरू र कथाहरू स्त्री-पुरुषको सम्वन्धको सूक्ष्म मनोवैज्ञानिक चित्रणले प्रभावित पारेको देखिन्छ । रूसी साहित्यकार तथा फ्रान्सिस साहित्यकारबाट लेखिएका साहित्यकृतिहरूको बुझ्री नबुझ्री पनि अध्ययन गर्ने बानीले गर्दा विभिन्न कथा उपन्यासहरूका अध्ययन गर्दछन्। विदेशी साहित्यकारहरू मोपाँसा, टाल्सटाय, बर्नाडशा आदिको, भिक्टर ह्यूगो, कोइरालालाई मनपर्ने लेखक हुन् ।"[२३] नेपाली लेखक कविहरूबाट कोइराला त्यति प्रभावित नभए पनि देवकोटा र समलाई उनले खुव मन पराएको पाइन्छ। तर नेपालीमा कथा लेख्ने प्रेरणा भने कोइरालालाई सूर्यविक्रम ज्ञवाली र धरणीधर कोइरालाले दिएको देखिन्छ । हिन्दी, रसियन साहित्यकारहरू र प्रथम मनोविश्लेषणवादी फ्रायडबाट प्रभावित कोइरालालाई तत्कालीन शिक्षक एवम् नेपाली साहित्य सम्मेलनका हर्ता-कर्ता ज्ञवालीले नेपालीमा कथा लेख्न अनुरोध गरेका थिए । कोइरालाले ज्ञवालीको अनुरोधमा काठमाडौँको "शारदा" पत्रिकाका लागि "चन्द्रवदन" नामक कथा लेखेर नेपाली साहित्यको कथा विधामा प्रवेश गरे । जुन नेपाली साहित्यको प्रथम मनोवैज्ञानिक कथाको रूपमा प्रतिष्ठित हुन पुगे। उक्त कथा वि.सं. १९९२ सालमा प्रकाशित भयो र पछि ज्ञवालीकै अनुरोध र सल्लाहमा उनकै सम्पादकत्वमा प्रकाशित पत्रिका "कथाकुसुम"का लागि "बिहा" "शत्रु" र "सिपाही" तीनवटा कथा लेखे । जुन कथाहरू वि.सं. १९९५ मा प्रकाशित भए।

यसरी नेपाली साहित्यमा कलम चोप्न पुगेका कोइरालाले साहित्य सामाजिक वस्तु होइन व्यक्तिको भावना र विचारसँग सम्बन्धित हुन्छ भन्ने कुरा दर्शाउछन् ।[२४] कोइराला आफूलाई मार्क्सवादी भनिए तापनि साहित्यजगत्को प्रचारमूलक राजनैतिक विचार होइन ।

---

[२२] ***ऐजन,*** पृ. १४४-१४५ ।

[२३] ***ऐजन,*** पृ. १४५ ।

[२४] ***ऐजन,*** पृ. १५७ ।

साहित्य विशुद्ध हुनुपर्छ । साहित्यकारको वैचारिक स्वतन्त्रता हुनुपर्छ । कुनै राजनैतिक नारा वा विचार र वादसँग साहित्यकारलाई सीमित घेरामा राख्न खोज्नु हो र राजनैतिक व्यक्तिले साहित्यमाथि गर्न खोजिने खट्न मात्र हो भनी साहित्यको घेरालाई प्रगतिशीलताको नारा दिई धमिल्याउन खोज्ने पलायनवादीहरूको धज्जी उडाएको पाइन्छ ।[२५] "यसैले राजनैतिक कोइराला र कलाकार कोइरालाका प्रेरणा-स्रोत अलग अलग छन् । चोखो राजनीति, राजनैतिक कोइरालाको अभीष्ट हो भने विशुद्ध कलात्मकतामा संवेदनशीलता कोइरालाको प्राण-तत्त्व हो ।"[२६] निखरता कोइरालाको कथा साहित्य उपन्यास र अन्य रचनाहरूबाट छर्लङ्ग देखिन्छ र कोइरालाले 'शारदा' पत्रिकाको लागि पहिलो कथा चन्द्रवदनबाट पाइलो टेकी नेपाली साहित्य जगतमा मनोविश्लेणवादलाई अगाडि बढाएका छन् ।

कथा, उपन्यास, कविता, निबन्ध, समालोचना आदि विधामा कलम चलाएको पाइन्छ । यसरी साहित्यका विभिन्न विधाहरूमा कलम चोपेर सेवा गरे तापनि उनको सफल क्षेत्र भनेको कथा र उपन्यास हो । कथा र उपन्यासमा मनोविश्लेणवादलाई भित्र्याएर मनोविश्लेषणवादी कथाकार तथा उपन्यासकारको रूपमा ख्याति प्राप्तगरी कोइराला प्रथम मनोविश्लेषकका रूपमा अगाडि बढेका छन् । हालसम्म पनि कोइरालाको तुलनामा मनोविश्लेषण गर्न सक्ने साहित्यकारहरू देखा परेका छैनन् ।

## २.५.१ विश्वेश्वरप्रसाद कोइरालाको कथाकार व्यक्तित्व

कथाकार विश्वेश्वरप्रसाद कोइरालालाई विधिवत् रूपमा भित्र्याउने कथा चन्द्रवदन हो र यसको प्रथम प्रकाशन वि.सं. १९९२ साल 'शारदा' पत्रिकामा मार्ग पौष अङ्कमा भएको हो । गुरुप्रसाद मैनालीले बसालेको आधुनिक कथाको जगमा कोइरालाको 'चन्द्रवदन' कथाले नयाँ तला थपेको पाइन्छ । गुरुप्रसाद मैनालीको 'नासो' कथाले त्यति आधुनिकताको पाटोलाई सजाउन सकेको थिएन । कोइरालाले नवीन विषयको प्रवेश गराएर कथा विधालाई नवीन मोडतिर डोऱ्याएको पाइन्छ । आधुनिक कथामा यौनमनोविज्ञानको प्रवेश चन्द्रवदनकै माध्यमबाट भएको हो । तसर्थ यस कथाको दृष्टिबाट नियाल्दा कथाकार कोइराला

---

[२५] ***ऐजन,*** पृ. १५१

[२६] भूपति ढकाल 'कमल', **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण,** (काठमाडौं : ए.वि.सी. प्रकाशन २०६०), पृ. १-५ ।

यौनमनोवैज्ञानिक कथाकार हुन् । मैनालीले रोपेको आधुनिक कथाको वाटिकामा कोइरालाले नयाँ रंगीन कुसुमकली फुलाउने काम गरेको देखिन्छ ।[२७]

कथाकार कोइरालाका दुई कथा सङ्ग्रहहरू प्रकाशित भएका छन् । जसमा दोषीचस्मा (२००६) र श्वेतभैरवी कथासङ्ग्रह (२०३९) हुन् । यी दुबै कथा सङ्ग्रहभित्रका कथाहरूमा कोइरालाले फ्रायडीय मनोविज्ञानका सूक्ष्मातिसूक्ष्म सिद्धान्तद्वारा मानवीय मनलाई खोतल खातल गरेका छन् । फ्रायडीय सिद्धान्तलाई संस्कृति सापेक्ष स्विकार्ने कथा जगत्मा नवीन कार्य यिनबाट भएको हो । एक कथाकारका हैसियतले सैद्धान्तिक मनोविज्ञानभन्दा मनोवैज्ञानिक साहित्यसिद्धान्तका मूलभूत मान्यतालाई नेपालीसमाज, परम्परा र संस्कृतिका सापेक्षतामा कलात्मक अभिव्यक्ति प्रदान गर्ने कथाकार कोइरालाको प्रमुख वैशिष्ट्य देखिन्छ । सैद्धान्तिक मनोविज्ञान र मनोवैज्ञानिक साहित्यका मान्यताहरूको प्रेरणा र सामन्यीकरणबाट निर्मित आफ्नो मनोवैज्ञानिक दृष्टिद्वारा पात्रका चरित्रको आत्म-विश्लेषणलाई भन्दा निरपेक्ष विश्लेषणलाई यिनले बढी महत्व दिएका छन् । विविध मानसिक कार्यपद्धतिका माध्यमबाट पात्रका अर्न्तमनोव्यथाको रहस्योद्घाटन गर्ने काम यिनका कथामा भएको छ । कोइरालाका कथामा पाइने “यही मनोवैज्ञानिक आधारलाई यिनको मौलिक वैशिष्ट्य मानिन्छ ।”[२८] उनका कथाहरू यौन र यौनेतर दुबै विषयमा रचिएका छन् । दुवै विषयमा रचिएका कथाहरूलाई रोचक र आकर्षक तुल्याउन उनी कति पनि पछि परेका छैनन् । छोटा र सरल वाक्यहरूका माध्यमबाट वैचित्र्य भर्नु अर्को कथात्मक विशेषता हो । वि.सं. १९८७ बाट आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेर २०३९ सालमा विश्राम लिएका कोइराला मूलतः रूसी कथाकारहरू आन्तोभ चेखभ, तुर्गेनेभ फ्रान्सका मोपांसा अनि अंग्रेजी साहित्यका डी.एच. लरेन्सबाट बढी प्रभावित भएको देखिन्छ । उनका कथाहरूमा प्रत्यक्ष र अप्रत्यक्ष रूपबाट विभिन्न व्यक्तिहरूको प्रभाव परे तापनि तिनमा आफ्नो मौलिकता प्रदान गरेर आधुनिक नेपाली कथा विधामा नयाँ विषय र नयाँ धाराको तला थपेर नेपालीका श्रेष्ठ कथाकार बन्न सफल भएका छन् ।[२९]

---

[२७] कृष्णप्रसाद दाहाल, ***पूर्ववत्,*** पृ. १० ।

[२८] भूपति ढकाल ‘कमल’, ***पूर्ववत्,*** पृ. १५ ।

[२९] ***ऐजन, पूर्ववत्,*** पृ. ६१ ।

## २.५.२ विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासकार व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक प्रारम्भ विन्दु कथाकार व्यक्तित्व हो भने उत्तरार्द्ध विन्दु उपन्यास व्यक्तित्व हो । वि.सं. २०१७ सालको राजनीतिक परिवर्तनपछि उनलाई उनको प्रधानमन्त्रीत्वमा गठित मन्त्रीमण्डल समेत भंग गरी सुन्दरीजल बन्दीगृहमा लगभग नौ वर्ष, २०२५ सालसम्म कारावास सजाय हुन्छ । यसै समयले उनलाई स्वतन्त्र जीवनबाट बन्दी बनाए पनि उपन्यासकारको रूपमा जन्माउँदछ । यस नौ वर्षको कारावास जीवनमा उनले पाँचवटा उपन्यास तयार पारेका छन् । ती उपन्यासहरूमा तीनघुम्ती, नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन र बाबु, आमा र छोरा हुन् । उनले रचना गरेका उपन्यासहरूको प्रकाशन भने पछि मात्र हुन सके । ती उपन्यासहरूका प्रकाशन यस प्रकार भएका छन् - तीनघुम्ती (२०२५), नरेन्द्रदाइ (२०२६), सुम्निमा (२०२७) र मोदिआइन ( २०३६) हुन् । हिटलर र यहूदी (२०४०), बाबु, आमा र छोरा (२०४५) मा प्रकाशित भएका हुन् ।[३०] उनले यी ६ वटा उपन्यासहरूमा विशेष गरेर अस्तित्ववादी, नियतिवादी र मानवतावादी विषयहरूको प्रतिष्ठापन गरेका छन् । आफ्ना उपन्यासका बारेमा कोइरालाले आफ्नो विचार यसरी व्यक्त गरेका छन् : "मेरो उपन्यासमा कुनै कथा वा दृष्टि नहुने भन्ने कुरै छैन । मेरो उपन्यासले मानव चेतनाको समग्रतालाई छुने गरेका छन् । मेरा पात्रहरू उदासीन नभई आत्म विश्वासमा बाँच्ने गर्दछन् । एक पात्र अर्को पात्रसँग वा पात्रको आफैसँग अन्तर्द्वन्द्व भएकोले मेरा पात्र यथार्थ र जीवन्त छन् ।[३१] मैले कथा लेख्न सुरु गरेदेखि नै मनोविश्लेषण प्रयोग गर्दै आएको छु । उपन्यासमा पनि मनोविश्लेषण प्रयोग गर्दै आएको छु । उपन्यासमा फ्रायडीय मनोविश्लेषणभन्दा अघिबढेर अस्तित्व, नैतिक, नियति तथा मानवतावादलाई अँगाल्न पुगेको छु । प्राकृतिक चाह र नैतिकताको द्वन्द्वमा म ज्यादै संवेदनशील छु ।"[३२] फ्रायडीय मनोविश्लेषणलाई अँगालेर कथा लेखनमा प्रवृत्त भएका कोइरालाले उपन्यासमा मानवजीवनलाई मनोविश्लेषणका साथै विभिन्न दर्शन र कोणबाट हेरेका छन् । सिङ्गो मान्छेका जीवनलाई प्रत्यक्ष र परोक्ष रूपबाट प्रभावित पारिरहने दर्शनका विभिन्न पाटाहरूको सूक्ष्मातिसूक्ष्म ढङ्गबाट अध्ययन र विश्लेषण गर्ने कार्य उपन्यासमा

---

[३०] ***ऐजन,*** पृ. ६३ ।

[३१] कृष्णप्रसाद दाहाल, ***पूर्ववत्,*** पृ. ११ ।

[३२] ***ऐजन*** ।

गरिएको छ । कथामा मान्छेको जीवनको अन्तरखोज गर्ने कोइराला उपन्यासमा गएर समग्र मान्छेको जीवन भोगाई, उसका बिचार, बानी, व्यवहार एवम् मानवीय प्रकृतिबाट दैवी' र आसुरी प्रकृतितिर उन्मुख रहन खोज्ने क्रियाकलापहरूको आकलनतिर प्रवृत्त रहेको पाइन्छ । खासगरेर परम्परागत सामाजिक मान्यताहरूलाई समाप्त गरेर आर्य-अनार्यबीच मानवीय सम्बन्ध स्थापित गर्नु र मानवीय भावनालाई ससम्मान विश्लेषण गर्नु उपन्यासकार कोइरालाका विषयवस्तु हुन् ।[३३] यसलाई कलात्मक उच्चता प्रदान गर्न द्वन्द्वविधानको संयोजन गरिएको देखिन्छ ।

## २.५.३ विश्वेश्वरप्रसाद कोइरालाको निबन्धकार व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइरालाले कथा र उपन्यासपछि कलम चलाएको विधा निबन्ध पनि हो । आत्मपरक शैलीका माध्यमबाट उनले निबन्ध र प्रवन्धको निर्माण गरेका छन् । आफूले जीवनमा देखेका, भोगेका र अनभूति गरेका कुराहरूलाई कलात्मक ढंगबाट सजाएका छन् । कतै वौद्धिक सम्पन्नताको शैलीद्वारा त कतै भावनाका तरेलीद्वारा निवन्धहरू निर्माण गरेका छन् । जीवन र जगत्को वास्तविकताभन्दा अलिकति पनि पर नगई रचिएका निबन्धहरूले उनको व्यक्तित्वको आयामलाई फराकिलो पारिदिएको ज्ञात हुन्छ ।[३४]

निबन्ध भनेको व्यक्तिले आफ्नो जीवनभोगाइका क्रम प्रस्तुत गरेको अभिलेख हो । व्यक्तिले आफूलाई जहाँ जस्तो रूपमा प्रस्तुत गर्दै जान्छ त्यो नै एउटा निबन्धको रूपमा खडा हुने गर्दछ । कोइरालाका निबन्धहरू यी मान्यतामा आधारित छन् । उनले निबन्धमा कोरा कल्पना र भावात्मक कुरा छाँटेको छैन् । आफ्नो आत्माले अनुभूत गरेका कुराहरूलाई जस्ताको तस्तै उतार्ने काम गरेका छन् । उनले आफ्ना निबन्धहरूमा आफूलाई निरपेक्ष नगराई सापेक्ष रूपमा प्रस्तुत गराएका छन् । उनका निबन्धहरूमा आफ्ना जीवनमा अनुभूत गरेका साहित्यिक र राजनैतिक जीवन भोगाइहरूलाई पुस्तकाकार रूपमा उतारेका छन् । उनका निबन्ध कृतिहरू यसप्रकार छन् : आफ्नो कथा (२०४०), जेलजर्नल (२०५४), आत्मवृत्तान्त (२०५५) यी कृतिहरूका अतिरिक्त फुटकर निबन्धहरू प्रकाशित भएका छन् ।

---

[३३] ***ऐजन*** ।

[३४] ***ऐजन***, पृ. १२ ।

उनका निबन्धहरूलाई (१) जीवनी साहित्य निबन्ध (२) जेलसाहित्य निबन्ध (३) पत्रसाहित्य निबन्ध गरी वर्गीकरण गर्न सकिन्छ ।

जीवनी साहित्य निबन्धअन्तर्गत आफ्नो कथा र आत्मवृत्तान्तलाई लिन सकिन्छ भने जेल साहित्यअन्तर्गत जेल जर्नल (कारागार दिनपञ्जी) र पत्र साहित्यअन्तर्गत कोइरालाले लेखेका शैलजा, रोषा, तारिणीप्रसाद कोइराला र राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरका नेताहरूलाई लेखेका पत्रहरूलाई पत्रसाहित्य निबन्धको रूपमा लिन सकिन्छ । अनुभूतिजन्य निबन्धहरूमा 'कला, कलाको दायित्व र मानवजीवन, साहित्यमा प्रगतिशीलता, धर्म, ईश्वर र नियतिजस्ता निबन्धहरूलाई राख्न सकिन्छ । आफ्ना निबन्धमा कलात्मक सन्धान गर्न निबन्धकार कोइराला पछि परेका छैनन् । यही विशेषताले निबन्धकार कोइरालालाई कुशल निबन्धकारको रूपमा लिन सकिन्छ ।

## २.५.४ विश्वेश्वरप्रसाद कोइरालाको कवि व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइरालाले आफूलाई साहित्यको वाटिकामा सर्वप्रथम हिन्दी भाषामा र विधाको रूपमा अध्ययन गर्दा कविताबाट प्रारम्भ गरेको पाइन्छ । पछि मानवीय मन र विचारलाई काव्यबाट अभिव्यक्त गर्न अप्ठेरो भएर हो कि काव्यको पाइलोलाई बिस्तारै कहानीमा प्रवृत्त गराउँदै लगेको पाइन्छ । हिन्दी र नेपाली भाषालाई समानुपातिक रूपमा महत्त्व दिँदै दुवै भाषामा कविता रचना गरेका छन् । उनले दुवै भाषामा गरी १५-२० वटासम्म कविता रचना गरेका छन् र प्रकाशित पनि भएका छन् । उनका अहिलेसम्म प्राप्त भएका प्रकाशित कविताहरू: वसन्तमा, बगरको घोचो, टाढाको कल्पना, पोखरा, कोसी-कौशिकी, छोरी र छायाँ, वर्षाले पोतेको दृश्य, बाँदल गोल-गोल, कोमल-कोमल, बारीको कुरो, विष्टा पुष्प, नखिचिएको तस्विर सुन्दर, एक सन्धि एक सम्झौता, बम्बई के प्रति ।" यी सबै गद्यकविताहरू हुन् । कवि कोइरालाले यी कविताहरूमा प्रकृतिलाई नजिकबाट छामेर प्रकृति र मान्छेको सम्वन्धलाई प्रस्ट्याउने प्रयत्न गरेका छन् । कतै कतै प्रकृतिलाई मानवीकरण गरेर प्राकृतिक सौन्दर्यको मुक्त कण्ठले प्रशंसा गरेका छन् ।

विश्वेश्वरप्रसाद कोइराला राजनीतिज्ञ हुँदाहुँदै पनि आफ्ना कविताहरूमा अलिकति पनि राजनीतिको गन्ध पारेका छैनन् । "उनले आफ्ना कविताहरू प्रतीकात्मकता,

दार्शनिकता, इच्छा, आश्वासन र कलात्मकताको गुणले सम्पन्न पारेका छन् । यही उनको कवितात्मक निजी विशेषता भन्न सकिन्छ ।"[३५]

## २.५.५ विश्वेश्वरप्रसाद कोइरालाको समालोचक व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइरालाले कथा र उपन्यासमा जति फराकिलो क्षेत्र विस्तार गर्न सकेका छन् । त्यति समालोचनाको क्षेत्रलाई योगदान दिन सकेको पाइँदैन जे जति लेखेका छन् त्यतिको चुरो समातेर विश्लेषण गर्न सफल भएका छन् । उनी आफूलाई पनि समालोचक मानेका छैनन् । "विश्वदीप" पत्रिकालाई वि.सं. २०३७ साल फागुन १२ गते दिएको अन्तर्वार्तामा उक्त कुरा बताएका छन् । समालोचक हुनलाई पर्याप्त ज्ञान र सीप हुनुपर्दछ । समालोचक भनेका साहित्यका राजहंस हुन् । म आफू समालोचक नभएकाले आफ्ना रचनाका बारेमा आधिकारिक रूपले केही भन्न सक्दिन । "क्षमा गर्नुहोला समालोचना लेख्ने ध्येय नबनाउँदा नबनाउँदै अथवा आफूलाई समालोचक होइन भन्दाभन्दै पनि केही समालोचनाहरू लेखन गरेको पाइन्छ ।"[३६] "उनको समालोचक व्यक्तित्व दुई किसिमले विकसित भएको पाइन्छ । १) स्वसिर्जनात्मक व्यक्तित्व २) परसिर्जनात्मक समालोचक व्यक्तित्व । यी दुवै किसिमका समालोचक व्यक्तित्वबाट उनले आफूलाई प्रस्तुत गरेका छन् । स्वसिर्जनात्मक समालोचनाका माध्यमबाट आफ्ना केही कथा र उपन्यासहरूको गहकिलो मूल्याङ्कन प्रस्तुत गरेका छन् भने परसिर्जनात्मक समालोचनाद्वारा केही नेपाली स्रष्टाका कृतित्वमाथि आफ्ना विचार प्रस्तुत गरेका छन् ।"[३७]

हिन्दीभाषाबाट साहित्य प्रारम्भ गरी नेपाली साहित्यको फाँटमा विश्राम लिन पुगेका विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यको विभिन्न विधामा विभिन्न विधागत विशेषता बोकेर समग्र विधामा सफल तथा कुशलता प्राप्त गर्न सकेका छन् । कविता विधा उनको श्रीगणेशको पाटो हो भने कहानी तथा कथामा यौनमनोविज्ञानको प्रवेश गराएर कथा विधालाई नवीन मोडमा डोऱ्याउन सफल भएका छन् । त्यसैगरी उपन्यास क्षेत्रमा पनि उतिकै ख्याति कमाउन सफल भएका छन् । फ्रायडीय मनोविश्लेषण शैलीबाट प्रभावित

---

[३५] ***ऐजन,*** पृ. १२ ।

[३६] ***ऐजन,*** पृ. १३ ।

[३७] ***पूर्ववत्,*** पृ. १३ ।

कोइराला नेपाली उपन्यास क्षेत्रमा पनि मनोविश्लेषणको प्रवेश गराएर मानवीय मनका कुराहरू खोतल-खातल गरी मानवतावादी, नियतिवादी अस्तित्ववादी, योगवादी, भोगवादी प्रवृत्ति तथा भौतिकवाद र अध्यात्मवादको समेत उपन्यासमा विश्लेषण गरी मानव जीवनको अति आवश्यकताको विषय समेत पहिचान गरी देखाउन सफल भएका छन् । निबन्ध, कविता र समालोचनामा समेत आफ्नो वैशिष्ट्य प्रस्तुत गरी सफल साहित्यकारको दर्जा प्राप्त गर्न सफल भएका छन् । नेपाली साहित्य जगत्‌लाई उर्वर बनाउन उनले महत्त्वपूर्ण भूमिका निर्वाह रहेको पाइन्छ ।

## २.६ विश्वेश्वरप्रसाद कोइरालाको राजनीतिक व्यक्तित्व

साहित्यमा विश्वेश्वरप्रसाद कोइराला र राजनीतिमा वि.पी. कोइराला नामले परिचित महामानव विश्वेश्वरप्रसाद कोइरालाले नेपाली काँग्रेस जस्तो लोकतान्त्रिक र इतिहास बोकेको पार्टीको स्थापना, सांगठानिक विस्तार र वैचारिक स्पष्टताका लागि उत्तिकै महत्त्वपूर्ण भूमिका खेलेका छन् । “सुरूमा कम्युनिष्ट विचार धाराबाट प्रभावित वि.प्र. कोइराला लोकतान्त्रिक पद्धति भएन भने जनविरोधी हुन्छ भन्नेमा प्रस्ट हुँदै साम्यवादमा लोकतन्त्र थपिदिए समाजवाद हुन्छ भनेर वैचारिक प्रस्तुतिका साथै सैद्धान्तिक रूपमा राजनैतिक पार्टीलाई अघि बढाए ।”[३८] समाजवादको मर्म र विशेषतालाई विश्लेषण गर्दै गए । विकास र समानताको समायोजन भएन भने समानता गरिबीको वितरण मात्र हुन्छ भन्ने कुरामा प्रस्ट हुनुहुन्थ्यो । त्यसैले समानताका साथै विकासका कुरालाई जोडेर सैद्धान्तिक र व्यावहारिक रूपमा उनले ती कुरालाई जनतासामू प्रयोग गर्दै गए । कोइरालाले “राजनीतिज्ञको आँखा र कान जहिले पनि खुल्ला राख्नुपर्दछ ।”[३९] “राजनीतिलाई धर्म संस्कार होइन, वैज्ञानिक रूपले हेर्नुपर्दछ भनेर उनी आफूलाई भौतिकवादी स्विकार्नु हुन्छ ।”[४०] नयाँ विचार र नयाँ मान्यताको प्रयोगमा दूरदर्शी रूपमा विचार पुऱ्याउनुपर्छ भन्ने उनको मान्यता थियो ।[४१] जसरी औषधी विज्ञानले नयाँ प्रकारको बढी फाइदाजनक औषधी उत्पादन गरेमा ती नयाँ औषधीको खुशीसाथ सबैले त्यो औषधी प्रयोग गर्दछन् र पुरानो र कम फाइदाजनक

---

[३८] शोभाकर पराजुली, **लोकतन्त्र र समाजवाद**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६६), पृ. १९८ ।

[३९] ***ऐजन*** ।

[४०] ***ऐजन*** ।

[४१] ***ऐजन*** ।

औषधीलाई सजिलैसँग सबैले छोड्छन् । त्यसैगरी विज्ञान वा राजनीतिक क्षेत्रमा पनि नयाँ अनुसन्धान नयाँ मान्यता र सिद्धान्तहरू जनहित छन् भने पुरानोलाई आफसे आफ छोड्न वाध्य हुन्छ र नयाँ नयाँ मान्यता र जनहितको कुराहरूको खोजी गर्दछौं भन्ने कुरा प्रस्ट्याएको पाइन्छ ।[४२]

## २.६.१ विश्वेश्वरप्रसाद कोइरालाको राजनैतिक यात्रा

पिता कृष्णप्रसाद कोइरालाको प्रजातान्त्रिक सोच र उदारवादी विचारले गर्दा राणा शासन कालमा त्यो पाच्य भएन र आफ्नो देश छोडेर निर्वासिनु परेको थियो । यसैले उनको जन्म बनारसमै भयो र शिक्षा दीक्षा पनि भारतको बनारसमै एम.ए. सम्म अध्ययन गरे । आइ.ए. सम्मको अध्ययन क्रममा नै उनको परिवारमा राणाशासनको दमनले गर्दा उनी राजनीतिक क्षेत्रमा आकर्षित हुँदै गए । भारतमा रहँदा पनि पिता कृष्णप्रसादको राजनीतिक कदम जारी नै रह्यो । जवाहरलाल नेहरू र गान्धीजस्ता प्रजातन्त्रवादी नेताहरूसँगको सहवासले गर्दा राजनीतिक चेतना झन् मौलाउन सहयोग मिल्यो । मित्रराष्ट्रहरू पनि प्रजातन्त्र रक्षा र जातीय आत्मनिर्णयको सर्वोपरि स्थानको लागि आन्दोलन चलिरहेको थियो । तात्कालीन समयमा भारतमा पनि ब्रिटिस सरकारले पनि फौजी कारवाही गरेर सयकडौं नरनारीहरूको नृशंश हत्या गरेकोले सरकारको विरोधमा हिन्दुस्तानमा कुना-कुनामा चेतना फैलाउने काम भैरहेको थियो । एउटा अभूतपूर्व भावनाले भारत रहेको थियो । प्रकम्पित भै जसलाई सक्रियताको दिशा प्रदान गरेर जनशक्तिलाई संगठित पार्न गान्धीजीले जनआन्दोलनको नारा दिए । भारतको स्वतन्त्रताको लागि सन् १९२०-२१ सम्म जुन आन्दोलन शुरू गरे । त्यस आन्दोलनको नारा असहयोग आन्दोलन थियो । जसको फलस्वरूप कर्मचारीहरूले आफ्नो कार्य गर्न छोडे, प्रजाहरूले सरकारको कुनै पनि कार्यमा सहयोग गर्न छोडे । वकीलहरूले वकालत गर्न छोडे । यसरी गान्धीको असहयोग आन्दोलनले “हाम्रो परिवारलाई यसरी प्रभाव पाऱ्यो कि पिताजी, भान्दाइहरू आफ्नो समाज र क्षेत्रमा त्यसका उपनेताका रूपमा भूमिका निभाउनु भएको थियो ।”[४३] यस अवस्थामा पिता कृष्णप्रसाद कोइरालाका सामु दुईवटा जिम्मेवारी थिए एक पक्षमा नेपालमा राजनीतिक

---

[४२] ***ऐजन*** ।

[४३] विश्वेश्वरप्रसाद कोइराला, ***पूर्ववत्,*** पृ. ७३ ।

चेतना फैलाउने उत्तरदायित्व र अर्को पक्ष भनेको हिन्दुस्तानको असहयोग आन्दोलनलाई सहयोग गर्ने, यसरी प्रवासी जीवनमा पनि राजनीतिक क्षेत्रमा व्यस्त पारिवारिक वातावरणले गर्दा वि.प्र. को बालहृदयदेखि नै राजनैतिक चेतनाले जरो गाडी सकेको थियो ।[४४] हिन्दुस्तानबाट पिता कृष्णप्रसादले "गोर्खाली" र "जन्मभूमि" को प्रकाशन गरी महत्त्वपूर्ण कामको थालनी गरे ।[४५] जुन कार्यले गर्दा छरिएर रहेका नेपाली युवकहरू एकत्रित गर्न ठूलो सहयोग भयो । जसको उद्देश्य नेपालमा सामाजिक सुधार र प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्नु थियो ।[४६] त्यस समाजको नेतृत्व पिता कृष्णप्रसाद कोइराला र देवीप्रसाद सापकोटाले गरेको थियो । यसरी हिन्दुस्तान रहेर पनि नेपालको स्वतन्त्रताको लागि निरन्तर प्रयास जारी राखेका थिए । चन्द्रशमशेरको मृत्युपछि मात्र कोइराला परिवारको स्वदेश प्रत्यागमन भयो ।[४७]

हिन्दुस्तानमा जन्मेर हुर्केर नेपाल प्रत्यागमनपछि जननायक वि.प्र. कोइरालाको सक्रियतामा वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय काँग्रेसको गठन भयो । वि.सं. २००६ सालमा नेपाली राष्ट्रिय काँग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसकाबीच एकीकरण भएपछि नेपाली काँग्रसको नामबाट संगठित र संचालित पार्टीले सशस्त्र आन्दोलनद्वारा राणाशासनको जरो उखेल्यो र वि.सं. २००७ सालमा लोकतन्त्र स्थापना भयो । लोकतन्त्रको रक्षार्थ छलफल, वादविवादको परिणाम स्वरूप २०१५ मा संविधान जारी भयो र संसद्को निर्वाचन २०१६ सालमा भयो ।

असङ्ख्य सहिदहरूको रगतले सिञ्चित नेपाली जनताको स्नेह एवं विश्वासले घोषित क्रान्तिकारी पार्टीका नेताको हैसियतले २०१६ साल जेष्ठ १३ गते प्रथम आमनिर्वाचनमा विजयी भएर प्रथम प्रधानमन्त्री बन्ने अवसर प्राप्त भयो ।[४८] जनहित काम गर्दा गर्दै २०१७ साल पुष १ गते नेपाल तरुणदलको सम्मेलनमा उद्घाटन भाषण सकी आफ्नो आसनमा बसेका बेला राजा महेन्द्रबाट 'कू' गरी बहालवाला प्रधानमन्त्री र उहाँको मन्त्रीमण्डल समेत

---

[४४] ***ऐजन***, पृ. ७२-७३ ।

[४५] ***ऐजन***, पृ. १५७ ।

[४६] ***ऐजन***, पृ. ६७ ।

[४७] ***ऐजन***, पृ. ७७-११२ ।

[४८] शोभाकर पराजुली, ***पूर्ववत्***, पृ. १९०-१९१ ।

भंग गरी गिरफ्तार गरियो । लगातार करिब ९ वर्ष सुन्दरीजल बन्दीगृहमा कारावासी जीवन बिताउनुपर्‍यो । त्यही ९ वर्षको कारावासमा जीवन बाहिरी वातावरणबाट बन्दी बनाइए पनि उनको भित्री मस्तिष्कको ढोकालाई कसैले बन्द गर्न सकेन ।[४९] साहित्य सिर्जना कहिले पनि रोकिएन साहित्यिक क्षेत्र उपलब्धिमूलक नै रह्यो । कारावास जीवनमा पनि उनले आफ्नो नियमित कार्यलाई कहिल्यै भुलेन । अध्ययन, अभ्यास, खेलकूद उनको दिनचर्या नै बनेको थियो । पत्रपत्रिका समाचार उनको चासोको विषय नै बनेको थियो । यसरी सुन्दरीजलबन्दी गृहको करिब ९ वर्षको कारावास जीवनबाट राजनीतिक रूपमा मात्र होइन साहित्यिक पाटोबाट थप प्रचारमा आउन सफल भए । राजनीतिज्ञ वि.पी. को नामले ख्याति कमाएका वि.प्र. जेल जीवनबाट छुटेपछि उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको नामबाट थप चर्चामा आउन सफल भए । त्यसैले प्रतिभावान् र सक्षम व्यक्तिलाई बन्दी बनाउनु सूर्यलाई हत्केलाले छेक्नु हो भन्ने कुरालाई छर्लङ्ग पारेको छ । जेलबाट छुटेपछि पनि उनी स्वतन्त्र रूपमा आफ्नो भूमिमा बाँच्न पाउने अवस्था भएन फेरि भारतमा निर्वासित जीवन विताउनु पर्‍यो भारतमा करिव ८ वर्ष निर्वासित जीवनपछि राष्ट्रिय मेलमिलापको नीति लिएर २०३३ साल पुस १६ गते स्वदेश प्रत्यागमन भयो । भारतको प्रवास जीवनपछि पुन त्यही दिन सुन्दरीजल बन्दीगृहमा बन्दी बनायो । उनलाई हवाइ अपहरण समेतको ७ वटा मुद्दाको अभियोग लगाई तानाशाही सरकारले उनलाई मृत्युदण्ड हुन सक्ने अवस्थाको सिर्जना गरे । तर वि.प्र.को राष्ट्रिय मेल मिलापको नीति कहिल्यै सेलाएन किन भने निर्वासित जीवनमा उनले धेरै लोकतान्त्रिक राष्ट्रहरूको भ्रमण गरिसकेका थिए ।[५०] जतिबेला नेपालमा राष्ट्रिय मेल मिलापको अभियान चलिरहेको थियो । पाकिस्तानमा पनि त्यहाँका नेता जुल्फिकर अलि भुट्टोलाई जिया उल हकको सैनिक शासनले मृत्यु दण्डको सजाय दियो । त्यस कदमको विरुद्धमा पाकिस्तानी राजदूतावासमा ज्ञापनपत्र दिन र विरोध जनाउन गएका विद्यार्थी समूहमाथि प्रहरीबाट भएको ज्यादतिबाट आन्दोलनको सूत्रपात भयो । त्यस परिवेश र राष्ट्रिय मेलमिलापको परिणाम स्वरूप देशमा पंचायती तानाशाही व्यवस्था राख्ने कि वहुदलीय लोकतान्त्रिक व्यवस्था ल्याउने भन्ने विषयमा देश अगाडि बढ्यो ।[५१] यसको फलस्वरूप २०३६ सालमा जनमत सङ्ग्रहको घोषणा भयो । जनतामा पंचायती व्यवस्थाको

[४९] ***ऐजन,*** पृ. १९२ ।

[५०] ***ऐजन,*** पृ. १९३ ।

[५१] ***ऐजन*** ।

विकल्प नै छैन भन्ने भ्रमपूर्ण अवस्थामा यस घोषणाले लोकतान्त्रिक सिद्धान्त संचार र उत्साहको लागि कोसेढुङ्गा नै सावित भएको थियो तर त्यतिबेला राजा पनि तानाशाही थिए भने कम्युनिष्टहरूमा लोकतान्त्रिक सोचले प्रभाव पार्न सकेको थिएन । त्यसको फलस्वरूप तानाशाही पंचायती व्यवस्थालाई नै सर्वस्वीकार्य गर्ने कार्य भयो । वि.प्र. त्यति हुँदा पनि आफ्नो लोकतान्त्रिक सोचबाट कहिल्यै विचलित भएनन् । लोकतान्त्रिक, नायक महामानव वि.प्र. कोइरालाको विचारले निरन्तरता पाए तर आफ्नो जीवनकालमा पूर्ण हुन पाएन ।[५२]

## २.६.२ विश्वेश्वरप्रसाद कोइरालाका भनाइहरू

- "समाजको एउटा मुख्य लक्ष्य छ, जसले यस महान् आन्दोलनलाई प्रेरणा दिन्छ :- त्यो हो समानता, समानता भन्नाले जनतालाई राजनीति र आर्थिक समानता",

- लोकतन्त्र बडो सन्तुलित, विरोधीहरूको पनि कुरा सुन्ने, सहनशील, सुन्ने मात्र होइन, विरोधीहरूले ठीक भनेको छ भने त्यसलाई स्विकार्ने पद्धति हो ।

- गाउँ र गरिब जनतालाई बेबास्ता गरेर गरिएको विकास वास्तवमा विकास नै होइन ।

- समाजवादका दुई पाटा छन्: १) राजनैतिक रूपमा प्रजातन्त्र २) आर्थिक क्षेत्रमा गरिब जनतालाई न्याय दिने खालको विकास । यी पक्षबिना गरिबी उन्मूलन गर्दछु भन्नु र राजनैतिक स्वतन्त्रता ल्याउँछु भन्नु असम्भव कथा हाल्नु हो ।

- जनता क्रान्तिको बाटोमा त्यसस्थितिमा मात्र लाग्न सक्दछ जब शान्तिपूर्ण र वैधानिक बाटो उसलाई उपलब्ध हुँदैन ।

- म गाउँको समृद्धिमा बढी जोड दिन्छु । म गाउँमा नहर, पानी, स्वास्थ्य, शिक्षा, आवास र साँस्कृतिक समस्याहरूलाई सर्वाधिक महत्त्व दिन्छु । ग्रामीण क्षेत्रमा बाटोघाटो निर्माणमा मेरो अधिक ध्यान रहन्छ । म गाउँको बेरोजगारीलाई हटाउन चाहन्छु ।

- मलाई नेपाली नागरिकमाथि विश्वास छ । राजनीतिमा लाग्ने थिइन, नागरिकमाथि विश्वास नभएको भए यो देशको तकदिरमाथि मलाई यत्रो

---

[५२] ***ऐजन*** ।

विश्वास नभएको भए, म दश वर्ष जेलमा बस्दा, फासीको फन्दाको नगिच पुग्दासम्म बाँचिरहने थिइन् ।

- जनतालाई विकास कार्यका लागि उत्प्रेरित गर्ने राजनैतिक संस्थाहरूमध्ये एक मौलिक अधिकारको प्रत्याभूति हो ।

- म विश्व संस्कृतिमा विश्वास गर्छु ।

- माटोले मानिसलाई यथार्थवादी वनाउँदछ र जलले भाववादी, अनि मान्छे कहिले नसिद्धिने कौतुहलको विषय बन्न जान्छ ।

- राष्ट्रिय छलफलको अभावमा राष्ट्रको आँखा अगाडि स्पष्ट रूपमा राष्ट्रिय समस्या पर्न पाउँदैनन् र गति अवरुद्ध हुन्छ ।

- हामो विरोध कटुताहीन र सैद्धान्तिक हुनुपर्दछ ।

- मैले साहित्यमा हात हाल्नुको उद्देश्य व्यक्तिलाई निहार्नु र वैयक्तिक धारणा वा विचारलाई साहित्यका माध्यमबाट व्यक्त गर्नु थियो ।

- यदि तपाई विदेशीहरूबाट संचालित हुनुहुन्न देश सेवाको भावनाले ओतप्रोत हुनुहुन्छ भने म दुईवटा कुरा भन्दछु । नेपालको माटोलाई बोक्नुहोस र छुनुहोस् त्यो माटोले जे भन्दछ त्यही तपाईको लागि जवाफ हो । जे जवाफ दिन्छ, त्यही गर्नुहोस् । नाङ्गा पैताला, झुत्रा लुगा लगाएकाहरूलाई सोध्नुहोस् । नेपाली नागरिकहरूलाई सोध्नुहोस्, जे जवाफ पाउनुहुन्छ, त्यही गर्नुहोस्, त्यही तपाईको कर्तव्य हो ।

- मेरो कुनै पनि कार्यले या नेपाली काँग्रेसको कारवाहीले नेपालको राष्ट्रियता या सार्वभौमिकतामा खलल पार्ने काम भएको छैन । म एक प्रजातन्त्रवादी हुँ र राष्ट्रवादी हुँ ।

- जनअधिकारको अपहरणले राजनीतिमा दमन र अर्थतन्त्रमा शोषणको रूप लिन्छ । म यी दुवै कुराको विरोधमा छु ।

- प्रगतिशीलले अगर आफूमा प्रजातान्त्रिक गुण गाभ्दैन भने म त्यसलाई प्रजातान्त्रिक मान्दिनँ ।

- हामीहरूको जस्तो अवस्थामा विदेशी सहायताले विकासको प्रक्रियालाई मद्दत गर्नुको साटो एउटा वर्ग मात्र सृजना गर्दछ, जसको सम्पन्नताको देश

आर्थिक अवस्थासित कुनै सम्बन्ध छैन सम्पन्नता केबल विदेशी सहायतालाई आफ्नो खल्तीमा हाल्ने, भ्रष्टाचार गर्ने या, अवैध-व्यापार गर्ने जस्ता कुराहरूमा आधारित छ ।[५३]

### २.६.३ विश्वेश्वरप्रसाद कोइरालाको दार्शनिक व्यक्तित्व

१. २०१५ सालमा नै वि.प्र. ले संविधान सभाको लागि आन्दोलन सुरु गरेका थिए ।[५४]

२. सबै नागरिकहरूलाई सैनिक तालिम दिनुपर्दछ । जस्तो कि स्वीजरल्याण्ड क्यानडा र इजरायलको जस्तो नयाँ ढंगले सैनिक शिक्षा दिनुपर्छ । पुरानो किसिमको सेना गठनले प्रजातन्त्रको रक्षा हुन सक्दैन ।[५५]

३. अध्यात्मवादीहरूको चेष्टा त यस दैहिक सत्यबाट माथि उठ्ने हुन्छ ।[५६]

४. वि.प्र. जहिले पनि अध्यात्मवाद र भौतिकवादको द्वन्द्वमा हुन्छन् । जुन कि राजनीतिकलाई दुवै आवश्यक वस्तु हो ।[५७]

५. नेपाली कांग्रेसले पनि सेना राख्नुपर्छ । तर सेनाको एकाधिकार रहन दिनुहुन्न ।[५८]

६. राष्ट्रवाद,-जात, धर्म र भाषाको आधारमा अडेको हुँदैन । त्यसको उत्थानको साकारात्मक पक्षलाई आत्मसात् गर्नु महत्त्वपूर्ण हुन्छ ।[५९]

७. राष्ट्रिय संकटको घडीमा राष्ट्रिय अस्तित्वलाई जोगाउन राष्ट्रको पुनर्निर्माण कार्यमा सबै नेपालीले बितेका अप्रिय विवाद, अनुभव र मतभिन्नतालाई बिर्सेर एकताको सूत्रमा बाँधिनु पर्दछ ।[६०]

---

[५३] ***ऐजन***, पृ. २०२-२०३ ।

[५४] नेपाली काङ्ग्रेसको विधान, **प्रस्तावना**, २०१७ (२०५१, २०५८, २०५७, २०६२, २०६४-२०६६), संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा, पृ. १ ।

[५५] विश्वेश्वरप्रसाद कोइराला, **जेलजर्नल**, (दिन पञ्जी), २०६६ पृ. १४३ ।

[५६] ***ऐजन,*** पृ. १२३ ।

[५७] ***ऐजन,*** पृ. ११४ ।

[५८] ***ऐजन,*** पृ. १४४ ।

[५९] शोभाकर पराजुली, ***पूर्ववत्,*** पृ. २०० ।

[६०] ***ऐजन,*** ।

८. राष्ट्र रहेन भने हामी रहँदैनौं ।[६१]

९. जव म नेपालको कल्पना गर्छु: त्यसवेला तिनैं गरिब दाजुभाइ दिदी बहिनीको तस्विर अगाडि आउँछ । भोका, नाङ्गा र रोगी ।[६२]

१०. खान नपाएका अनुहारहरू मैला लुगा लगाएका शरीरहरू, रोगले पीडित आत्माहरू, शिक्षाबाट बञ्चित बाल आवाजहरू यिनै हुन् मेरा राष्ट्रियताका आधारहरू ।[६३]

११. राजनीतिमा लाग्नु ठूला-ठूला कुर्सी पलङमा वस्नु, आराम गर्नु र मन्त्री बन्नका लागि होइन, खान नपाएका मुखहरूमा अन्न जाओस् । मैला लुगा र थोत्रा लुगा लगाएका शरीरहरूमा शरीर ढाक्ने सफा लुगाको व्यवस्था होस् शिक्षाबाट बञ्चित बाल आवाजहरूले बालमैत्री वातावरण पाओस्, रोगले पीडित आत्माहरूमा औषधीको शीतलता छाओस् यिनै हुन् । हाम्रा आदर्श विचारहरू[६४]

१२. प्रजातन्त्रको बलियो आधार भनेको जनता खुशी पार्न सक्नुपर्छ । जबरजस्तीले होइन विचारले परिवर्तन सक्नुपर्छ । हामी त्यही चाहन्छौं ।[६५]

१३. निरन्तरको सजगता भन्ने विचार होस् आफूलाई देश र राष्ट्रले होइन आफूले सधैं देशप्रतिको राष्ट्रियताको भावना होस् ।[६६]

१४. मलाई विचार र जीवनमा निरन्तर विवाद संलाप भइरहनुपर्छ । यसले जीवन समृध्दशाली हुन्छ विचार पनि पुष्ट हेतुयुक्त हुन्छ । शुद्ध किताबी ज्ञानले पेट त भर्छ, शायद पोषण त्यसबाट प्राप्त हुँदैन ।[६७]

## २.६.४ विश्वेश्वरप्रसाद कोइरालाको औपचारिक अध्ययन

वि.प्र. को जन्म भारतको बनारसमा भयो र शिक्षा पनि बनारमै अध्ययन गरे । हुने विरुवाको चिल्ला पात भने झै १४ वर्षमा नवौं कक्षादेखि नै उनले साहित्य सृजना गर्न

[६१] ***ऐजन,*** ।

[६२] ***ऐजन,*** ।

[६३] ***ऐजन,*** ।

[६४] ***ऐजन,*** ।

[६५] ***ऐजन,*** पृ. २०२ ।

[६६] ***ऐजन,*** ।

[६७] ***ऐजन,*** ।

थाले । उनको साहित्यिक प्रेरक भनेको शान्तिप्रिय द्विवेदी हो । उनका रचनाहरू लगेर पत्रपत्रिकाहरूमा प्रकाशन गरी उनलाई हौसला प्रदान गर्थे । उनको संसर्गले भारतका ठूला-ठूला साहित्यकारहरू प्रेम चन्द, बनारसीदास चतुर्वेदी, रामानन्द चटर्जी आदिबाट प्रभावित विश्वेश्वरप्रसाद कोइरालाले जीवन, शिक्षा साहित्य र राजनीतिको प्रारम्भ भारतबाटै शुरु गरेका थिए । उनको जन्मथलो भारत भए तापनि कर्मथलो नेपाल थियो । औपचारिक शिक्षा एम.ए., बि.एलसम्म अध्ययन गरेका थिए । राजनीतिमा राजनीतिज्ञ र वकिल थिए भने साहित्यमा स्रष्टा-द्रष्टा थिए ।[६८]

## २.७ निष्कर्ष

वि.प्र. कोइरालाले भारतमा जन्मेर हुर्केर साहित्यतर्फ जसरी शान्तिप्रिय द्विवेदी गुरु प्राप्त गरे । त्यसैगरी बालक कालदेखि नै परिस्थिति नै उनको गुरु हुन पुग्यो । उनको जन्म हुँदा शल्यक्रियाद्वारा सुत्केरी गराउने चलन त्यति नेपाली जनमानसमा स्वीकार्य भएको थिएन । उनबाट नै शल्यक्रियाद्वारा सुत्केरी गराउने चलन नेपाली जनमानसमा प्रारम्भ भएको थियो । उनले जन्मदेखि बिद्रोह गर्न सिकेर आएका थिए । नयाँ संस्कारको प्रारम्भ जन्मबाट भयो । त्यसैगरी राजनीतिक र साहित्यिक क्षेत्रमा पनि उनले परिवर्तनका मोडहरू ल्याए । १०४ वर्षको राणाशासन अन्त्य गरी नेपालमा प्रजातन्त्रको प्रत्याभूति नेपाली जनतालाई गराए । आजको संविधान सभाको प्रयोग २०१५ सालमै उनले नेतृत्व गरेको नेपाली काँग्रेस पार्टीको प्रमुख मुद्दा थियो । संविधान सभाको मागको आन्दोलनले गर्दा २०१६ सालमा आमनिर्वाचन भयो र ठूलो दलको हैसियतले दुई तिहाइ बहुमतद्वारा नेपाली काँग्रेसले विजय प्राप्त गऱ्यो । वि.प्र. कोइरालाको नेतृत्वमा मन्त्रीमण्डल गठन भयो र जनपक्षीय कामहरू गर्न सुरु गरेकोले तानाशाही महेन्द्र सरकारलाई पाच्य भएन बहालवाला प्रधानमन्त्रीलाई गिरफ्तार गरियो र उनको मन्त्रीमण्डल समेत भंग गरी पंचायती व्यवस्थाको नाममा प्रजातन्त्र अपदस्थ भयो । प्रजातन्त्रवादी नेताहरू वि.प्र. कोइराला, कृष्णप्रसाद भट्टाई, सुवर्ण शमसेर र गणेशमान सिंह लगायत दर्जनौँलाई जेलमा सडाउने कार्य भयो । करिव ९ वर्ष लामो बन्दी जीवनमा वि.प्र. कोइरालालाई बाहिरी स्वतन्त्रताबाट बन्दी बनाए पनि उनी भित्रको स्वतन्त्रता कहिले बन्दी भएन । सुन्दरीजलको पहिलो ९

[६८] विश्वेश्वरप्रसाद कोइराला, ***पूर्ववत्,*** २०४०, पृ. १४४-१५५ ।

वर्षको बन्दी जीवनमा ५ वटा उपन्यास तयार पारे । जेल जर्नल जस्ता दैनिकी र बन्दी जीवनको अनुभूतिलाई उनले कहिल्यै बिर्सेनन् । जसरी उनी साहित्य र राजनीतिका संगम बिन्दु हुन् । भौतिकवाद र अध्यात्मवादका मिलनबिन्दु हुन् । स्रष्टा र द्रष्टाका पक्षपाती हुन् । उनले आफ्नो माटोलाई चिनेका थिए । माटोका लागि कठिन परिस्थितिमा विगतको कटुता र विवादलाई संझनु हुन्न । एकतामा जुट्नुपर्छ भन्ने उनको वाणी बेलाबेला सावित भैरहेका छन् । राणाशासन १०४ वर्षको जगजगी भएको बेला माटोको आव्हानलाई बुझेर २००७ सालमा उहाँको नेतृत्वको आन्दोलनले विजय प्राप्त गरी प्रजातन्त्र उदय भयो । त्यसैगरी २०१६ सालमा आमनिर्वाचन सम्पन्न भई प्रथम जननिर्वाचित सरकारको प्रत्याभूति जनतालाई गराए । २०३६ सालको जनमत संग्रह पनि वि.प्र. कोइरालाले नेतृत्व गरेको नेपाली काँग्रेसको संङ्घर्षको लोकतान्त्रिक संचारको प्रतिफल हो । २०४२ सालमा नेपाली कांग्रेसले संचालन गरेको सत्याग्रह आनदोलन पनि वि.प्र. को संकट परेको बेला माटो बचाउनुपर्छ भन्ने सिद्धान्तको प्रतिपालन हो । त्यसैगरी २०४६ सालको लौहपुरुष गणेशमानसिंहको नेतृत्वमा जनआन्दोलन भयो । लोकतन्त्रको स्थापना भएपछि २०४७ सालमा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा सरकार गठन भयो। २०६२/०६३ जनआन्दोलनको नेतृत्व गिरिजाप्रसाद कोइरालाबाट भयो र लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । २०५२ देखि २०६२ सम्म देशमा हिंसात्मक जनयुद्ध भयो । कयौं नागरिक वेपत्ता भए । कयौंको ज्यान गए । कयौंको सम्पत्ति लुटिए र २०६२ मार्ग ६ गते जंगलमा बसेको माओवादीलाई समेत शान्ति संझौतामा ल्याएर २०६५ साल चैत्र २८ गते संविधान सभाको निर्वाचन सम्पन्न गर्नु भनेको वि.प्र. कोइरालाको दार्शनिकताको प्रतिफल हो । संकटको घडीमा माटोलाई सोध माटोले जे भन्छ त्यही गर भन्ने उनको वाणी आज चरितार्थ भएको छ । भौतिकवादले मात्र कुनै पनि सिद्धान्त पूर्ण हुन सकिंदैन । अध्यात्मवादको पनि समन्वय हुनुपर्छ । मानिसलाई जवरजस्ती होइन विचारले परिवर्तन गर्न सक्नुपर्छ । स्वतन्त्रतालाई दमन गरेको विजय क्षणिक मात्र हुन्छ भन्ने कुरा उनकै दूरदृष्टिको परिणाम हो ।

# अध्याय : तीन

# योगवाद र भोगवादको सैद्धान्तिक अध्ययन

## ३.१ परिचय

मानव जीवनमा प्रचलित दुई संस्कृतिहरू आर्य संस्कृति तथा योगवाद र किराँती संस्कृति तथा भोगवादका बारेमा विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ । योगवादको व्युत्पत्ति र परिभाषा तथा भोगवादको व्युत्पत्ति तथा परिभाषाको विश्लेषण गरिएको छ । योगवाद भन्नाले पूर्ण आत्मशुद्धिलाई विश्वास गर्ने कुनै किसिमको भोग भन्ने कुरालाई स्वीकार नगर्ने र भोगवाद भन्नाले हरेक कुरामा भोग गर्नुपर्छ, भोगबाट नै अनुभूति हुन्छ । अनुभूतिबाट मानवीय सन्तुष्टि प्राप्त हुन्छ । भोगबाट नै मानवले अनुभव प्राप्त गर्छ तथा ईश्वरत्व प्राप्त गर्न पनि भोग नै दिनु पर्ने पक्षमा जोड दिन्छ । यसरी योगवाद र भोगवादको सैद्धान्तिक विश्लेषण र व्याख्या नै यस परिच्छेदको मूल कार्य हो ।

## ३.२ योगको परिभाषा र अर्थ

- ★ 'योग' शब्दको उत्पत्ति 'युज्' धातुबाट भएको हो । यो संस्कृतबाट आएको हो, यसको अर्थ हुन्छ कुनै एक वस्तु वा कुरालाई वस्तुसँग जोड्नु हुन्छ ।[६९]
- ★ यो ब्राह्मण, बौद्ध र जैन सम्प्रदायमा प्रचलित शब्द एउटा दर्शनको नाम हो ।[७०]
- ★ वेदमा सर्वाधिक पुरानो ऋग्वेद हो । ऋग्वेदलाई संसारको सबैभन्दा पुरानो लिखित साहित्यको रूपमा गणना गरिएको छ । ऋग्वेदको (१-३९-९) मा योग शब्दको प्रयोग भएको छ । त्यसमा योग शब्दको अर्थ घोडालाई रथमा नार्ने अर्थमा मात्र पाइन्छ । यसबाट नै अनुमान गर्न सकिन्छ । ऋग्वेदीय

---

[६९] ईश्वर बराल, कृष्णचन्द्रसिं प्रधान, **नेपाली साहित्यकोश**, (काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. ६७७ ।

[७०] ***ऐजन ।***

वाङ्मयमा ऋग्वेदका निर्माता आर्यहरूले दिएको योग शब्दको अर्थ आजको दर्शनशास्त्रको 'योग' शब्दको अर्थसँग मिलेको पाइँदैन ।[७१]

★ योग शब्द 'युज्' धातुबाट बनेको हो । जसको अर्थ बाँधिनु वा जोडिनु हो । आफ्नो आत्मलाई बाँधेर अनुशासनमा राखेर आफ्नो अस्तित्वलाई बढाउने मार्ग नै योग हो भन्ने अर्थ स्पष्ट पार्दछ । यसले अनुशासनको विशिष्ट प्रयोग गर्दछ र स्वतन्त्र, एकतालाई समायोजन गरेर एउटा नयाँ ज्ञान अथवा मनुष्य जातिलाई एक नयाँ ज्ञान दिने कार्य गर्दछ ।[७२]

★ मानव जीवनमा आत्म र परात्माको मिलन गराउने कार्य नै योग हो यसरी मानव जीवनबाट मोक्ष प्राप्त गर्ने मार्गलाई योग भनिन्छ ।[७३]

★ वेदव्यासको विचारमा समाधि नै योग हो । व्याकरण शास्त्रमा युज् धातुबाट भावमा घञ् प्रत्यय गर्दा योग शब्दको व्युत्पत्ति हुन्छ, जसको अर्थ ऋषि पाणिनिका धातु पाठको दिवादिगणमा युजको अर्थ 'युज समाधौ' रुधादिंगणमा 'युजिर योगे' तथा चुरादिगणमा 'युज संयमने' अर्थमा युज आउँछ ।[७४]

★ योग शब्दलाई वेद उपनिषद, गीता तथा पुराण आदिमा प्राचीनकालदेखि नै व्यवहारमा ल्याइँदै आइएको छ । भारतीय दर्शनमा योग एउटा अति महत्त्वपूर्ण शब्द हो । आत्म दर्शन तथा समाधिदेखि लिएर कर्मक्षेत्रसम्म योगका व्यापक व्यवहार हाम्रा शास्त्रहरूमा भएका छन् । योग दर्शनको उपदेश दिने महर्षि पतञ्जलि योग शब्दको अर्थ वृत्तिनिरोध बताउँछन् ।[७५]

### ३.२.१ वाद

'वाद' भन्नाले निश्चित मान्यता वा सिद्धान्त हो । विद्वान्हरूले प्रतिपादन गरेको विशेष सिद्धान्त वा मत हो । उदाहरणको रूपमा भन्नुपर्दा समाजवाद, साम्यवाद, आदर्शवाद र मार्क्सवादलाई लिन सकिन्छ । अर्को शब्दमा भन्दा सही कुरो पत्ता लगाउन गरिने तर्क-

---

[७१] ***ऐजन ।***

[७२] ***ऐजन,*** पृ. ६७७-६७९ ।

[७३] सर्वोपल्लि राधाकृष्णन, **भगवद्गीता** (दर्शनशास्त्र), चौ.सं. (नई दिल्ली : हिन्द पाँकेट बुक्स प्रा.लि., २००८), पृ. ३०३-३०५ ।

[७४] अनुवादक : छविलाल अधिकारी, **स्वामी रामदेव-योगसाधना तथा योग चिकित्सा रहस्य,** (काठमाडौं : सहयोगी प्रकाशन २०६२), पृ. ३-७

[७५] ***ऐजन,*** पृ. १ ।

वितर्क, शास्त्रार्थ आदिलाई 'वाद' भनिन्छ । वाद र योगको संयोजनबाट योगवाद शब्द व्युत्पत्ति भएको हो । जसले ईश्वर प्राप्त गर्नु साथै शरीर स्वस्थ राख्नु भन्ने अर्थ जनाउँछ ।

- ★ कुनै दुई वस्तु वा मानिसहरूको मेलमिलापलाई योग भनिन्छ ।[७६]
- ★ नरनारी तथा साथी संगीको सम्बन्ध र सम्पर्कलाई पनि योग भनिन्छ ।[७७]
- ★ संयोग, आकस्मिक भेटलाई योग भनिन्छ ।[७८]
- ★ उपयुक्तता, अनुकूलतालाई योग अर्थले जनाउँछ ।[७९]
- ★ कुनै अवसर, मौका प्राप्त हुनुलाई योग भन्ने गरिन्छ ।[८०]
- ★ आसनमा रही साधना वा नियम पालन गर्नु पनि योग भनिन्छ ।[८१]
- ★ फलित ज्योतिषशास्त्रअनुसार तिथि, मिति, वार र नक्षत्र आदि निश्चित नियमअनुसार एकसाथ मिल्ने विशेष पर्वलाई भनिन्छ ।[८२]
- ★ आयुष्मान्, सौभाग्य वा भाग्यवान्लाई योग शब्दले अर्थ्याउँछ ।[८३]
- ★ शिव, पार्वती, साध्य शुभशुक्र आदिलाई योग भन्ने गरिन्छ ।[८४]
- ★ ज्योतिषशास्त्रअनुसार अमृत वा काम सिद्ध हुनुलाई योग शब्दले बुझाउँछ ।[८५]
- ★ तारतम्य, बन्दोवस्त, संयोगलाई योग भन्ने गरिन्छ ।[८६]
- ★ सन्दर्भअनुसार छलकपट, धोकालाई पनि योग नै भनिन्छ ।[८७]

---

[७६] बालकृष्ण पोखरेल, **नेपाली बृहत शब्दकोश,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पुर्नमुद्रण, २०५५), पृ. ११९२ ।

[७७] ***ऐजन ।***

[७८] ***ऐजन ।***

[७९] ***ऐजन ।***

[८०] ***ऐजन ।***

[८१] ***ऐजन ।***

[८२] ***ऐजन ।***

[८३] ***ऐजन ।***

[८४] ***ऐजन ।***

[८५] ***ऐजन ।***

[८६] ***ऐजन ।***

- ★ कुनै पनि विषयमा गहिरिएर सोच्नु, चिन्तन गर्नु पनि योग नै हो ।[८८]
- ★ जसोतसो नपाइने चिजमा तल्लीन हुनुलाई योग भनिन्छ ।[८९]
- ★ चित्तको चञ्चलतालाई रोकथाम गर्ने सामर्थ्य, वैराग्य कुनै कुराको स्थिरतालाई प्रयोग गर्ने कामलाई योग भनिन्छ ।[९०]
- ★ यम, नियम आदि अष्टाङ्ग योगलाई योग भनिन्छ ।[९१]
- ★ गणितीय शास्त्रअनुसार दुई वा धेरै राशिको जोडलाई योग भनिन्छ ।[९२]
- ★ सूर्य र चन्द्रमा विशेष ठाउँमा पुग्दा पर्न जाने सत्ताइसमध्ये एक योगलाई योग भनिन्छ ।[९३]
- ★ शत्रुविनाशको निम्ति गरिने तन्त्र-मन्त्र आदि उपायलाई योग भनिन्छ ।[९४]
- ★ निष्काम गर्नुलाई योग भनिन्छ ।[९५]
- ★ अघटित घटना घट्न जाने एक बेलालाई योग भनिन्छ ।[९६]
- ★ विषयवासनाबाट मनलाई तटस्थ राख्ने प्रयत्नलाई योग भनिन्छ ।[९७]
- ★ प्राणायाम, प्रत्याहार र धारणा आदिलाई योग भनिन्छ ।[९८]
- ★ टुनामुना लगाउने कार्यलाई योग भनिन्छ ।[९९]
- ★ सामान्य अर्थमा कुनै पनि वस्तुहरूको जोडलाई योग भनिन्छ ।[१००]

---

[८७] ***ऐजन ।***

[८८] बसन्त शर्म्मा (नेपाल), **नेपाली शब्दसागर**, दो.सं., (काठमाडौं : भाभापुस्तक भण्डार, २०५८), पृ. ११०७ ।

[८९] ***ऐजन ।***

[९०] ***ऐजन ।***

[९१] ***ऐजन ।***

[९२] ***ऐजन ।***

[९३] ***ऐजन ।***

[९४] ***ऐजन ।***

[९५] ***ऐजन ।***

[९६] ***ऐजन ।***

[९७] ***ऐजन ।***

[९८] ***ऐजन ।***

[९९] ***ऐजन ।***

★ विषयगत रूपमा गणितीय मान्यताअनुसार एकभन्दा बढी अङ्गहरूको जोड वा जम्मा परिणाम योग हो ।[१०१]

★ चित्त वा मनलाई एकाग्रता वा ध्यानमा लीन गराउने कार्य नै योग हो ।[१०२]

★ योग चिकित्साशास्त्रमा स्वामी रामदेवका अनुसार पनि नियमित रूपमा शरीरका अङ्गको अभ्यास भन्ने सिद्ध हुन आउँछ ।[१०३]

★ अभ्यास वा वैराग्यादिलाई अर्थ (योग) को संज्ञा दिएको पाइन्छ ।[१०४]

★ अहिंसा, सत्य र ज्ञानसाधनको रूपमा योग शब्दलाई अर्थ्याएको पाइन्छ ।[१०५]

★ सन्तोष, जप, तप, स्वाध्यायन नै योग हो ।[१०६]

★ अष्टाङ्गयोग साधना, यम, नियम, प्राणायाम्, अभ्यास, निष्काम कर्म, प्रत्याहार, धारणा, ध्यान, वासनाको भावना छाडनु आदि योग हो ।[१०७]

★ मोक्ष प्राप्त गर्ने शब्दलाई योग भनिन्छ ।[१०८]

★ समाधि, ईश्वरमा लीन हुने उपायलाई योग भनिन्छ ।[१०९]

★ अङ्गहरूलाई जोड्ने कामलाई योग भनिन्छ ।[११०]

★ शरीर र मनलाई तन्दुरुस्त राख्न एवम् स्वास-प्रश्वासलाई नियम गर्न उपयोगी एक प्रकारको कसरत योग हो ।[१११]

★ योगदर्शनलाई योग भनिन्छ ।[११२]

---

१०० ***ऐजन ।***

१०१ ***ऐजन ।***

१०२ ***ऐजन ।***

१०३ छविलाल अधिकारी, ***पूर्ववत्,*** पृ. ३ ।

१०४ धीरेन्द्र वर्मा, **हिन्दी साहित्यकोश**, (वाराणसी : ज्ञानमण्डल, संवत् २०२०), पृ. ६६५ ।

१०५ ***ऐजन ।***

१०६ ***ऐजन ।***

१०७ ***ऐजन ।***

१०८ वसन्त शर्म्मा (नेपाल), ***पूर्ववत्,*** पृ. ११०७ ।

१०९ ***ऐजन ।***

११० ***ऐजन ।***

१११ ***ऐजन ।***

★ सन्जोगलाई योग भनिन्छ ।[११३]

★ चित्तवृत्तिको नियन्त्रणलाई योग भनिन्छ ।[११४]

★ सुसाइतलाई योग भनिन्छ ।[११५]

★ कुसाइतलाई योग भनिन्छ ।[११६]

★ नक्षत्रको योगलाई योग भनिन्छ ।[११७]

★ कुनै पदार्थहरूको मिश्रणलाई योग भनिन्छ ।[११८]

★ मनका वृत्तिको निरोध अथवा चित्तको एकाग्रता योग मानिन्छ । योगका आठ अंग मानिएका छन् (१) यम (२) नियम (३) आसन (४) प्राणायाम (५) प्रत्याहार (६) धारणा (७) समाधि (८) समाधि रहेका छन् ।[११९]

### ३.२.२ योगसम्बन्धी विभिन्न विद्वान्हरूको मान्यता

★ योगसम्बन्धी विभिन्न प्राचीन मान्यताहरू पनि पाइन्छ । मोहेन्दोदाडो र हरप्पाको पुरातात्त्विक उत्खनन्मा योगी र योगिनी गर्भासन अभ्यासका प्रतीक पाइएको हुँदा वैदिक साहित्यमा 'योग' शब्दको प्रयोग योग दार्शनिक योगको अर्थमा नभए पनि यौगिक प्रक्रिया ऋग्वेदीय कालभन्दा पहिले पनि प्रचलित थियो भन्ने स्वतः सिद्ध हुन्छ । योग ऋग्वेदीयकालका आर्यहरूको संस्कृति नभएर अनार्यहरूको संस्कृति हो भन्ने उल्लेख पाइन्छ ।[१२०]

★ अष्टाङ्ग योगसाधना भक्तिको साधना बताएका छन् । भक्तिपन्थले त्यही भनाइलाई अनुशरण गरे । अष्टाङ्गयोग नै माने ।[१२१]

---

[११२] ***ऐजन ।***

[११३] ***ऐजन ।***

[११४] ***ऐजन ।***

[११५] ***ऐजन ।***

[११६] ***ऐजन ।***

[११७] ***ऐजन ।***

[११८] ***ऐजन*** ।

[११९] प्रेमराज न्यौपाने, **मनोवृत्तिको दार्शनिक तथा वैज्ञानिक विश्लेषण**, (डिल्ली प्रविधि विकास प्रतिष्ठान, सिन्चाङ्ग-४ तनहुँ, २०६६), पृ. १२९ ।

[१२०] ईश्वर बराल, ***पूर्ववत्,*** पृ. ६७७ ।

[१२१] धीरेन्द्र वर्मा, ***पूर्ववत,*** (भाग १) पृ. ६६६ ।

- ★ मम्मटको मतअनुसार समाधि भनेको कुनै शुभकार्य वा कारण संयोग हो तथा कार्य वा कारणको सम्बन्ध नै योग हो ।[१२२]

- ★ दण्डी वा भोजनेको भनाइअनुसार त्यस अलङ्कारको उल्लेख (समाहित) नामबाट योग रहेको छ ।[१२३]

- ★ दण्डीका अनुसार 'लक्षणक यसप्रकार छः तत्त्वसाधनको समर्पण नै समाहित हो ।' (काव्यादर्श २:२९८) अर्थात् कसैको कामको प्रारम्भमा देवले साथ दिएर कार्य सम्पादन हुन्छ भने त्यो नै समाहित वा समाधि हो ।[१२४]

- ★ व्यासले चित्तलाई क्षिप्त, मूढ, विक्षिप्त, एकाग्र र निरुद्ध नामाकरण गरेर पाँच भागमा विभक्त गरेका छन् ।[१२५]

- ★ पतञ्जलिले चलाएको यौगिक परम्परालाई अष्टाङ्गयोग भन्छन् र त्यही नै राजयोग हो । अष्टाङ्गयोगका नाम हुन् : यम, नियम, उपासन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि हुन् । यी पनि वाह्य र आन्तरिक गरी विभाजित छन् । प्रथम (वाह्य) सँग कर्मेन्द्रियसँग सम्बद्ध र बाँकी ३ (तीन) आन्तरिक अर्थात् ज्ञानेन्द्रियसँग सम्बन्धित छन् । पतञ्जलिको ग्रन्थको नाम योग सूत्र हो । यसलाई पातञ्जलि योगसूत्र पनि भन्दछन् ।[१२६]

- ★ पतञ्जलि (२ सती ई.पु.) ले सर्वप्रथम योगसूत्रको रचना गरे । जसले यसैको परिभाषित गर्दछ । योगीले चित्तवृत्तिको निरोध गर्नुपर्छ । चित्त शुद्ध बनाउनु पर्छ । पतञ्जलिको राजयोगले पनि यही भन्छ । राजयोगभन्दा हठ योग भिन्न छ । जसका मूल अर्थ तन्त्र-मन्त्रमा आधारित छ । योग दुई प्रणाली यहाँ प्रचलित छ तर योगको प्रणाली अनेक छ ।[१२७]

---

[१२२] ईश्वर बराल, ***पूर्ववत्***, पृ. ६७७-९१० ।

[१२३] ***ऐजन ।***

[१२४] ***ऐजन ।***

[१२५] ***ऐजन***, पृ. ६७९ ।

[१२६] ***ऐजन***, पृ. ६७८ ।

[१२७] ***ऐजन***, पृ. ६७९ ।

- ★ केही व्यक्तिहरूले योगको अर्थ वेदमूलक छ । कोही बौद्ध दर्शनमा यसको अर्थ सम्वन्ध जोडा अर्थ बताएका छन् ।[१२८]

- ★ कोही योगीहरूले यसमा सवैभन्दा स्वतन्त्र परम्परा बताएका छन् । सबैभन्दा मान राख्ने साधन बताएका छन् ।[१२९]

- ★ कोही यसलाई विभिन्न लोभ, मोह, अन्य स्वार्थ भावनाबाट बाहिर निक्लने बाटो बताउँछन् । यसरी चार प्रकारका विचारमा चार योग छन् । राजयोग वैदिक छ र हठयोग स्वतन्त्र परम्पराको छ । जसलाई हामी तन्त्रशास्त्र भन्दछौं । जैन अथवा बौद्ध योगको यी दुई योगभन्दा भिन्न मानिन्छ ।[१३०]

हठयोग र राजयोग दुवैको स्वतन्त्र पराम्परा चलिरहन्छ । यी दुवै साधनामा नै मेल हुन्छ । यी दुवैको जहाँ समन्वय हुन्छ त्यसबेला हठयोग प्रथम सोपान वा खुड्किला र राजयोग द्वितीय सोपान वा खुड्किला वा साध्य हुन् । हठयोगको सम्बन्ध शरीर विकास विकाससँग सम्बन्धित छ र राजयोगको सम्बन्ध मोक्ष वा मुक्ति प्राप्तिमा छ ।

- ★ योग शब्दको प्रयोग अर्थमै स्पष्ट छ । (क) योगको सामान्यार्थ सम्बन्ध हो । (ख) दर्शनमा जीवात्मा र परात्माको सम्बन्धलाई योग भनिन्छ ।[१३१]

- ★ श्रीमद्भागवतको भाष्य अनुवादमा भक्तियोग वा कर्मयोगको चर्चा गरिएको छ । मानवीयस्तर प्राप्त गर्न योगको आवश्यकता हो ।[१३२]

- ★ यस अवस्थामा योगीको मुक्ति र भुक्ति समाप्त भैँ सकेको हुन्छ । समाप्त शरीर र मन लिङ तत्, तत् उपादानमा लीन हुन जान्छ । यही नै योगशास्त्रको प्रतिपाद्य विषय हो भनी पातञ्जल योगसूत्र ४/२९ ले उल्लेख पाइन्छ ।[१३३]

---

१२८ ***ऐजन***, पृ. ६७८ ।

१२९ ***ऐजन***, पृ. ९१० ।

१३० ***ऐजन***, पृ. ६८२ ।

१३१ ***ऐजन***, पृ. ९१० ।

१३२ सर्वोपल्लि राधाकृष्णन, पृ. १५८-१५९ ।

१३३ ईश्वर वराल, ***पूर्ववत्***, ६८७ ।

योगवादसम्बन्धी विभिन्न शब्दकोश, साहित्यकोश र सन्दर्भ पुस्तकहरूको अध्ययन गर्दा योग भन्ने शब्दले बृहत् अर्थलाई समेट्छ । कुनै खास कुराका बारेमा निश्चित गरिएको मत वा सिद्धान्तलाई वाद भनिन्छ । यी दुई शब्दको संयोजनबाट योगवाद व्युत्पत्ति भएको छ ।

योगवाद सम्बन्धी विभिन्न शब्दकोश र साहित्यकोशहरू र अन्यान्य सन्दर्भ पुस्तकहरूको अध्ययन गर्दा सन्दर्भअनुसार बृहत् अर्थ ओगटे पनि समग्रमा योगवादको सारतत्त्व भनेको निरन्तर रूपमा शारीरिक र मानसिक रूप वा तन, मन र धन सम्पूर्ण रूपमा कुनै मान्यता वा भावनालाई दमित गर्न, भोग रूपी वासनात्मक इच्छालाई त्याग गरिने प्रयास नै समाधि वा योगवाद हो । यसैगरी हिन्दी साहित्यको चित्रलेखा उपन्यासको योगी कुमार गिरीले वासनात्मक शक्ति दवाउनको लागि मनलाई शुद्ध पार्न कठिन तपस्या गरेको पाइन्छ । जसरी नेपाली साहित्यको ‘सुम्निमा’ उपन्यासमा सोमदत्तले सुम्निमाको मूर्ति हटाउन आश्रम नै छोडी समयावधि बढाउँदै कठिन तपस्या गरेको पाइन्छ । ठाउँ-ठाउँका विभिन्न अंगको मांसपिण्ड समेत चढाएको पाइन्छ । तपस्यामा लीन भएर मनलाई एकाग्रतामा बाँधिनु नै मनुष्यको कर्तव्य पालन गर्नु र पुण्य कमाउनु हो । पुण्य भनेको योग गर्नाले मात्र प्राप्त गर्न सकिन्छ भन्ने कुरा चित्रलेखा उपन्यासको योगी कुमार गिरीको अभिव्यक्तिबाट प्रस्टिन्छ । ईश्वरलाई प्राप्त गर्न तीन गुणको आवश्यक पर्छ, सत्य, चित्त र आनन्द हुन् । मनमा सद्भाव हुनुपर्छ । चित्त शान्त हुनुपर्छ । एकाग्रता हुनुपर्छ र मनमा कुनै किसिमको अशान्ति भावना पैदा हुनु हुँदैन । आनन्दसँग एक सोचमा लीन हुनुपर्छ अनि मात्र ईश्वरलाई प्राप्त गर्न सकिने कुराको उल्लेख पाइन्छ । त्यसैगरी चित्रलेखा उपन्यासकै जहाँ शान्ति हुन्छ, त्यो नै ठीक मार्ग हुन्छ । एकाग्रताबिना शान्तिको कल्पना असम्भव छ भन्ने कुरा दर्शाएको छ । योगी आफ्नो आत्मालाई वासनाशक्तिबाट टाढा राखेर ईश्वर प्राप्तिमा तपस्यारत भई, शान्तिको अपेक्षा गरेको पाइन्छ । त्यसैले आफूले चाहेको अपेक्षामा समाधि गर्नु, अनुशासनमा बाँधिनु, सांसारिक मोहबाट टाढा रहनु नै योगवाद हो भन्ने कुरालाई पुष्टि गरेको पाइन्छ ।

अन्तरआत्मालाई अनुशासनमा राख्नु योगवाद हो भन्ने कुरालाई चित्रलेखा उपन्यासको कुमार गिरीले गरेको योगवाद पक्षको वकालत, त्यसैगरी नेपाली साहित्यको

सुम्निमा उपन्यासमा सोमदत्तले गरेको ईश्वर प्राप्तिको वकालतबाट नै स्पष्टिन्छ कि आत्मा शुद्धि साधन नै योगवाद हो । जसले गर्दा योग साधना नै योगवाद हो भन्ने कुरालाई औँल्याउन सकिन्छ ।[१३४]

योग भन्नाले निरन्तर कर्म गर्नु हो । जसले गर्दा मन पवित्र र शुद्धि हुन्छ । कर्मले ज्ञान प्राप्त हुन्छ । ज्ञानले गर्दा मन आनन्द र पवित्र हुन्छ । आत्मा परात्माप्रति समर्पित हुनु नै योग हो । ज्ञान प्राप्त गर्न आत्मालाई निरन्तर कर्ममा लगाउनु नै ज्ञानले शुद्धि हुनु हो भन्ने कुरा उल्लेख गरेको पाइन्छ । यसरी ज्ञान योगको चर्चा यहाँ पाइन्छ । कर्म योगले ज्ञानयोग प्राप्त हुने कुरा उल्लेख पाइन्छ ।[१३५]

भगवान् श्रीकृष्णले अर्जुनलाई कर्तव्यबाट कहिल्यै विमुख हुनु हुँदैन । मानवले कर्तव्य गर्नुपर्छ । निरन्तर कार्य गर्नाले मात्र आत्मा शुद्ध हुन्छ । कर्तव्यमा लोभ मोह हुनु हुँदैन भन्ने सन्देश दिएको पाइन्छ ।[१३६] त्यसैले निराश र मोहमा अल्झिन खोजेको अर्जुनलाई पनि कर्तव्यतिर डोऱ्याएको कुरा उल्लेख भएको पाइन्छ । यसरी भगवत् गीतामा कर्तव्य योग, कर्मयोग र ज्ञानको बारेमा चर्चा गरिएको छ । समस्याबाट दूर हुने होइन समस्याको समाधान नै ज्ञानयोग हो भन्ने कुरालाई प्रस्टयाइएको पाइन्छ ।[१३७]

यसरी सच्चा योगको बारेमा कृष्णले अर्जुनलाई कर्मको फल आशा नगरी कर्तव्य गर्नु नै सच्चा योग हो भन्ने कुरालाई प्रस्ट्याइएको छ । यसैले गर्दा योगवाद भन्नाले निरन्तर कर्म, कर्तव्य गरी आत्मालाई परात्माप्रति समर्पित गरी आत्मा शुद्ध गर्नु नै योगवाद हो भन्ने कुरालाई पुष्टि गर्दछ ।[१३८]

## ३.३ भोगवादको सैद्धान्तिक विश्लेषण

सामान्य अर्थमा 'भोग' भन्नाले कुनै पनि वस्तु प्रयोग गर्नु हो भने सन्दर्भ र प्रसङ्ग अनुसार देवतालाई कुनै जीव जनावरको बलि दिनु पनि भोग भनिन्छ । मानव जीवनमा सुख

---

[१३४] भगवती चरण वर्मा, **चित्रलेखा**, (नयाँ दिल्ली : राजकमल प्र.प्रा.लि. १९९३), पृ. २३ ।

[१३५] सर्वोपल्लि राधाकृष्णन, ***पूर्ववत्,*** पृ. ९० ।

[१३६] ***ऐजन,*** पृ. ११९ ।

[१३७] ***ऐजन,*** पृ. १२१ ।

[१३८] ***ऐजन,*** पृ. २२३ ।

दुःखको अनुभव गर्नु पनि भोग हो । स्त्री पुरुषको सम्भोगलाई पनि भोग भनिन्छ । त्यसैगरी मानिसको भाग्य वा कर्मलाई पनि भोग भन्ने गरिन्छ ।

कुनै पनि ग्रहको खास राशिमा रहने अवधिलाई भोग भन्ने गरिन्छ । कुनै पनि वस्तु वा समयको भोगलाई भोग भनिन्छ । त्यसैले 'भोग' शब्दले वृहत् अर्थ समेट्दछ सन्दर्भ अनुसार फरक फरक अर्थ ग्रहण गर्दछ ।

### ३.३.१ भोगवादको परिभाषा र अर्थ

भोग र वाद मिलेर भोगवाद शब्दको व्युत्पत्ति भएको हो । भोगवादले संसारकै सुखदुःख माथि विश्वास गर्ने भौतिक संसारमा विश्वास गर्ने, कुनै पनि वस्तु प्रयोग गरेपछि मात्र त्यसका बारेमा अनुभव हुन्छ । त्यस्तै मानव जीवनमा स्त्री र पुरुषको भोगले मात्र जीवनको अनुभूति हुन्छ । सारमा भन्नु पर्दा कुनै पनि कुरा प्रयोग गरेपछि मात्र अनुभव प्राप्त हुन्छ । यसरी अर्मूत र अदृश्य होइन मूर्त र प्रत्यक्ष देखिने वस्तुमा विश्वास गर्ने सिद्धान्तलाई भोगवाद भनिन्छ ।

- ★ अभिभावकत्व बहन गर्ने, जिम्मेवार वहन गर्ने कार्यलाई भोग भनिन्छ ।[१३९]
- ★ क्षणिक सुख र सुखानुभवलाई भोग भनिन्छ ।[१४०]
- ★ सुख, दुःखको भोगाइलाई भोग भनिन्छ ।[१४१]
- ★ कुनै कुरामा अनुभव प्राप्त गर्नु भोग हो ।[१४२]
- ★ कुनै कुरा सुम्पनु, अर्पण गर्नुलाई भोग गर्नु भनिन्छ ।[१४३]
- ★ राम्रो वा नराम्रो कामको फल प्राप्त गर्नु पनि भोग हो ।[१४४]
- ★ ऐश्वर्यको सन्तोष प्राप्त गर्नुलाई भोग भनिन्छ ।[१४५]

---

[१३९] बसन्त शर्म्मा 'नेपाल', ***पूर्ववत्,*** पृ. १०२१ ।

[१४०] ***ऐजन*** ।

[१४१] ***ऐजन*** ।

[१४२] ***ऐजन*** ।

[१४३] ***ऐजन*** ।

[१४४] ***ऐजन*** ।

[१४५] ***ऐजन*** ।

★ सर्पको फणा वा गुडुल्कोलाई भोग शब्दले जनाइन्छ ।[१४६]

★ विषयवासना वा यौन तृप्ति गर्नु पनि भोग भनिन्छ ।[१४७]

★ पशुको आहारलाई भोग भनिन्छ ।[१४८]

★ राजकाज गर्नु, संयोगलाई भोगले जनाइन्छ ।[१४९]

★ इच्छा वा मनले चाहेअनुसारको चलन वा व्यवहारलाई भोग नै भन्ने गरिन्छ ।[१५०]

★ ग्रह आदि एउटा राशिमा अड्ने समय वा अवधिलाई भोग भनिन्छ ।[१५१]

★ खवाइ वा खानेकामलाई भोग भनिन्छ ।[१५२]

★ देवी देवतालाई चढाइने बलि वा नैवेद्यलाई भोग भनिन्छ ।[१५३]

★ सम्पत्तिगत स्वतन्त्रता वा अधिकारलाई भोग भनिन्छ ।[१५४]

★ स्त्री, छोराछोरी आदिको पालनपोषणलाई भोग भनिन्छ ।[१५५]

★ लिच्छविकालको पशुपालनको कर वा शुल्कलाई पनि भोग भनिन्छ ।[१५६]

★ मानवीय दुःख सुख र कर्मलाई पनि भोग भनिन्छ ।[१५७]

★ कुनै ग्रहको खास राशिमा पर्ने समयावधिलाई भोग भनिन्छ ।[१५८]

---

१४६ ***ऐजन***।

१४७ ***ऐजन***।

१४८ ***ऐजन***।

१४९ ***ऐजन***।

१५० ***ऐजन***।

१५१ ***ऐजन***।

१५२ ***ऐजन***।

१५३ ***ऐजन***।

१५४ ***ऐजन***।

१५५ ***ऐजन***।

१५६ ***ऐजन***।

१५७ हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. २०६६, पृ. ७६७ ।

★ स्त्री र पुरुषको सहवास, समागमलाई भोग भनिन्छ ।[१५९]

★ प्रत्यक्ष र मूर्त वस्तुलाई उपभोग गर्ने कार्यलाई भोग भनिन्छ ।[१६०]

★ परलोकको बारेमा विश्वास नगर्ने मत वा विचारलाई भोगवाद भनिन्छ ।[१६१]

## ३.३.२ भोगवादसम्बन्धी विभिन्न विद्वान्हरूले व्यक्त गरेका विचारहरू

★ भोगवाद शब्द भौतिकवादको पर्याय मानिन्छ । भारतीय भौतिकवादी दर्शन सर्वप्रथम प्राचीन भारतवर्षमा चार्वाक् दर्शन, लोकायत दर्शन वा आजीविक दर्शन वा मत हो ।[१६२]

★ भोगवादी दर्शन भारतीय उपमहाद्वीपको सबभन्दा पुरानो दर्शन प्रतीत हुन्छ ।[१६३]

★ चार्वाक् दर्शनले भोगवादी दर्शन तत्त्वज्ञान वा पदार्थका सत्ताकै सेरोफेरोमा र वस्तुजगत् नै सत्य हो । जुन जल, तेज वायु र पृथ्वी मिलेर बनेको छ । पुराणहरूले मानेको आकाशलाई भौतिकवादीहरू तत्त्व मान्दैनन् ।[१६४]

★ चार्वाक् दर्शनले पाप र पुण्यको कुनै आधार छैन भनी सामाजिक संस्कार मात्र होइन भन्ने कुरालाई अघि सार्दछ । यहाँ न पाप गर्नेलाई दण्ड छ न धर्म गर्नेलाई पुरस्कारको व्यवस्था छ । यहाँ स्वर्ग र नरकको संज्ञा दिनु नै भ्रम हो भन्ने कुरालाई स्वीकार गर्दछ ।[१६५]

★ ईश्वरको नाममा बलि दिनु, प्रार्थना गरी, तपस्या गरी, जिउ सुकाउनु र तीर्थ यात्राजस्ता कार्य मूर्खता मात्र हो भनी चार्वाकले बताएका छन् । धर्म र जाति संस्कारका नाममा गरिने दान, मूर्तिपूजा खासगरी समयबर्वादको माध्यम मात्र हो भन्ने कुरालाई चार्वाक्ले अदृश्य र अर्मूत कार्यलाई मान्यता

---

१५८ ***ऐजन*** ।

१५९ ***ऐजन*** ।

१६० ***ऐजन*** ।

१६१ बालकृष्ण पोखरेल, ***पूर्ववत्,*** पृ. १०२८ ।

१६२ ईश्वर बराल, ***पूर्ववत्,*** पृ. ५७२ ।

१६३ ***ऐजन*** ।

१६४ ***ऐजन*** ।

१६५ ***ऐजन*** ।

दिएका छैनन् र भौतिकवाद तथा भोगवादी दृष्टिकोण चार्वाक्ले प्रस्तुत गरेका छन् ।[१६६]

★ चीनका भौतिकवादी दार्शनिक याङ चु (३९५-३३९ इ.पू.) ले पनि भौतिक सुख नै जीवन हो ।[१६७]

★ युरोपीय भौतिकवादी ग्यालिलियो (१५६४-१६४२ ई.पू.) ले पनि भौतिकवादी दर्शन प्रस्तुत गरेका छन् ।[१६८]

★ थोमस (१५८८-१६७९ ई.पू) ले यान्त्रिक शक्तिका वस्तुहरूले जगत् बनेको छ भन्ने धारणा व्यक्त गरेका छन् ।[१६९]

★ डार्विनको विकासवादले झन् यस भोगवादलाई प्रमाणित गर्ने सिद्धान्त प्रतिपादन गरेका छन् । जीवहरूको सृष्टि ईश्वरले गरेको होइन, लाखौं वर्ष लगाएर एउटै मूलबाट विकसित भएका छन् । प्रकृतिमा सङ्घर्ष गर्नसक्ने प्राणीहरू बाँचे र प्रकृतिमा सङ्घर्ष गर्न नसक्ने प्राणीहरू योग्य नभएका प्राणीहरू लोप भए भनी जीवन भनेको भोगाइ हो भन्ने कुरालाई प्रमाणित गरेका छन् ।[१७०]

★ कार्लमार्क्सको 'द्वन्द्वात्मक भौतिकवाद' को सिद्धान्तले ईश्वरलाई हामीले देख्न सक्दैनौ तसर्थ त्यो असत्य हो । जुन वस्तुलाई हामी देख्न सक्छौं, जाँच्न सक्छौं । त्यही नै वस्तु श्रेष्ठ र सत्य हो । भगवान्ले हामीलाई बनाएका होइनन् बरू मानिसले नै भगवान्लाई बनाएका हुन् । जुन देख्न सकिन्छ त्यो नै सत्य हो भनेका छन् ।[१७१]

## ३.४ निष्कर्ष

भोगवाद भन्नाले जीवन भोगाइ हो । जुन सुख, दुःखको अनुभूति भोगबाट नै प्राप्त हुन्छ । भोग शब्दले विभिन्न अर्थ जनाए तापनि भौतिक रूपलाई भोग भनिन्छ । अर्मूत र

---

१६६ ***ऐजन***।

१६७ ***ऐजन***।

१६८ ***ऐजन***।

१६९ ***ऐजन***।

१७० ***ऐजन***।

१७१ सुरेन्द्रप्रसाद, जोशी, **राजनीतिक चिन्तन र वादहरू**, दो.सं. (काठमाडौँ : पैरवी प्रकाशन, २०५५), पृ. १९५ ।

अदृश्य वस्तुलाई विश्वास नगर्ने र प्रत्यक्ष देखिने वस्तुलाई मात्र यस वादले विश्वास गर्दछ । जुन कुराबाट जीवनमा सुखको अनुभूति हुन्छ र शारीरिक सन्तुष्टि प्राप्त हुन्छ । त्यही नै भोग हो । ईश्वर प्राप्ति गर्ने नाममा स्त्री र पुरुषको यौन सम्पर्क राख्नु पाप हो भन्ने कुरालाई मिथ्याको रूपमा प्रस्तुत गर्दछ । जुन कुरा जीवनमा दुःख, सुख, कष्ट, पीडा, आनन्द र विरह आदि भोगिन्छ । त्यो नै भोग हो । जुन प्रत्यक्ष देखिने भोगिने कुरामा विश्वास राख्ने सिद्धान्त वा मत नै भोगवाद हो । सुम्निमा भोगवादी प्रवृत्तिबाट उभिएकी छिन् भने पाप र पुण्यको व्याख्या गरेर शरीर सुकाउने सोमदत्त योगवादी सिद्धान्तबाट अगाडि बढेको पाइन्छ ।

त्यसैगरी हिन्दी साहित्यको चित्रलेखा उपन्यासमा चित्रलेखा भोगवादी प्रवृत्तिकी छिन् भने योगी कुमार गिरी योगवादी हुन् । भोगवाद वास्तविक यथार्थ र प्रत्यक्ष देखिने सिद्धान्त हो । 'सुम्निमा' उपन्यासमा नारी पात्र सुम्निमा र हिन्दी साहित्यको चित्रलेखा उपन्यासमा चित्रलेखा पात्र पूर्णरूपले भोगवादबाट प्रवृत्त भएका पात्रहरू हुन् । मानव जगत्लाई सफल, सार्थक र अस्तित्वको रक्षालाई निरन्तरता दिने प्रमुख तत्त्व भोगवाद हो ।

अहिले आधुनिक र वैज्ञानिक युगमा भोगवादले संसार अगाडि बढिरहेको छ । वैज्ञानिक आविष्कार, राजनैतिक र सामाजिक परिवर्तनहरू भोगवादबाट सफल भएको पाइन्छ । सुख, दुःखको अनुभूतिहरू भोगवादबाट मात्र संभव हुन्छ भन्ने कुरा सुम्निमा उपन्यासको सुम्निमा नारीपात्रको शारीरिक र मानसिक तन्दुरुस्तीले प्रस्ट पार्दछ ।

निष्कर्षमा भन्नुपर्दा मानव जीवनमा भोगवादले बढी भूमिका निर्वाह गरे तापनि योगवादको भूमिका नै रहँदैन भन्ने होइन एकपक्षले मात्र पूर्ण हुँदैन दुबैको समन्वयबाट मात्र जीवन सफल हुनेकुरा प्रस्ट देखिन्छ ।

# अध्याय : चार

# नेपाली उपन्यासको ऐतिहासिक चिनारी र सुम्निमा उपन्यासको अध्ययन

## ४.१ परिचय

'उप' उपसर्गवाची पद पूर्वमा हुने 'न्यास' शब्दको संयोजनबाट निर्मित उपन्यास शब्दले समीपमा विन्यास गरिने भन्ने अर्थ जनाउँछ ।[१७२]

'उप' र 'नि' दुईवटा उपसर्ग मिलेर निर्मित भएको उपन्यास शब्द 'अस्' धातुमा समाहित भई साहित्यका ललितगद्यकाव्यको आख्यानात्मक विधालाई संकेत गर्नमा प्रचलित छ ।[१७३]

आख्यानात्मक तत्त्व प्रबल भएको र जीवन सत्य बिम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने विधालाई उपन्यास नामकरण गरियो ।[१७४]

उप र न्यासको जोड उपन्यास हो र यिनीहरूको अर्थ नजिक राख्नु भन्ने हुन्छ । यसरी शाब्दिक व्युत्पत्तिमा उपन्यासको अर्थ समीप भन्ने हुन्छ । उप र न्यास दुवैको सान्दर्भिक अर्थ हो, नजिक राखिएको वस्तु अर्थात् त्यस्ता रचनालाई उपन्यास भनिन्छ ।[१७५] जुन हामीलाई आफ्नै जीवनको प्रतिच्छायाँजस्तो लागोस् । यसरी उप र न्यासको जोडबाट उत्पत्ति भएको शब्द, उपन्यासको शाब्दिक अर्थ नजिक वा समीपमा राखिएको वस्तु हो, जुन आफ्नै जीवन भोगाइका प्रतिच्छायाँ जस्तो छ भनेर नेपाली उपन्यास र उपन्यासकार भन्ने आफ्नो कृतिमा कृष्णचन्द्रसिंह प्रधानले उपन्यासको व्युत्पत्तिका बारेमा आफ्नो धारणा व्यक्त गरेका छन् । यसैगरी उपन्यास सिद्धान्त र नेपाली उपन्यास भन्ने कृतिमा कृष्णहरि बराल र नेत्र एटमले उपन्यास तत्सम शब्द हो भनेका छन् । शाब्दिक व्युत्पत्ति केलाउने हो भने

---

[१७२] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा प्रवृत्ति,** (ललितपुर : साझा प्रकाशन, २०६४), पृ. १

[१७३] ***ऐजन*** ।

[१७४] ***ऐजन*** ।

[१७५] ***ऐजन*** ।

'उपन्यास' शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'घञ' प्रत्यय लागेर बनेको हो भन्ने कुरा उल्लेख गरेका छन् । उप+नि+अस्+घञ् (अ)= उपन्यास ।[१७६]

अस् धातुबाट राख्नु भन्ने अर्थबोध हुन्छ भने 'उपन्यास' शब्दबाट 'नजिक राख्नु' भन्ने अर्थ निष्पन्न हुन्छ । संस्कृतमा उपन्यासको प्रयोग 'अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण' 'प्रतिमुख' सन्धिको एउटा भेद, स्थापना गर्नु, प्रदर्शक वाक्य, आनन्द गराउने वाक्य' का अर्थमा गरिएको पाइन्छ भने 'आख्यान' का रूपमा पनि गरिएको पाइन्छ ।[१७७]

## ४.२ नेपाली उपन्यासको पृष्ठभूमि

नेपाली उपन्यासको परम्पराको थालनीलाई खोज्दै जाँदा प्राग्भूमिमा केवल पूर्वीय आख्यान साहित्य अर्थात् हाम्रो वैदिक, औपनिषदिक, पौराणिक ब्रत तपोद्यान आदिसम्म पुग्नुपर्ने हुन्छ । यसरी उपन्यासको इतिहास खोतल्दै जाँदा पूर्वीय साहित्य र पाश्चात्य साहित्यको इतिहासलाई पनि अध्ययन गर्नुपर्ने हुन्छ । पूर्वीय साहित्यमा उपन्यास विधाको अध्ययन गर्दा संस्कृत साहित्यमा 'उपन्यास' शब्दको प्रयोजनपरक अर्थ गरिएको छ । कुशलतापूर्वक विशेष अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भन्ने अर्थ प्रवर्तन गरिएको छ अथवा जीवनका भोगाइका सत्य पक्षलाई भाषाद्वारा आफ्नै नजिकका विन्यास गर्नु उपन्यास हो । जुन प्रस्तुति छ, त्यो आफैँमा जीवनको प्रतिरूप भएर समीपमा विन्यस्त हुन्छ अर्थात् लोक प्रचलनका भाषामा आख्यानात्मक शैलीमा जीवनको इतिवृत्त अभिव्यक्त गर्दै जानु उपन्यास हो भन्ने कुरा सिद्ध हुन आउँछ ।[१७८] यसरी उपन्यास शब्दको आख्यानात्मक शैलीमा अभिव्यक्त भने तापनि आख्यान, उपाख्यान, कथा तथा आख्यायिकाहरू नै पनि क्रमिक र अखण्डित रूपमा निरन्तर विकसित हुँदै नआएको परिप्रेक्ष्यमा उपन्यासलाई संस्कृत साहित्यको परम्परामा जोडेर हेर्नु त्यति युक्तिसङ्गत छैन । यसको स्रोत पाश्चात्य साहित्यमै खोजिनुपर्छ । त्यतैबाट नेपाली उपन्यास विधाको नेपाली साहित्यमा विकास सम्भव भएको हो । नेपाली उपन्यास र उपन्यासकारमा कृष्णचन्द्रसिंह प्रधानको विश्लेषणमा उपन्यास शब्द अंग्रेजी (Nobel) शब्द इटालियनको नोवेल (Novelle)

---

[१७६] ***ऐजन*** ।

[१७७] कृष्णहरि बराल, **नेत्र एवम्, नेपाली उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. ३ ।

[१७८] राजेन्द्र सुवेदी, ***पूर्ववत्,*** पृ. ४ ।

बाट लिइएको हो र यो लेटिन भाषाको (Novews) तथा (Novallows) शब्दकै रूपान्तर मानिन्छ । फ्रान्सेली (Novella) पनि त्यसैबाट विकसित भएको हो । जसको अर्थ नयाँ हुन्छ । अर्को अर्थ दिन्छ भने इटालियनमा (Novelle) को अर्थ समाचार जनाउँछ । समाचार शब्दले आशयको व्याख्या गर्दा अचेल देखिने उपन्यास अनुसार सामान्य जीवन घटनाहरूलाई बटुलेर प्रस्तुत गर्नु नै उपन्यास हो ।[१७९]

जीवनको इतिवृतलाई संवहन गर्ने क्रममा पश्चिमी साहित्यका इतिहासलाई पनि यहाँनेर स्मरण गर्नुपर्ने हुन्छ । साहित्यमा आज प्रचलित (Nobel) शब्द ल्याटिन भाषा को (Novows) अर्थात् नोबलसबाट विकसित भएको मानिन्छ । यस ल्याटिन भाषाबाट विकसित हुँदै फ्रान्समा पुगेको नोबेला (Novella) शब्द उपन्यासको अर्थमा प्रयोग हुन पुगेको छ । आज (Nobel) शब्दको प्राविधिक अर्थ उपन्यास बनेको छ । यसको ल्याटिन मूलको अर्थ हुन्छ, समाचार सम्प्रेषित गर्नु र सामान्य अर्थ हुन्छ, घटनाहरूलाई समाचारका रूपमा सम्प्रेषित गर्नु ।[१८०]

आज आएर (Nobel) शब्दको अर्थगत प्रयोजनीयतामा परिवर्तन भैसकेको छ । घटना, वस्तु, पात्र, परिवेश, कुतूहलता, द्वन्द्व प्रस्तुति विशेष समेतको आख्यानात्मक जीवन सापेक्ष प्रस्तुति हो । नोबेल (Nobel) शब्दको आधुनिक उपपत्ति हो भन्ने कुराको बोध हुन्छ ।[१८१]

उपन्यास आन्तरिक र बाह्य पक्षको कलात्मक अभिव्यक्ति हो र यो यथार्थ सत्यापन बोध गराउने प्रतिच्छायाँ हो । उपन्यास पनि संरचना आकृति आदिको अपेक्षा राख्ने कृति हो ।[१८२]

---

[१७९] ***ऐजन,*** पृ. ५ ।

[१८०] ***ऐजन*** ।

[१८१] ***ऐजन*** ।

[१८२] ***ऐजन,*** पृ. ५ ।

## ४.२.१ नेपाली उपन्यासको पारिभाषिक अध्ययन

नेपाली उपन्यासको लेखन तथा प्रकाशन हुन थालेपछि यसको व्याख्या विश्लेषण र समालोचना हुने क्रम पनि सुरु हुन थाल्यो । यिनमा निहित विशेषताहरूलाई आधार बनाएर विभिन्न विद्वान्हरूले परिभाषाहरू दिन थाले ।

१) उपन्यास मानव जीवनकै सम्पूर्णताको अभिव्यक्ति हो ।[१८३]

२) "यथार्थसँग परिचयन, सत्यको सन्धान, मूल्यको संरक्षण जीवन वैविध्यमाथि एकरूपता प्रदान, जीवन शिक्षण, व्यक्तित्वको पुनरन्वेषण र मानवताको प्राप्ति उपन्यासका प्रमुख दायित्व हुन् ।"[१८४]

३) "मानवमस्तिष्कको चिरफारका साथै शारीरिक हिस्सी, सौष्ठव र संयोजनको वर्णनदेखि लिएर मानवबीचका सम्पर्क, सामाजिक दायित्व, धार्मिक र आध्यात्मिक चिन्तनको उच्चता तथा ऐतिहासिक र भौगोलिक वर्णनजस्ता सभ्यता संस्कृति र कलालाई संरक्षण गर्ने समस्त भावनात्मक, विचारात्मक र शारीरिक भौतिक तथ्य र तत्त्वहरूको गाद्यिक विवेचना नै उपन्यास हो ।"[१८५]

४) "कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान् बनाउँछ ।"[१८६]

५) "उपन्यास गद्यमा लेखिएको त्यो विधा हो, जसमा मानव जीवनको विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति हुन्छ ।"[१८७]

६) "बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा श्रृङ्खलावद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिको समय र स्थानभित्र विस्तारित भएको कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।"[१८८]

---

१८३ कृष्णहरि बराल, ***पूर्ववत्,*** पृ. ७ ।

१८४ ***ऐजन*** ।

१८५ ***ऐजन*** ।

१८६ ***ऐजन*** ।

१८७ ***ऐजन*** ।

१८८ ***ऐजन*** ।

७)	“उपन्यास मानवजीवनको चित्रण गर्ने विशालकाय गद्यरचना हो ।”[१८९]

८)	“पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।[१९०]

उपन्यासलाई जीवनको नवीन रस सृजना गर्ने वस्तुका रूपमा लिने गरिन्छ । जीवनका यथार्थ चित्रणका प्रस्तुतिहरू, जीवनका यथार्थिक घटनाहरूलाई कलात्मक रूपमा प्रस्तुति गर्नु नै उपन्यास हो । यसको अङग्रेजी (Nobel) शब्दबाट प्रचलित छ । जसको मूल ल्याटिन भाषाको (Nobows) अर्थात (Novows) हो । अङग्रेजी प्रचलित (Nobel) शब्दको सारवस्तु जीवनको इतिवृतलाई कलात्मक ढंगले अभिव्यक्त गर्नु नै उपन्यास हो । उपन्यासमा जीवन घटना, सामाजिक परिवेशमा देखिएका समस्याहरूलाई पात्रको माध्यमबाट प्रस्तुति गरी समाजलाई प्रदान गर्ने एक विधा मान्न सकिन्छ । यो अरू विधाभन्दा विस्तृत हुन्छ ।

## ४.३ नेपाली उपन्यासको कालक्रमिक अध्ययन

नेपाली उपन्यासको इतिहास हाम्रो वैदिक, औपनिषदिक, पौराणिक, ब्रत तपोध्याय र तिनका महिमागानसँग सम्बद्ध रचना ग्रन्थहरूले उपन्यास विधाको इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । ललित साहित्य गद्य परम्परामा देखिन आएका दशकुमार चरित्र, कादम्बरीजस्ता ग्रन्थहरूले उपन्यासको फाँटलाई फराकिलो बनाउन सघाउ पुऱ्याएको छ । आख्यान परम्परामा संस्कृत साहित्यका इतिहासले नेपाली साहित्यका पूर्वभूमिकालाई मलिलो पार्ने काम गरेका छन् । नेपाली भाषामा उपन्यास लेखिनुभन्दा पूर्व आख्यान परम्पराको इतिहास लामो छ । त्यसलाई उपन्यासको रूपमा लिन नमिले पनि आख्यान साहित्यको क्रमबद्धताको पूर्वसन्दर्भका रूपमा लिन सकिन्छ । उपन्यासमा आख्यानात्मकता, गद्यात्मकता, चरित्रविन्यास र मानवजीवनको व्यापकवृत्त प्रयोग हुनु अपेक्षित देखिन्छ । रचनाका क्षेत्रमा यस्ता प्रयासहरूजुन जुन कृतिमा भएका छन् । ती अमुद्रित तथा मुद्रित, अभिलेख, ग्रन्थ, आचारशास्त्र, नीतिशास्त्र, उपदेश र प्रशासनिक सूचना आदिका आधारमा हाम्रो वर्तमानबाट केही सम्पर्क गर्न सकिने र सादृश्य अनुभव गर्न सकिने सामग्रीका आधारमा प्रकाशमा

१८९ ***ऐजन*** ।

१९० ***ऐजन*** ।

ल्याउन सकिने अवस्था आज पाठकसामु उपस्थित भएको छ । उपन्यासको मर्यादा र अनुशासित रूपमा नेपाली उपन्यासको आरम्भ नेपालको एकीकरण अभियानपछि भएको पाइन्छ । वि.सं. १८२६ मा सुवानन्ददासको पृथ्वीनारायण शाह, वि.सं. १८३१ को पृथ्वीनारायण शाहको दिव्योदेश आदिमा आत्मकथात्मकता, निबन्धात्मकता र निजात्मकता आदि प्रबल छ । यसकासाथै व्यङ्ग्यात्मकता र समीक्षात्मकता तत्त्व पनि दिव्योदेशमा प्रबल रूपमा देखिन्छ । उपन्यासको प्राप्त प्रामाणिक कृतिहरूलाई आधार मानेर अध्ययन गर्दा तीन भागमा वर्गीकण गरेर अध्ययन गर्न सकिन्छ ।

### ४.३.१ नेपाली उपन्यासको प्राथमिककाल

आख्यानको फराकिलो आयतन भएको कृति शक्तिबल्लभ अर्यालको विराटपर्व (१८२७) त्यसपछि सुवासनन्ददासको कविता, पृथ्वीनारायण शाहको आत्मकथात्मक निबन्ध (१८३१) ले आख्यान स्रोत ग्रहण गरेर कृतित्वको रूपमा देखा परेको पाइन्छ । आख्यान सृजनचेत भएका अर्यालले वि.सं. १८४९ मा जयरत्नाकार र वि.सं. १८५५ मा हास्यकदम्ब नाटक संस्कृतमा लेखेर हास्यकदम्बलाई चाहिँ नेपालीकरण समेत गरेका छन् । यो दुई नाटक अर्यालका मौलिक कृति हुन् । नाटकका रूपमा लेखिए पनि आख्यानवृत्तमा बढी केन्द्रित छ । यसैगरी वि.सं. १८२७ सालमा शक्तिबल्लभ अर्यालको विराटपर्व आरम्भ भएको आख्यान सृजना वि.सं. १८३३ को भानुदत्तको हितोपदेश अघि बढेको छ । संस्कृत साहित्यका नैतिक उपदेशका प्रसङ्गहरूलाई उपन्यासको पूर्वाधारको प्रसंगको रूपमा स्थापना गरेको छ । महाभारतको प्रसङ्गबाट लक्ष्मी धर्मसंवाद वि.सं. (१८५१) मा रामभद्र पाध्याद्वारा तयार पारिएको, वि.सं. १८७२ मा लिखित पिनासको कथा, वि.सं. १८५५ को दशकुमार चरित्र आख्यान श्रृङ्खला अभिवृद्धि गराउने काममा गतिशील देखिने रचना हुन् । आधुनिक लघु आकृतिका मुन्सीका तीन आहानहरू वि.सं. १८८२ को भवानीदत्त पाण्डेले प्रदान गरेको नाटक मुद्राराक्षस आख्यानात्मक सामग्री हो । यसका अतिरिक्त वि.सं. १८९० को आसपासतिर आख्यानका ग्रन्थहरू लिएर सुन्दरानन्द बाँडा आए । उनका ग्रन्थहरूमा त्रिरत्न सौन्दर्य गाथा र अध्यात्मरामायण उल्लेखनीय सामग्री हुन् । त्यसैगरी वि.सं. १८९३ मा बहत्र सुघाको कथा नेपाल पञ्चविंशतिका (१८९३), वि.सं. १९३३ मा प्रकाशित जंगबहादुरको बेलायत यात्रा वृत्तान्तले प्राथमिक कालको उपसंहार गरेको छ ।

यसरी जेजति आख्यानका आधारहरू प्राथमिककालमा रचना भए । ती रचनाहरूमा जीवनका असम्बद्धता अलौकिकता र अतिमानवीयतालाई आत्मसात् गरेको छ । मानवीय जीवनका भोगाई धरातल र सत्यता पृष्ठभूमिको रूपमा मात्र देखा परेको छ ।[९१]

## ४.३.२ नेपाली उपन्यासको माध्यमिककाल

नेपाली उपन्यास साहित्यको सन्दर्भमा माध्यमिककाल भन्नाले वि.सं. १९४१-१९९१ सम्मको समयावधिलाई मानिन्छ । नेपाली उपन्यास परम्पराको माध्यमिककालसँग निकै आख्यान सम्बन्ध नजिक छ । यस चरणका उपन्यासले पूर्णरूप मौलिकता ग्रहण गर्न नसके पनि प्राथमिकालका आख्यानले अभिलेखीय आरम्भ ल्याएजस्तै माध्यमिककालले आख्यानत्त्व ग्रहण गर्दै तथ्यगत कुराहरूलाई लिएर अगाडि बढेका छन् । यस कालका रचनाहरूले ग्रहण गर्दै आएका मूल्यका आधारमा तीन चरणमा विभाजन गरेको पाइन्छ । जस अनुसार-

१) धार्मिक र पौराणिक धाराका अनूदित पुनः सृजित रचनाहरू,

२) नैतिक औपदेशिक धारामा अनूदित पुनः सृजित रचनाहरू,

३) रम्याख्यानका विभिन्न स्रोतबाट पुनः सृजित र मौलिक रचनाहरू,

नेपाली उपन्यासका रचनागत मूल्यलाई सामाजिक चेतना र राजनैतिक पर्यावरण समेतलाई दृष्टि गर्दा नेपाली उपन्यासमा आन्तरिक शैक्षिक स्थिति, सामाजिक र राजनैतिक संरचना र नेपालको अन्य मुलुकसँगको सम्बन्ध समेत अभिव्यक्त गर्न थालेको संकेत देखापरेको पाइन्छ । यस चरणमा देखा परेका आख्यानहरूको अभिव्यक्तिलाई बुँदागत रूपमा अध्ययन गर्न सकिन्छ :

१) जङ्गवंशको पतन र शमशेरवंशको अभ्युदय,

२) गोरखापत्रको स्थापना र चन्द्रशम्शेरको सत्तारोहण,

३) सुन्दरी पत्रिकाको प्रकाशन र गोरखाभाषा समितिको स्थापना

४) मकैंको खेतीको प्रकाशन र शम्भुप्रसाद ढुङ्गेल, निर्वासनजस्ता घटनाहरूसँग जोडिएका साहित्य र संस्कृतिका घटनाहरू,

---

[९१] राजेन्द्र सुवेदी, ***पूर्ववत्,*** ३८ ।

५)	दरबार हाइस्कुलको स्थापना, भाषा पाठशालाको स्थापना र त्रिचन्द्र कलेजको स्थापनाजस्ता शैक्षिक क्षेत्रसँग सम्बन्धित घटनाहरू जीवनका प्रत्येक तत्त्व भएर देखापर्न लागेका छन् ।

माध्यमिककालमा विभिन्न प्रवृत्तिगत आख्यान स्थापित भएको देखिन्छ । नेपाली आख्यान साहित्य परम्पराले मानवीय जीवनपद्धति र सामाजिक जीवनचर्यालाई आधारशिलाको रूपमा प्रस्तुत गरेको पाइन्छ । युवा वर्गको मानसिकताको पनि केही अंश प्रदर्शित गर्न खोजेको पाइन्छ । नेपाली उपन्यासको आख्यान परम्पराले तुलनात्मक रूपमा प्राथमिककालभन्दा माध्यमिककालको विविध परम्परा र प्रवृत्तिका दिशाहरू प्राप्त गर्न सकेको पाइन्छ । यस युगमा महत्त्वपूर्ण धार्मिक प्रवृत्तिहरूमा रामायण र महाभारत यसका प्राप्ति हुन् । यसका साथै अरबी र फारसी आख्यानस्रोतका औपदेशिक र रोमाञ्चक प्रवृत्तिका आख्यानहरू पनि नेपाली उपन्यासका फाँटमा स्थापित भएको पाइन्छ । नेपाली उपन्यास क्षेत्रमा माध्यमिककालमा देखिएका आख्यान ग्रन्थहरूलाई सूचीबद्ध गरेर अध्ययन गर्न सकिन्छ :

१)	श्री स्वस्थानी व्रतकथा वि.सं. १९४२ देवराज शर्मा,

२)	भगवद्भक्ति विलासिनी वि.सं. १९४५ हरिहर शर्मा,

३)	सत्यनारायण व्रतकथा वि.स.. १९४८ दीर्घमान,

४)	दुर्गा सप्तशती वि.सं. १९४८ हरिहर शर्मा,

५)	सुखार्णव (प्रेमसागर) वि.सं. १९५० चिरञ्जीवी शर्मा,

६)	गीतगोविन्द भाषा वि.सं. १९५१ हरिहर शर्मा,

७)	एकादशी महात्म्य वि.सं. १९५२ अज्ञात,

८)	अग्निध्र रामायण वि.सं. १९५५ अज्ञात,

९)	वार्षिक ब्रतरत्नावली वि.सं. १९५६ अज्ञात,

१०)	वीरचरित्र १९६० गिरीशवल्लभ जोशी,

११)	अग्निवेश रामायण वि.सं. १९६१ अज्ञात,

१२)	स्वस्थानी व्रतकथा वि.सं. १९६१ शिखरनाथ सुवेदी,

१३)	गरुडपुराण वि.सं. १९६२ पूर्वअज्ञात,

१४)  रामबालबिलास वि.सं. १९६२ अज्ञात,

१५)  कार्तिक महात्मा वि.सं. १९६२ अज्ञात,

१६)  कृष्णाष्टमी व्रतकथा वि.सं. १९६२ अज्ञात,

१७)  हरितालिका व्रतकथा वि.सं. १९६२ अज्ञात,

१८)  अनन्तचतुर्दशी व्रतकथा वि.सं. १९६२ अज्ञात,

१९)  महाभारत मौसलपर्व वि.सं. १९६४ सदाशिव शर्मा,

२०)  विदुलापुत्र संवाद वि.सं. १९६५ हरिहर शर्मा,

२१)  आर्य राजधर्म वि.सं. १९६७ हरिहर आदी,

२२)  गोरखा संक्षिप्त भारत वि.सं. १९७४ चक्रपाणि चालिसे,

२३)  गर्व भजन वि.सं. १९७४ कृष्णचन्द्र अर्याल,

२४)  बद्रीकेदार महात्मा वि.सं. १९८० श्रीरत्न शर्मा,

२५)  शुकसागर वि.सं. १९८२ पद्मप्रसाद उपाध्याय

नेपाली उपन्यासक्षेत्र विभिन्न प्रवृत्तिका आख्यान ग्रन्थहरूका साथै धर्म, कर्म र नीति नियमका नाममा आयात भएका आदर्श, मर्यादा, नैतिक मर्यादा, जस्ता चरित्र निर्माणका लौकिक उपलब्धिहरू नै उल्लेखनीय रहेका छन् । अध्यात्म र पारलौकिक मार्गको अन्वेषणमा मानवजीवन समर्पित हुनुपर्छ भन्ने आशय बोकेका अन्य भाषा स्रोतका रचनाहरूको नेपालीकरण पनि समुचित रूपमा गरिएको छ ।[१९२]

संस्कृत आख्यान भण्डारबाट नेपालीमा अध्यात्मचेतना झिकेर आयात गरी दिने उद्देश्यले तयार गरिएका रचनाहरू र गतिविधिलाई उद्घाटित गर्ने प्रक्रिया राम्ररी प्रकट भएको छ । उपदेशमूलक सूक्तिहरू, सन्देश र निर्देशनहरू पनि यस समयमा आख्यानको रूपमा प्रकट भएका छन् । यस्ता रचनाहरूले जीवनको यथार्थभन्दा परका आध्यात्मिक चिन्तन, मूल्य, मान्यता, मानवीय चरित्रका आदर्शपरक मूल्यका पक्षहरू प्रस्तुत गर्ने प्रयासमा

[१९२] ***ऐजन,*** पृ. ४० ।

रचनाहरू सृजित भएका छन् । मानव धर्म, कर्म, मृत्यु, पुनर्जन्म, मोक्ष आदिका पक्षहरू प्रस्तुत गर्ने दार्शनिक स्तरका कृतिहरू पनि यस समयमा सृजित भएका छन् । त्यस्ता रचनाहरूमा निम्न लिखित उदाहरणहरू प्रस्तुत गर्न सकिन्छ :

१) वेदान्तसार वि.सं. १९६० तीर्थप्रसाद आचार्य,

२) उपदेश मञ्जरी वि.सं. १९७३ भोजराज पाण्डे,

३) उपदेशकुसुम अर्थात शिक्षाको भण्डार वि.सं. १९७५ शिवनाथ उपाध्याय,

४) अचम्मको बच्चाको कथा वि.सं. १९८० पद्मप्रसाद उपाध्याय,

५) कर्मविपाक वि.सं. १९८३ सदाशिव शर्मा,

६) उपदेशकुसुम, रामप्रसाद शर्मा,

यस माध्यमिककालमा तेस्रो कोटीको आख्यान श्रृङ्खलामा विकास भएको आख्यान परम्परामा आधुनिक उपन्यासको आधारस्तम्भ बनेको छ । यस परम्परामा आख्यानले बढी औपन्यासिकता, संरचनात्मकताकासाथै विश्वसनीय गुण प्रस्तुत गर्न खोजेको छ । यस किसिमको लेखन प्रक्रियामा माध्यमिकालको योगदान महत्त्वपूर्ण रहेको छ । मनोरञ्जन तथा शैक्षिक सन्देश, रोचकता र उपदेश प्रदान गर्ने उद्देश्यले रचना भएका आख्यान सृजनाले त्यस समयका पूर्व अवस्थालाई प्रस्तुत गरेको छ । यस रचनाका पनि तीनवटा स्रोत छन् :

१) पहिलो स्रोत हो संस्कृत प्राकृत हुँदै नेपाली भाषामा आएको धारा,

२) हिन्दी, उर्दू, फारसी र अरबीबाट अनूदित हुँदै नेपाली भाषामा आएको धारा,

३) अंग्रेजी स्रोतबाट नेपालीमा आएको धारा,

यसरी माध्यमिकालमा स्थापित हुन आएका औन्यासिक प्रवृत्तिहरू यिनै धाराबाट प्रवाहित भएका छन् ।

**(१) पहिलो स्रोत**

संस्कृत मूलबाट नेपालीमा आएको आधार :

यस धारामा कथासरित्सागर ललित साहित्य, रामायण र महाभारतजस्ता पौराणिक स्रोतमा आधारित कृतिहरूमा वीरसिक्का वि.सं. (१९४६) शुकबहत्तरी वि.सं. (१९५०), किस्सा शुकसारिका वि.सं. (१९५९), रत्नदन्तकथा (१०६२), शुकबहत्तरी (१९६४) आदि रचनाहरू हुन् भने उल्लेखनीय प्रतिभाहरूमा शिवदत्त शर्मा, हरिहर शर्मा, रिक्थदेव र दामोदर पण्डितका नाम पाठकसामु आएको पाइन्छ । यस कालमा संस्कृतबाट मात्र होइन हिन्दी, अरबी, उर्दू र फारसी स्रोतका रचनाहरू पनि आयात गर्ने प्रचलन बढेको थियो । त्यस्ता खालका रचनाहरू कतिपय सन्दर्भमा नेपाली लोकसाहित्यका रूपमा देखिन थालेको पाइन्छ । यस लोक आख्यानका रूपमा प्रयुक्त रचनाहरू निम्नानुसार छन् :

१) लालहीराको कथा वि.सं. १९५० अज्ञात,

२) मधुमालतीको कथा वि.सं. १९५१ अज्ञात,

३) मधुमालतीको कथा वि.सं. १९८१ गौरीप्रसाद उपाध्याय,

४) लालहीराको कथा वि.सं. १९८३ पद्मप्रसाद उपाध्याय,

५) मधुमालतीको कथा वि.सं. १९८५ तिर सदाशिव शर्मा,

६) मधुमालतीको कथा वि.सं.१९९२ भवानीशंकर खतिवडा,

यसरी सबैखाले रचनाहरूका अध्ययन गर्दा नेपाली साहित्यको गति र स्थितिका साथै आख्यानपरम्पराको क्रममा सृजित रचनाहरूले जटिल, गहनरूपमा गुज्रिरहेको नेपाली लोकसाहित्यलाई सरल, मनोरञ्जनात्मक तहमा उतार्ने काम यस आख्यान प्रवृत्तिमा सृजित आख्यानले गरेको पाइन्छ । विदेशी मूलबाट नेपालीमा आयात हुने आख्यान परम्परामा हिन्दी, उर्दू, अरबी, फारसी र अंग्रेजी स्रोतका छन् । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१) गोरखाहास्य मञ्जरी वि.सं. १९५२ रामकृष्ण वर्मा,

२) वीरसिक्का (दोस्रो-अन्तिम) वि.सं. १९५२ शिवदत्त शर्मा,

३) सर्वसङ्ग्रह चुटकिला वि.सं. १९५३ गंगाधर शास्त्री,

४) चन्द्रकान्ता (पहिलो भाग) वि.सं. १९५६ देवकीनन्दन खत्री (हिन्दी),

५)	वीरबल चातुरी वि.सं. १९५६ नरदेव पाण्डे,

६)	नरेन्द्र मोहनी वि.सं. १९५८ देवकीनन्द खत्री (हिन्दी),

७)	नरेन्द्र मोहनी वि.सं. १९६२ सदाशिव शर्मा (हिन्दी),

८)	सुन्नेकथा (पहिलो गुच्छ) १९७१ भैरवप्रसाद शर्मा (फारसी),

९)	चन्द्रशेखर वि.सं. १९७२ बङ्किम चन्दं (अनु। गम्भीरध्वज शाह, वङ्गाली),

१०)	बिलायत यात्रा वि.सं. १९७६ पारसमणि प्रधान (हिन्दी),

११)	ध्रुव वि.सं.१९७५ सतीशचन्द्रदास (अनु.भक्तवीर, बङ्गाली),

१२)	सुनकेसरा रानीको कथा वि.सं. १९७८ पद्‌मप्रसाद उपाध्याय, (फारसी),

१३)	महाठगको कथा वि.सं. १९८०-१९८१ विचित्र कवि (हिन्दी),

१४)	हात्तीमत्ताई वि.सं. १९८१ शम्भुप्रसाद ढुङ्गेल (उर्दू),

१५)	गुलवकावली वि.सं १९८१ शम्भुप्रसाद ढुङ्गेल (उर्दू)

१६)	वीरबल कौतुक वि.सं. १९८२ सदाशिव शर्मा (हिन्दी),

१७)	अकबर-वीरबल विनोद वि.सं. १९८२ गौरीशंकर शर्मा (हिन्दी)

१८)	अलिबाबा अर्थात् चालीस चोर वि.सं. १९८२ रामप्रसाद सत्याल (उर्दू),

१९)	अल्लादीनको चिराग वि.सं. १९८३ शम्भुप्रसाद ढुङ्गेल (अरबी),

२०)	तोतामैनाका कथा वि.सं. १९८४ शम्भुप्रसाद ढुङ्गेव (अरबी),

२१)	शर्मिष्ठा वि.सं. १९८५ ऋद्धिबहादुर मल्ल (बङ्गाली),

२२)	अचम्मको बच्चाको कथा वि.सं. १९८५ पद्‌मप्रसाद उपाध्याय (हिन्दी),

२३)	वीरसिक्का वि.सं. १९८६ होमनाथ केदारनाथ (हिन्दी),

२४)	दुर्गेशनन्दिनी वि.सं. १९९० बङ्गीमचन्द्र (अनुवाद) शिवप्रताप शमशेर (बङ्गाली), ।[१९३]

नेपाली साहित्यका अंग्रेजी स्रोतको पनि गहिरो प्रभाव परेको छ । भारतीय परिवेशलाई शैक्षिक थलो बनाएर शिक्षा आर्जन गर्ने नेपाली विद्यार्थीहरूले अंग्रेजी

---

[१९३] ***ऐजन,*** पृ. ४२-४३ ।

साहित्यबाट आफूले मूलस्रोत ग्रहण गर्दै नेपालीमा त्यस प्रवृत्तिलाई भित्र्याउँदै अनुवाद गर्ने परम्परा आरम्भ गरे । जुन अनुवाद परम्परामा रचना भएका रचनाहरू निम्नानुसार छन् :

१) पुरानो अनि नयाँ शास्त्रको कथा वि.सं. १९७५ मन्सिनर (अंग्रेजी),

२) मेरिना चरित्र वि.सं. १९५९ शेक्सपियर (अनु.) नरदेव पाण्डे

३) प्रभुभोज वि.सं. १९६४ मिस गोलन र गंगाप्रसाद प्रधान (अंग्रेजी),

४) रेशमको लुगा बन्ने सहद भन्ने मान्छेको कथा १९६६ गंगाप्रसाद (अंग्रेजी),

५) नाइटिङ्गल अर्थात् मीठो गीत, वि.सं. १९६७ गंगाप्रसाद (अंग्रेजी),

६) अलिबेओसेर नाउँ भएको मान्छेको ऋणको विषयमा वि.सं. १९६९ गंगाप्रसाद (अंग्रेजी),

७) बाँसको कथाहा वि.सं. १९७० गंगाप्रसाद (अंग्रेजी),

८) अग्ली डक्लिन अर्थात् हाँसको चल्ला वि.सं. १९७१ अमरसिंह थापा (अंग्रेजी),

९) एक बतौरे साथी वि.सं. १९७३ मिस गोलन र गंगाप्रसाद (अंग्रेजी),

१०) मान्छेको माछाको कथाहा वि.सं. १९७७ मिस गोलन र गंगाप्रसाद (अंग्रेजी),

११) मामा रिम्स वि.सं. १९७८ एच्.जी. व्लुमफिल्ड,

१२) नीतिकथा समुच्चय १९९० रुद्रराज पाण्डे (इशप नीति कथा)

यसरी माध्यमिककालमा तेस्रो कोटीको आख्यान शृङ्खलामा विकास भएको आख्यान परम्परा आधुनिक उपन्यासको आधारस्तम्भ बनेको छ । यस परम्परामा आख्यानले बढी औपन्यासिकता संचनागत विश्सनीयता गुण प्रस्तुत गर्दै अगाडि बढ्न खोजेको पाइन्छ । यस किसिमको लेखन प्रक्रियामा माध्यमिककालको योगदान महत्त्वपूर्ण रहेको छ । मनोरञ्जन तथा शैक्षिक सन्देश रोचकता र उपदेश प्रदान गर्ने उद्देश्यले रचना भएका आख्यान सृजनाले त्यस समयका यी गुणहरू प्रस्तुत गरेका छन् । यस्ता रचनाहरूमा तीनवटा स्रोत परेका छन् :

१) संस्कृत प्राकृत हुँदै नेपालीमा रूपान्तरण भएको धारा,

२)	हिन्दी, उर्दू, फारसी र अरबीबाट नेपालीमा रूपान्तरित धारा,

३)	अंग्रेजीबाट नेपालीमा रूपान्तरित धारा आदि हुन् ।

नेपाली उपन्यास साहित्यका माध्यमिक कालका संस्कृत साहित्यका पुराण-आख्यानका धर्म, कर्म र पुरश्चरण उपासना सामग्रीहरू भगवद्‌भक्ति र गुणानुवादहरूका नीति-उपदेशका प्रसंगहरूको ईश्वरीय चिन्तनका प्रसंगहरूलाई लिएर सृजना भएका छन् । यस परम्परालाई संस्कृत स्रोतमा आधारित गर्दै निर्माण गरेका आख्यानले उपन्यास साहित्यको आख्यान चेत विस्तार गर्ने काममा पूरै मद्दत गरेको छ । यसैगरी नेपाली उपन्यास जगत्‌लाई उर्वर तुल्याउने खालका अरवी र फारसीका रचनाहरू नेपालीमा रूपान्तरित भएर आउन थालेका छन् । नेपाली उपन्यासका आधारशिलामा जरा गाड्‌न आएका आख्यान स्रोतका रचनाहरूले उपन्यास विधालाई आधुनिकतातिर उन्मुख बनाएको तथ्य पनि पाइन्छ । नेपालबाट भारत पढ्‌न पुगेका स्रष्टाचेत भएका विद्यार्थीहरूबाट विदेशी साहित्यका आधुनिक आख्यान सामग्रीहरू अनूदित हुनाले नेपाली आख्यान भण्डार पनि सम्पन्नतातिर अभिमुख हुँदै गएको देखिन्छ । यसरी अंग्रेजी साहित्य विख्यात स्रष्टा शेक्सपियरका रचनाहरू वाइबल र टेष्टामेन्ट जस्तो आख्यानात्मक ग्रन्थहरूको नेपालीकरण गर्ने काम पनि यसै समयमा भएको छ । यस कालका रचनाकारहरू यिनै पुरानो आख्यान स्रोतमा अल्मलिँदै आधुनिकताको अन्वेषणमा संलग्न भएको पाइन्छ । त्यसैगरी विभिन्न प्रवृत्तिका रचनाहरू अद्‌भूत कथानक र जादूगरीका चरित्रविन्यासहरू तिलस्मी घटनाको तारतम्यहरू, धार्मिक र पौराणिक आख्यानहरू नीति र औपदेशिक परम्पराका मूल्यहरू पनि माध्यमिक आख्यानका प्राप्ति हुन् । पात्रको अतिमानवीय मानसिकता र अव्यवस्थित वस्तुयोजनाको समीकरण गराउने रचना यस समयका आख्यानको उपलब्धि हुन् । अरू भाषामा लेखिएका मनोरञ्जनात्मक, रमणीयताका दृष्टिले सिर्जित कथाहरूलाई पनि नेपाली भाषामा रूपान्तरित गर्ने काम यस कालमा भएको देखिन्छ । यसमा उदाहरणको रूपमा लालहीराको कथा, मधुमालतीको कथा, सुनकेस्रा मैयाँको कथा, कथा सरित्सागरका कथाहरू नेपालीकरण गरिएका छन् । कौतुक र साहसका कथाहरू, अतिरञ्जना प्रेमका कथाहरू अलिफ लैला, चहार-दरवेश अमीर हमजा दस्ताना गुलसनोवर,

गुलवकावली, हात्तीमताइ, तिस्मे र इहरूवा जस्ता रचनाहरू नेपालीमा उपलब्ध छन् । यी आख्यानहरू नेपालीमा विशुद्ध मनोरञ्जनका प्रतीक बनेर देखा परेका छन् ।[१९४]

तात्कालीन नेपालका शासकहरूले दरबारमा आयात गरेका विदेशी उस्तादहरूबाट तयार गरिएका नाटक, गीति रूपकहरू प्रदर्शित हुने गर्दथे । ती गीत तथा नाटकहरूका आख्यानको मात्रा प्रबल रहन्थ्यो । यसै समयमा विभिन्न भाषाका मौलिक रचनाहरूले पनि नेपाली दर्शकहरूका मनमा घर बनाउन आइपुगेका तथ्यहरू पनि देखा परेका छन् । यस विभिन्न भाषाहरू, उर्दू, फारसी र अरबीका रचनाहरू मध्यएसिया र पश्चिम एसियाका आधुनिक एवं मध्यकालीन साहित्यले खास गरी नाटक रूपक कथा र आख्यानबाट प्रखरता स्थापित गर्दै आएको देखिन्छ । यसरी नाटकका माध्यमबाट नेपाली साहित्य जगत्को आख्यान क्षेत्रमा प्रभाव जमाउन आउने आख्यानहरू अबोला मैया, अपूर्व मैया, अपूर्व धनी, महाठगको कथा, सुन्ने कथा, अल्लादिनको चिराग र चार रङ्गका माछाजस्ता कृतिहरू नाटकका रूपमा आगमन भएर नेपाली आख्यानजगत्लाई अगाडि बढ्न निकै ठूलो सहयोग पुऱ्याएका छन् ।[१९५]

बंगाली र हिन्दी भाषामा रचित मौलिक उपन्यासहरू नेपाली आख्यानजगतका आधारशिला बन्नुभन्दा पहिला नै मध्यकालीन तिलस्मी र ऐयारी साहसी र श्रृङ्गारका कथाहरूले विस्तारै आधुनिक स्वरूप प्राप्त गर्न थालेको देखिन्छ । नेपाली उपन्यासको जग बसाउन उर्दूका हमजा तिलस्मी इहरुवा जस्ता कृतिहरूले पनि गहकिलो योगदान दिएका छन् । यसै क्रममा वि.सं. १९८० तिर देवकीनन्दन खत्रीको चन्द्रकान्ता उपन्यासलाई शम्भुप्रसाद ढुङ्गेलले नेपालीकरण गरे ।[१९६] वीरसिक्काको सदाशिव शर्माले नेपालीकरण गरे ।[१९७] यी लेखकहरूले औपन्यासिक क्षेत्रलाई आधुनिकतातिर अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

---

[१९४] ***ऐजन,*** पृ. ४६ ।

[१९५] ***ऐजन,*** ।

[१९६] ***ऐजन,*** पृ. ४७ ।

[१९७] ***ऐजन,*** ।

नेपाली उपन्यास क्षेत्रलाई विभिन्न कृतिहरूले सघाउ पुऱ्याए जस्तै पत्रपत्रिकाले पनि अहम्भूमिका निर्वाह गरेको देखिन्छ । पत्रपत्रिका तथा साहित्यिक पत्रिकाहरूले नेपाली उपन्यासलाई आधुनिकतातिर डोऱ्याउन महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । यसैले वि.सं. १९४६ सालमा प्रकाशित वीरसिक्काबाट उपन्यास क्षेत्रमा रम्याख्यान सृजना परम्पराको आरम्भ भयो । वीरसिक्काले नेपाली आख्यान परम्परामा अद्भूत कथाको प्रस्तुति, जादूगरी चरित्रको विन्यास र रोमान्सेली प्रवृत्तिको उपन्यासको आरम्भ भएको हो । यसपछि दोस्रो चिरञ्जीवी शर्माको सुखार्णव । यी विभिन्न कृतिको माध्यमबाट श्रीमद्भागवत् आद्यन्त आख्यानलाई उपन्यासमा ढाल्ने महत्त्वपूर्ण काम भएको हो । नेपाली उपन्यास क्षेत्रले संस्कृत आख्यान परम्पराको पुरानो मूल्यलाई चटक्क छोडेर नयाँ मूल्य र प्रवृत्ति हिन्दीको औपन्यासिककला अंगालेर वि.सं. १९६० मा पहिलोपल्ट जन्म हुने अवसर गिरीशवल्लभ जोशीको वीरचरित्रले पायो । वीरचरित्र वि.सं. १९५६ मा लेखिएर वि.सं. १९६० मा प्रथम भाग छापिएको प्रस्तुत उपन्यास नेपाली परम्पराको प्रथम मौलिक आधारशिलाको रूपमा देखा पऱ्यो ।[१९८] दोस्रो प्रारब्ध दर्पण पनि जोशीकै हो ।[१९९] यो वि.सं. १९५७ मा लेखिएर वि.सं. २०४४ सालमा शरद्चन्द्रका सम्पादकत्वमा प्रकाशित भएको लघु आकृतिको उपन्यास हो । प्रारब्ध दर्पणपछि तेस्रो नेपाली औपन्यासिक कृति बहादुर चरित्र वि.सं. १९५७ मा लेखिएको लघु आकारको कृति हो । प्रेम, पराक्रम, सौर्य र सुन्दरता प्रस्तुत गरेको यस उपन्यासको स्रोत कथासरित्सागरलाई मानेको छ । यस औपन्यासिक कृतिपछि चौथो औपन्यासिक चन्द्रकला आदित्सेन आजसम्म अमुद्रित अवस्था रहेको तेह्र अंकमा विभाजित छ ।

नेपाली उपन्यास जगत्को पहिलो उपन्यासकार सदाशिव शर्मा नै हुन् । उनले उपन्यास तरङ्गिणी पत्रिकामा महेन्द्रप्रभाको पहिलो भाग वि.सं. १९५९ मा नै प्रस्तुत पुस्तकाकार रूपमा छापियो ।[२००] लाक्षारञ्जित स्फटिक स्तम्भका लेखक पनि सदाशिव शर्मा नै अड्कल गरिएको छ । यस उपन्यास तरङ्गिणी पत्रिकाबाट उपन्यास श्रृङ्खलाको प्रकाशन

---

१९८ ***ऐजन,*** पृ. ४९ ।

१९९ ***ऐजन,*** पृ. ५३ ।

२०० ***ऐजन,*** पृ. ५५ ।

आरम्भ भएकोले सदाशिव शर्मा (अधिकारी) नै पहिलो उपन्यासकार मानिएको पाइन्छ भने लेखनका दृष्टिले गिरीशवल्लभ जोशीलाई पहिलो उपन्यासकार मानिएको उल्लेख छ ।

यसरी गिरीशवल्लभ जोशीको वि.सं. १९६०मा प्रकाशित वीरचरित्रपछि उपन्यास फाँटमा तेस्रो उदीयमान उपन्यासकार रामप्रसाद सत्याल कलावती, मधुवाला लघु आख्यान लिएर वि.सं. १९६३ मा सुन्दरी पत्रिकाबाट प्रकाशमा आएका हुन् ।[२०१] अनन्त, किरणशशी र प्रेमलताजस्ता उपन्यास वि.सं. १९६६ को एक वर्षमा प्रकाशित भएका छन् । सत्यालका परम्परायुक्त आख्यान कृतिहरूमा जासूसी प्रबल रूपमा पाइन्छ । त्यस परम्परामा लेखिएका उपन्यासहरू विदेशी बद्मास (२०१८) र कर्णेलको हत्या (२०१८), हिन्दीबाट नेपालीकरण गरिएका मनोरञ्जनमूलक अकबर वीरबल विलास वि.सं. (१९८१-१९८२), भोजनकालिदास ( २००५), अरबी र फारसीबाट हिन्दीमा आएका र हिन्दीबाट नेपालीकरण गरिएका अलिबाबा र चालीस चोर (१९८२), विचित्र दीपक (१९८२), हात्तीमत्ताई, गुलसनोबर, सुनकेस्रा मैया यी आदि कृति माध्यमिक कालको उत्तरसन्ध्यामा आएर प्रकाशित भएका हुन् । तर आधुनिकता प्राप्त गर्न भने सकेन, परम्परित रूपमा नै गुज्रिरहेको पाइन्छ ।

सत्यालपछि उपन्यास फाँटमा उत्तरमाध्यमिककालीन समयमा आफ्नो मौलिकरचना लिएर उदाएका छन्, पहलमानसिंह स्वाँर । पूर्वीय र पाश्चात्य दुवै साहित्यको चिन्तनबाट परिचित बहुमुखी प्रतिभा स्वाँरले औपन्यासिक यात्रालाई 'एकलाख रूपैयाको चोरी र पद्मकुमारी दुई उपन्यासले आधुनिकताको संकेत गर्न खोजेको देखिन्छ ।' वि.सं. १९७४ सालतिर उनका यी दुई उपन्यासले जीवनको प्रत्यक्ष भोगाइहरूलाई उपन्यासमा प्रस्तुत गरी नेपाली उपन्यास जगत्लाई आधुनिकतातिर डोऱ्याउन खोजेको देखिन्छ । यसरी नेपाली उपन्यासको मोड आधुनिकतातिर बिस्तारै अगाडि बढ्दै गएको देखिन्छ । यसरी अगाडि बढिरहेको उपन्यास यात्रालाई केही सहयोग वेदनाथ आचार्य वि.सं. (१९५२-२०११) ले पनि दिएको पाइन्छ । उनले नाटक लेखन र मञ्चन कार्य गरे तापनि वि.सं. १९७९ मा 'दयाकी भावी' शीर्षक एक उपन्यास प्रकाशित गरी तात्कालीन समाजको जीवनजगत्का सामाजिकपक्ष प्रस्तुत गर्ने परम्पराको थालनी र मौलिकताको दृष्टिले उनको उपन्यास महत्त्वपूर्ण देखिन्छ ।

---

२०१ ***ऐजन,*** ।

औपन्यासिकक्षेत्र अनुवाद मात्र नभई अव विस्तारै मौलिकता र समाजको जनजीवनको प्रस्तुति अगाडि बढ्दै गएको देखिन्छ । पद्मनाथ सापकोटा, 'विज्ञानविलास' उपनामबाट परिचित वि.सं. (१९४८-१९७३) ले डाक्टर सूर्यप्रसाद वि.सं. १९७३ र महारानी प्रियंवबदा वि.सं. १९७३ दुई उपन्यासले नेपाली उपन्यासमा ओजपूर्ण योगदान थपेका छन् । बौद्धिकता, शिल्पपक्ष, कलापक्षले भरिपूर्ण यी उपन्यासहरूले नेपाली समाजको जनजीवनलाई आत्मसात गरेका छन् । यसरी नेपाली उपन्यास जगत्मा जे-जति कृतिहरू प्रकाशित भएका छन् । ती कृतिहरूले आधुनिकताको संकेत गरे तापनि ठ्याक्कै आधुनिककाललाई वरण गर्न सकेनन् ।[२०२]

## ४.३.३ नेपाली उपन्यासको आधुनिककाल

नेपाली उपन्यासको क्षेत्रमा आधुनिककालको प्रारम्भ वि.सं. १९९१ देखि भएको मानिन्छ । वि.सं. १९९१ भन्दा अगाडि प्रकाशित केही कृतिहरूले आधुनिकतालाई ठयाक्कै वरण गर्न सकेनन् । वि.सं. १९९१ सालमा प्रकाशित विष्णुचरणको सुमती उपन्यासले मात्रै माध्यामिक कालको अन्त्यद्वारलाई ढप्क्याएर आधुनिकतालाई आमन्त्रण गर्ने विन्दुको रूपमा कार्य गरेको देखिन्छ ।[२०३] यसमा आधुनिक कालको मानवीय सामाजिक जनजीवनको पूर्णरूपमा आत्मसात् गरेको नपाइए तापनि माध्यमिककालीन तिलस्मी, ऐयारी र साहसीजस्ता विशेषताहरू कमजोर हुँदै गएकोले विष्णुचरणको सुमती उपन्यासमा सामाजिक आदर्शोन्मुख र यथार्थता प्रस्तुत भएको पाइन्छ । जसरी विभिन्न काल पार गर्दै नेपाली उपन्यासको विकास र विस्तार भएको छ त्यसरी नै सुमती उपन्यासको प्रवेशपछि विभिन्न वाद र धाराहरूमा आबद्ध भएर हुर्कदै आइरहेको छ । वि.सं. १९९१ सालमा रुद्रराज पाण्डेको रूपमती उपन्यासदेखि आजसम्मको अवधिमा विभिन्न महत्त्वपूर्ण धाराहरू र तिनका आरम्भविन्दु यसप्रकार छन् :[२०४]

| क्र.सं. | धारा | आरम्भविन्दु | वि.सं. | उपन्यासकार |
|---|---|---|---|---|
| १. | आदर्शोन्मुख यथार्थवादी | रूपमती | १९९२ | रुद्रराज पाण्डे |

२०२ ***ऐजन,*** पृ. ६१ ।

२०३ ***ऐजन,*** ।

२०४ ***ऐजन,*** पृ. ६९ ।

| | | | | |
|---|---|---|---|---|
| २. | स्वच्छन्दतावादी धारा | भ्रमर | १९९३ | रूपनारायण सिंह |
| ३. | सामाजिक यथार्थवादी धारा | मुलुकबाहिर | २००४ | लैनसिंह वाङ्देल |
| ४. | ऐतिहासिक यथार्थवादी धारा | वसन्ती | २००४ | डायमन शम्शेर |
| ५. | अतियथार्थवादी धारा | लङ्गडाको साथी | २००८ | लैनसिंह वाङदेल |
| ६. | आलोचनात्मक यथार्थवादी धारा | स्वास्नी मान्छे | २०११ | हृदयचन्द्रसिंह प्रधान |
| ७. | नारीवादी धारा | स्वास्नीमान्छे | २०११ | हृदयचन्द्रसिंह प्रधान |
| ८. | मनोविश्लेषणवादी धारा | पल्लोघरको झ्याल | २०१६ | गोविन्दबहादुर गोठाले |
| ९. | प्रकृतवादी धारा | पल्लोघरको झ्याल | २०१६ | गोविन्दबहादुर गोठाल |
| १०. | विसंगतिवादी धारा | आज रमिता छ | २०२१ | इन्द्रबहादुर राई |
| ११. | अस्तित्ववादी धारा | शिरीषको फूल | २०२२ | पारिजात |
| १२. | समाजवादी यथार्थवादी | को अछुत ? | २०११ | मुक्तिनाथ तिमिल्सना |
| १३. | मिथकीय यथार्थवादी | सुम्निमा | २०२७ | विश्वेश्वरप्रसाद कोइराला |
| १४. | नवचेतनामूलक | रातको बाह्र बजे | २०५५ | तेजराज खतिवडा |
| १५. | नवचेतनामूलक | शरणार्थी | २०५६ | कृष्ण धरावासी |
| १६. | नवचेतनामूलक | मातृ सम्भोग | २०६० | स्वागत नेपाल |
| १७. | नवचेतनामूलक | पल्पसा क्याफे | २०६१ | नारायण वाग्ले |

यसरी विभिन्न धाराको रूपधारण गर्दै आजको नवचेतनामूलक धारासम्म आधुनिक नेपाली उपन्यासको परम्परा विकसित भएको छ ।[२०५]

## ४.३.४ नेपाली उपन्यास परम्परामा सुम्निमा उपन्यासको अध्ययन

---

[२०५] ***ऐजन,*** पृ. ६९-५०१ ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको तेस्रो औपन्यासिक कृति सुम्निमा (२०२७) हो । अरू उपन्यासहरूमा विश्वेश्वरप्रसाद कोइरालाले यौनमनोविश्लेषणकासाथ मानवमनमा रहेका दमित यौनेच्छाहरू, कुण्ठित भावनाहरूको वैचारिक विश्लेषण प्रस्तुत गरेका छन् भने सुम्निमा उपन्यासमा मानवमनमा रहेका यौन कुण्ठा, यौनेच्छा मात्र नभई सामाजिक विविधता, आर्य र अनार्य संस्कारका साथै मानव जीवन सफलताका लागि भोगवादी प्रवृत्ति र योगवादी प्रवृत्तिको समन्वयात्मक रूपबाट हुन सक्दछ भन्ने पुस्ट्याई भोगवादी प्रवृत्तिको तथा अनार्य संस्कृतिको प्रतिनिधित्व नारी पात्र सुम्निमा र पुरुष पात्र सोमदत्तले आर्य संस्कृति तथा योगवादी प्रवृत्तिको प्रतिनिधित्व गराएर जीवन सफलताको शिखरमा पुग्न कुनै पनि एक पक्षले मात्र संभव नहुने पुस्ट्याई उपन्यासमा प्रस्तुत गरेका छन् । योगवादी प्रवृत्तिले मात्र पनि जीवन सार्थक नहुने र भोगवादी प्रवृत्तिले मात्र पनि जीवन सफल नहुने आफ्नो वैचारिक प्रस्तुति उपन्यासकारले दुई भिन्न पात्र र दुई भिन्न संस्कृतिको माध्यमबाट गरेका छन् ।

सुम्निमा उपन्यासद्वारा आर्य र अनार्य, भोगवाद र योगवाद, देहवाद र आत्मवाद, मानवतावाद र ईश्वरवादको पक्षमा दार्शनिक विचार प्रस्तुत गरेको पाइन्छ । फ्रायडीय मनोविश्लेषण शैलीलाई अँगालेर तयार पारेको सुम्निमाा मानवीय चाहनाको चिरफार गरी प्रस्तुत गर्ने कार्य भएको पाइन्छ । योगवादको प्रतिनिधित्व आर्यपात्र सोमदत्तले आर्य संस्कृतिको पक्षमा वकालत गरेका छन् तथा आत्मपक्षको वकालत गरेका छन् । आत्म नै जीवन सफलताको साधन हो । आत्मवादी साधनाले नै मानवत्वबाट ईश्वरत्व प्राप्त हुन्छ । आत्मा र परात्माको योगबाट नै मानवमुक्ति प्राप्त हुन्छ । मोक्ष प्राप्त हुने मार्ग नै आत्मवाद हो । मानवमुक्ति प्राप्त गर्ने मार्ग नै योगवाद हो भनी पुरुषपात्र सोमदत्तले योगवादको वकालत गरेका छन् । त्यसैगरी भोगवादको वकालत नारीपात्र सुम्निमाले भोगबाट नै जीवन सार्थक र सफल हुन्छ भनेर शरीर पक्षको वैचारिक प्रस्तुति गरेकी छिन् । आत्मा प्रत्यक्ष देखिँदैन त्यसलाई विश्वास गर्न सकिँदैन । अदृश्य वस्तुमा विश्वास गर्न गाह्रो हुन्छ । जीवन भनेको प्रत्यक्ष देखिने वस्तुको उपभोग गर्नु हो । यसबाट जीवन सफल हुन्छ । शरीर भोग गर्नु वा प्रत्यक्ष रूपमा जीवनको अनुभूति गर्नु अनार्य वा भोगवाद हो भनी नारीपात्र सुम्निमाले अनार्य जातिको संस्कार वा भोगवादको पक्षमा वैचारिक प्रस्तुतिका साथ वकालत गरेकी छिन् ।

सुम्निमा उपन्यासको सैद्धान्तिक वा वैचारिक विश्लेषण नै आर्य र अनार्यबीचको अन्तर, देहवाद र आत्मवादको बारेमा तर्कवितर्क, अध्यात्मवाद र भौतिकवादको बारेमा वैचारिक विश्लेषण, योगवाद र भोगवादको दार्शनिक प्रस्तुतिमा नै सुम्निमा उपन्यासको विषयवस्तु केन्द्रित छ । मानव जीवनमा यौन अति आवश्यक वस्तु हो । यौनेच्छा कुण्ठित र दमित भएमा अनेक विकृति पैदा हुन्छन् भन्ने यथार्थलाई दुई पात्रको तर्क-विर्तकबाट उपन्यासकारले आफ्नो वैचारिक प्रस्तुति दिएका छन् । जुन सुम्निमा उपन्यासको विषयवस्तु सुन्दरीजल बन्दीगृहमा रहँदा आफ्ना राजनीतिक मित्रहरू देवानसिंह राई भौतिक वा भोगवादको पक्षधर र रामनारायण मिश्र चाहिँ योगवाद वा अध्यात्मवादको पक्षधरका बीचमा भएको चर्को वैचारिक तर्क-विर्तक र सैद्धान्तिक विश्लेषणलाई प्रत्यक्ष रूपमा देख्न र सुन्न पाएको हुँदा यही वाद-विवाद वा सैद्धान्तिक विश्लेषणलाई उपन्यासमा उतारी वैचारिक प्रस्तुति गरी मानव जीवन कुनै पनि एकपक्षले मात्र पूर्ण र सार्थक हुँदैन । मानवजीवन सुखी र सफल हुनका निमित्त भोगवाद वा योगवाद तथा भौतिकवाद र अध्यात्मवादको समन्वयात्मक रूपबाट मात्र संभव हुने कुरालाई पुस्ट्याई गरिएको छ । आत्म वा अध्यात्मवादले मात्र पनि मानव जीवन अपूरो हुन्छ र शरीरवाद मात्र पनि सबै कुरा होइन भनी उपन्यासकारले मानव जीवनको आवश्यकता यी दुवै हुन् भन्ने दार्शनिक र वैचारिक अभिव्यक्ति प्रस्तुत गरेका छन् । समन्वयवादबाट मात्र मानव जीवन सफल हुन्छ भन्ने तार्किक सन्देश दिन खोजिएको छ ।

सुम्निमा उपन्यासमा नेपाली समाजमा प्रचलित विभिन्न संस्कार वा संस्कृतिको खोतलखातल गरी मानव समाजमा रहेका भिन्न संस्कृति, संस्कारहरूको गहिरो अध्ययन गरी एउटै समाजमा पनि कुनै आत्मपक्षमा प्रबल विश्वास गर्ने संस्कृति छन् भने कुनै देहपक्षलाई तथा प्रत्यक्ष देखिने र भोगिने कुरामा मात्र विश्वास गर्ने संस्कार वा संस्कृति छन् भन्ने उपन्यासकारले आफ्ना वैचारिक र दार्शनिक अभिव्यक्तिलाई सुम्निमा उपन्यासमा आर्य संस्कृति भनेको आत्मपक्षको संस्कृति हो । जुन संस्कृति आत्मालाई शुद्ध र एकाग्र राखी ईश्वरत्व प्राप्त गर्न तथा मानवमुक्ति प्राप्त गर्न समाधिमा लीन हुने संस्कृति हो । जुन संस्कृतिले मानव अस्तित्व कायम गर्न दुःख सुख वा वासनाबाट टाढा रही समाधिमा लीन हुनुपर्छ । ईश्वरको नाममा कुनै पनि भोग भन्ने कुरा हुँदैन र आत्मालाई एकाग्र ईश्वर प्राप्तिमा लीन गराई, त्यागी भावनामा ध्यान दृष्टि लगायौं भने मात्र ईश्वर प्राप्ति हुन्छ ।

मानव जीवनबाट मोक्ष प्राप्त गर्ने उपाय नै आत्मवादी दर्शन हो । हामी मानवबाट ईश्वर प्राप्तिमा साधनारत हुन्छौं भन्ने तर्क सोमदत्तको माध्यमबाट उपन्यासकारले प्रस्तुत गरेका छन् । आर्य संस्कृतिका प्रतिनिधिपात्र सोमदत्तले व्यक्त गरेको तार्किक अभिव्यक्ति कम महत्त्वपूर्ण छैन । सोमदत्तले हामी मानवबाट मुक्ति प्राप्त गर्न चाहन्छौं ।[२०६] त्यसैले हामी आमालाई माता शब्दले सम्बोधन गर्छौं । "यो देवभाषा हो ।"[२०७] "हामी ब्राह्मण हौं ।[२०८] तपको वलबाट देवत्व प्राप्त गर्न चाहन्छौं ।"[२०९] हाम्रो यज्ञ, धर्म-कर्म, नियम साधना यी सबै मानवमुक्तिका प्रयास हुन् भन्ने भनाइबाट नै आर्य संस्कृति भनेको अदृश्य वा आत्मपक्षलाई विश्वास गरी मानवबाट मुक्ति प्राप्त गरी देवत्व प्राप्तिमा लीन हुने संस्कार वा संस्कृति हो भन्ने अभिव्यक्तिबाट आर्य संस्कृतिको मान्यतालाई स्पष्ट पारेका छन् । त्यसैगरी मानव जीवनमा देखिने र भोगिने तथा सुख, दुःखको अनुभवका साथै मानव अस्तित्व कायम राख्न स्त्री र पुरुषको सम्भोग हुनुपर्छ ।[२१०] स्त्रीसितको भोगबिना मानवअस्तित्व कायम हुन सक्दैन । भोगबिना कुनै पनि कुराको अनुभव गर्न सकिंदैन र आफ्नै धरातलमा रहेर मात्र आफ्नो अस्तित्व कायम रहन सक्छ ।[२११] आफ्नो धरातललाई बिर्सेर अप्राप्य वस्तुको साधनमा एकाग्र रहनाले मात्र मानव अस्तित्वको साथै मानव जीवन सार्थक हुँदैन[२१२] भन्ने प्रबल मतलाई अघि सारेको संस्कृति अनार्य पात्र सुम्निमाको भनाइ सुम्निमा उपन्यासको "मान्छे भएर देवता हुन खोज्नु असल होइन ।"[२१३] "मान्छेको धर्म त्यो होइन । "द्यौता भएर बस्नु खोज्दा मान्छे नै हुँदैन ।"[२१४] भन्ने भनाइहरूले आफ्नै धरातलमा बसेर प्रत्यक्ष देखिने र भोगिने कुराले मात्र मानव अस्तित्व कायम हुन्छ भन्ने तर्क अघि सारिएको अनार्य संस्कृति भनेको देहवादी वा शरीरपक्षलाई विश्वास गर्ने, प्रत्यक्ष देखिने संसारिक विषयमा विश्वास गर्ने संस्कृति हो । यसरी एउटै नेपाली समाजभित्र पनि अनेकौं संस्कृतिहरू छन् भन्ने सांस्कृतिक

---

२०६ विश्वेश्वरप्रसाद कोइराला, **सुम्निमा**, आ.सं., (ललितपुर : साझा प्रकाशन, २०२७), पृ. ७ ।

२०७ ***ऐजन*** ।

२०८ ***ऐजन*** ।

२०९ ***ऐजन,*** ।

२१० ***ऐजन*** ।.

२११ ***ऐजन*** ।

२१२ ***ऐजन*** ।

२१३ ***ऐजन*** ।

२१४ ***ऐजन*** ।

विविधतालाई खोतलखातल गरी नेपाली समाजको परिचयात्मक अध्ययनलाई पनि विशेष जोड दिन खोजिएको छ ।

फ्रायडीय मनोविश्लेषण सिद्धान्तबाट प्रभावित उपन्यासकारले समाजमा नारी र पुरुषको यौनेच्छा, मनमा दमित यौन कुण्ठालाई खोतलेर उपन्यासमा प्रंस्तुति गरेका छन् । नारी र पुरुषको यौन सम्पर्क पनि मन र शरीर एकैसाथ हुनुपर्छ । मन एकातिर शरीर एकातिरको यौन सम्पर्कले मानवीय चाहना पूरा हुन सक्दैन भन्ने कुरालाई उपन्यासको मुख्यपात्र सोमदत्त र श्रीमती पुलोमाको यौन सम्पर्कले सफलता प्राप्त गर्न सकेन । कहिले पनि सन्तान प्राप्ति र पितृ उदारको चाहना पूरा भएन भने शरीर भोग पाप हो भन्ने सोचाइ राखेर योगमा तल्लीन भएको र मानवीय स्वभाविक यौन भावना सोमदत्तमा जागेर यौन सम्पर्क गर्न उत्साहित हुँदा पुलोमामा त्यो यौन सम्पर्कको भावना जागृत भएन । पुलोमामा त्यो भावना जागृत हुँदा सोमदत्तमा जागृत भएन । श्रीमान्, श्रीमतीबीच बिस्तारै मनोमालिन्य बढ्दै गयो । सोमदत्त सन्तान प्राप्त गरी पितृ ऋण चुकाउन नसकेको समस्याले गर्दा सोही इच्छालाई तृप्ति गर्न बालककालकी साथी सुम्निमाको बा अनार्यहरूको गुरु भएकोले केही उपाय हुन्छ कि भनी बिजुवाको घर जाँदा सुम्निमालाई नै सोमदत्तको मनुवा बुझाउन लगाउँछ । सुम्निमाले मनुवा दहमा लगेर नुहाइ दिएर, तेल लगाई मरिसकेको मनुवा तथा यौनेच्छा जगाएर घरमा राती सुम्निमा सम्झेर पुलोमासँग यौन सम्पर्क गरे । त्यसैगरी पुलोमाले पनि भिल्लयुवक सम्झेर यौन सम्पर्क गर्दा दुबैको आत्मा र शरीर एकैसाथ राखी यौन सम्पर्क गरेकोले पितृ ऋण चुकाउने सन्तान प्राप्तिको इच्छा पूरा भए तापनि पुलोमा अन्जान अवस्थामा यौन सम्पर्क भएकोले सन्तान प्राप्त भए तापनि श्रीमान् श्रीमतीबीच पारिवारिक समझदारी कायम हुन नसकी पारिवारिक सन्तुष्टि र सन्तानले पनि आमा र बुवाको माया पाउन नसकी दुःखद् रूपमा बाल्यावस्था पार गरे र हुर्के । आमा बुबाबाट समय नहुँदै टाढिनु पऱ्यो । यसैले उपन्यासबाट उपन्यासकारले यौन सम्पर्क वा भोग भावना पाप होइन । यो मानवीय आवश्यकता हो । यसमा श्रीमान् श्रीमतीको समझदारी हुनुपर्दछ । अनि मात्र परिवारमा शान्ति, सुख कायम हुन सक्छ । शरीर र मन कहिले पनि छुटिन सक्दैन । यी दुबै एकैसाथ हुँदा मात्र मानवीय जीवन सुख शान्ति हुन्छ ।

समाजमा विभिन्न संस्कार वा संस्कृति मान्ने मानिसहरू छन् । एउटै समाजभित्र अनेकौं संस्कृति अटाएका छन् । आर्य संस्कृति भनेको आत्मालाई विश्वास गर्ने, अध्यात्मवादमा विश्वास गर्ने संस्कृति हो । यो मानवीय धरातलबाट माथि उठेर देवत्व प्राप्त गर्ने साधनामा लीन हुने, शरीर भोग पाप हो[२१५] भनेर स्वभाविक यौनेच्छा नै त्याग गर्नुपर्छ भन्ने दृष्टिकोणको प्रस्तुति हो भने अनार्य संस्कृति भनेको प्रत्यक्ष देखिने वस्तु हो यसको भोग गर्नुपर्छ । शरीर भोग मानवीय अस्तित्वको लागि आवश्यक छ यसरी एकातिर आत्मालाई विश्वास गर्ने र अर्कोतिर शरीर पक्षलाई विश्वास गर्ने फरक दृष्टिकोण एउटै समाजभित्र रहेका छन् । तर सङ्क्षेपमा मानवीय अस्तित्व कायम राख्न भोगवाद र योगवादको समन्वयात्मक रूपबाट मात्र संभव हुन्छ भन्ने पुस्ट्याइँका साथ उपन्यासले मानवीय अहम्तालाई बौद्धिकतामा परिणत गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षाको झल्को उपन्यासकारले राखेको पाइन्छ । मानव जीवनमा निहित रहेको आत्म र शरीर कहिल्यै छुट्टाछुटै रहन सक्दैन । आत्मा र शरीर भिन्नाभिन्नै अवस्थामा रहेको कार्य सफलता नहुने पुस्टयाइँ उपन्यासकापात्र सोमदत्त र पुलोमाको यौन समागमबाट पनि देखिन्छ भने आत्म र शरीर एकसाथ हुँदाको कार्यमा पूर्ण सफलता हुन्छ भन्ने तार्किक निष्कर्ष सुम्निमा संझेर सोमदत्त र पुलोमाले भिल्लयुवक मनमा राखेर गरेको यौन सम्पर्कबाट सन्तान प्राप्ति र पितृ ऋण चुकाउने इच्छा पूरा भएबाट पनि स्पष्ट झल्किन्छ ।[२१६] त्यसकारण मानव जीवन सफल पार्न मन र शरीर एकैसाथ राखी कार्य गर्नुपर्छ भन्ने पनि मानव जगत्लाई सन्देश दिन खोजेको पाइन्छ ।

### ४.३.५ सुम्निमा उपन्यासको स्थान

नेपाली उपन्यास परम्परा विभिन्न धारामा आरुढ हुँदै आजको नवचेतनामूलक धारासम्म आइपुगेको छ । यस नेपाली उपन्यासको क्षेत्रमा मिथकीय धाराको प्रतिनिधित्व सुम्निमा उपन्यासले गरेको छ । सुम्निमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको तेस्रो औपन्यासिक कृति हो । सुम्निमा, कोइरालाका अरू कृतिहरू जस्तै मनोविश्लेषणमा मात्र सीमित नभएर सांस्कृतिक पक्ष समेत विश्लेषण गरिएको औपन्यासिक कृति हो । जसमा

---

२१५ ***ऐजन***, पृ. १८ ।

२१६ ***ऐजन***, पृ. ६९ ।

किराँती संस्कृति (अनार्य) र ब्राह्मण संस्कृति (आर्य) को व्यापक रूपमा व्याख्या गरिएको छ । किराँत संस्कृतिको प्रतिनिधित्व अनार्य नारीपात्र सुम्निमाले गरेको छ भने सोमदत्त पुरुष पात्रले आर्य संस्कृतिको प्रतिनिधित्व गरेको छ । सुम्निमाले आजको भोग नै मानवीय अस्तित्वको आधार हो । जसले पुनर्जन्म र भोलिको आशामा विभिन्न अप्रत्यक्ष विश्वास गर्दैन । किराँत संस्कृति भनेको जीवनमा भोगेका कुराहरूमा मात्र विश्वास गर्दछ । भौतिकवादी जीवन दर्शनलाई सुम्निमाले अँगालेकी छिन् भने आत्म शुद्धिले मानव मुक्ति प्राप्त हुने, ईश्वरत्व प्राप्त हुन्छ भन्ने अध्यात्मवादी सिद्धान्त सोमदत्तले अंगालेको छ । यसरी मानवमुक्ति तथा ईश्वरत्व शक्तिका लागि शरीरको भोग गर्नु पाप हो । शरीर समागम गर्नु हुँदैन । आत्माशुद्धिले मात्र ईश्वरत्व प्राप्त हुन्छ । ध्यान, जप, तप नै मानवमुक्ति मार्ग हो भन्ने धारणामा लीन भई वासनात्मक इच्छाबाट टाढा हुन्छन् । तर त्यसबाट ईश्वरत्व प्राप्त हुनुको सट्टा शरीर झन् झन् सुक्दै जान्छ । शरीरको यौनिक ग्रन्थीहरू सुक्दै जान्छ । कुरूप र बुढ्याईंको रेखा उमेर नुपग्दै कोरिंदै जान्छ । मानव अस्तित्वको लागि सन्तान प्राप्तिमा ध्यान, जप, तप र समाधि गर्छन । तर शरीरको भोगबिना यो सम्भव हुँदैन् ।

सुम्निमाले भौतिकवादी दर्शनको आत्मसात् गरेकिले सोमदत्तबाट छुटे पनि समयमै बिहे गरी छोरी जन्माएकी छे । उनी स्वस्थ रूपकी देखिन्छिन् । यसले आत्मा सन्तुष्टि शरीर भोगबाट अनुभूति गरेको छ । मानव अस्तित्वको लागि छोरी पनि जन्माएकी छे । उमेर अनुसारको यौवन धारण गरिरहेकी छे । वासनात्मक इच्छाबाट बञ्चित नभएकीले उसले जीवनको सुखको अनुभव गरी आत्मशान्ति पाएकी छे । जसले गर्दा कुरूपताको सट्टा रूपात्मक सौन्दर्यले भरिएकी छे । पारिवारिक शान्ति पनि उसले अनुभूत गर्न पाएकीले ऊ सधैँ हँसिली र सुखी देखिन्छे ।

आर्यसंस्कृतिको पक्षपाती सोमदत्तले बाबु-आमाले शरीर भोग पाप होइन । यो धर्म शास्त्रले वञ्चित गरेको छैन भन्ने कुरा आग्रह गरेपछि विवाह गर्न मन्जुर भई विवाह गर्नु विवाह पश्चात् सन्तान प्राप्तिमा ध्यान, जप, तप र समाधिले सफलता नपाएपछि बिजुवाबा कहाँ जानु र बिजुवा बाले मनुवा रिझाउन सुम्निमालाई जिम्मा लगाए । सुम्निमाले शरीरमा नुहाई, धुवाई गरी तेल लगाई दिनाले शरीरमा वासनात्मक इच्छा जागृत हुनु र सुम्निमालाई सम्झेर पुलोमालाई सम्भोग गर्दा पुलोमा गर्भवती भई छोरा जन्मनु आदि कार्यले मानव

अस्तित्वको लागि शरीरको भोग मानवीय आवश्यकता हो विनाभोग कुनै कुरा अनुभूत हुन सक्दैन । आत्मा र शरीरको सन्तुष्टिबाट मात्र मानवीय जीवन सफल, सार्थक र सुखी हुन्छ । शरीर र मन एकसाथ भए मात्र मानव अस्तित्व कल्पना गर्न सकिन्छ । आत्माको एक पक्षले मात्र पनि मानव जीवनको अस्तित्वको कल्पना गर्न सम्भव हुँदैन र शरीरको भोगविना पनि मानवीय जीवन सुखी शान्त हुन सक्दैन भन्ने यथार्थ सुम्निमा उपन्यासले प्रस्ट परेको छ । मनले चाहेको आत्माले मागेको कुरा आज भोग गर्नुपर्छ । अनि मात्र जीवन सफल हुन्छ । आत्माले माग गरेको कुरा भोग गरेन र वञ्चित र कुण्ठित गऱ्यो भने शारीरिक विकृति पैदा हुन्छ । आत्माको मागलाई वञ्चित गऱ्यो त्यो कार्य कहिले पनि पूर्ण हुन सक्दैन । त्यसैले शास्त्रसम्मत ज्ञान, ध्यान, तप र समाधिले मात्र पनि मानव अस्तित्व रहन सक्दैन । मानव अस्तित्वको लागि भोलिको धर्म, पुण्य होइन, आजको भौतिक संसारमा नै संभव हुन्छ । शरीरको भोगबिना मानव अस्तित्व रहन सक्दैन । यसरी किराँती संस्कृतिले शरीर पक्ष वा भोगवादमा विश्वास गर्दछ । जीवन भोगाई वास्तविक चाहेको कुरा, मनले मागेको कुरा भोग गर्नु शरीरवादको प्रतिनिधित्व किराँती संस्कृतिले गरेको छ । जुन सन्तान प्राप्ति शरीर भोगबाट मात्र संभव भएको छ । शास्त्रसम्मत ध्यान, जप, तप र समाधि आदिले सन्तान प्राप्ति नहुनुले आर्य संस्कृतिले मात्र मानव अस्तित्व कायम नहुने कुरालाई पुष्टि गरेको छ । यसरी दुई संस्कृतिको माध्यमबाट भौतिकवाद तथा भोगवादको प्रतिनिधित्व किराँती संस्कृतिले गरेको छ ।

आर्य संस्कृतिको वकालत तथा योगवादको पक्षमा पनि दह्रो वकालत भएको पाइन्छ । यसरी नेपाली उपन्यासजगत्मा सुम्निमा उपन्यास साँस्कृतिक उपन्यासको स्थानमा स्थापित भएको छ भने अर्को अध्यात्मवाद तथा योगवाद, भौतिकवाद तथा भोगवाद विचारधाराको संगम विन्दुको रूपमा निर्मित भएको उपन्यास हो । धारागत विशेषताका आधारमा उपन्यासको विषयवस्तु केलाउँदा मिथकीय धाराको रूप धारण गरेको उपन्यासका साथै मानव अस्तित्वको सारवस्तु प्रस्तुत भएको उपन्यासको रूपमा पनि सुम्निमालाई हेर्न सकिन्छ । सुम्निमा उपन्यासले नेपाली उपन्यास जगत्मा नयाँ धाराको थप अध्यायको प्रारम्भ गरेको छ । आर्य र अनार्य सांस्कृतिक पक्षको प्रस्तुति गरेको छ । भोगवाद र योगवादको मानव जीवनमा महत्त्वपूर्ण पक्ष, वैचारिक र भौतिकवादी दृष्टिकोण, शास्त्रसम्मत मान्यताको प्रस्तुति र शरीर पक्ष वा भोगबाट मात्र मानव जीवन सफल हुन्छ भन्ने कुरालाई

सुम्निमाले मनुवा दहमा सोमदत्तलाई नुहाई दिएर वासनात्मक प्रवृत्ति जगाइदिनु, मनमा रहेको कुरालाई भोग गर्दा जीवन सफल हुने कुरालाई सोमदत्तले सुम्निमा संझेर, पुलोमाले भिल्ल युवक संझेर यौन समागम गर्नाले सन्तान प्राप्ति हुनाले मन र शरीर एक साथ राखी सम्भोग गर्नाले मात्र मानव जीवन सफल हुने कुरा सुम्निमा उपन्यासले प्रस्तुत गरेको छ त्यसैले सुम्निमा उपन्यासलाई औपन्यासिक फाँटमा नवीन पृष्ठभूमि बोकेको एक उच्च स्थान ओगटेको औपन्यासिक कृति मान्न सकिन्छ ।

सुम्निमा उपन्यासले उपन्यास जगत्मा दुई संस्कृतिको, दुई पात्रको माध्यमबाट मानवीय जीवन सफल, सार्थक र शान्तिपूर्ण पारिवारिक वातावरणका साथै सुखी परिवारको लागि मन र शरीर एकसाथ हुनुपर्ने सन्देश दिएको छ । श्रीमान् श्रीमती बीच यौनिक इच्छामा समझदारी हुनुपर्ने सन्देश बोकेको नवीन धारामा प्रस्तुत भएको मानवीय जगत्लाई मार्गदर्शन गर्न सफल भएको उपन्यासको स्थानमा यसलाई राख्न सकिन्छ ।

सुम्निमा उपन्यासमा योगवादी प्रस्तुति पनि कम दह्रोसँग प्रस्तुत गरेको छैन । सोमदत्तले आर्य संस्कृतिको पूर्णरूपमा व्याख्या र विश्लेषण गरेका छन् । वास्तवमा सम्पूर्ण कुरा प्रत्यक्ष देखिने र भोग्नै पर्ने तर सबै कुरामा संभव पनि हुँदैन केही मात्रामा अप्रत्यक्ष र वैचारिक कुरामा विश्वास गर्नु पर्ने हुन्छ । संसारका धार्मिक प्रवर्तकहरू विचारले नै संसारमा प्रख्यात भएका छन् । वैचारिक र विश्वास पक्षले मानव जगत्मा महत्त्वपूर्ण भूमिका निर्वाह भैरहेको छ । धर्म र ईश्वरप्रतिको निष्ठा भनेको अदृश्य अप्रत्यक्ष वस्तुमा अनुशासित ढंगले रहनु हो । जसले गर्दा मानव जगत्लाई कुनै पनि कुरामा ध्यानकेन्द्रित गर्न पनि योगवादले महत्त्वपूर्ण भूमिका खेल्दछ । संसार नै विश्वासमा अडेको छ । विश्वासविना संसार चल्न सक्दैन । यसैले योगवादले पनि मानव जगत्लाई निरन्तरता र अस्तित्व कायम राख्न, शान्तिपूर्ण वातावरण सिर्जना गर्न टेवा पुऱ्याएको छ ।

भोगवादले पनि मानव अस्तित्वको साधनको रूपमा कार्य गरेको छ । भोगबिना अनुभूति र अनुभव गर्न सकिँदैन । अनुभवको लागि, अपेक्षितवस्तु प्राप्त गर्न, चाहेको मनले माग गरेको वस्तुलाई भोग्नाले मानिसको शारीरिक पक्ष, मानसिक, बौद्धिक तथा सामाजिक निरन्तरता कायम गर्नु, प्रकृतिले मिलाएको नियमलाई पालना गर्नुको साथै मानव अस्तित्वलाई बचाई राख्न भोगवादकै आवश्यकता पर्दछ । त्यसैले सांसारिक सृष्टिलाई

समन्वयात्मक ढंगले मात्र सम्भव हुन्छ । समन्वयबिना कुनै कुरा पूरा हुँदैन । सहमति, समन्वय हरेक पक्षको आवश्यकता हो भन्ने कुरालाई उपन्यासकारले देखाउन खोजेका छन् । सहमति, संझौताबिना पारिवारिक र सामाजिक शान्ति कायम हुन सक्दैन भन्ने कुरा पनि यस उपन्यासको माध्यमबाट चरितार्थ गरेको देखिन्छ ।

## ४.४ निष्कर्ष

सुम्निमा उपन्यासलाई सांस्कृतिक र धारागत रूपमा केलाएर अध्ययन, विश्लेषण गरेर मात्र पूर्ण हुँदैन । उपन्यासले व्यापक क्षेत्रलाई ओगटेको पाइन्छ । जसले गर्दा यसको विषय सीमित छैन । मान्न त सांस्कृतिक उपन्यासको रूपमा मानिएको र धारागत रूपमा मिथकीय धारामा प्रवाहित भएको उपन्यासको रूपमा स्विकारिएको छ ।

सुम्निमा उपन्यासले संस्कृतिको व्याख्या मात्र गरेको छैन वैज्ञानिक प्रस्तुति पनि गरेको छ । विज्ञानले कुनै पनि प्रयोगात्मक रूपमा प्रमाणित गर्दछ । प्रत्यक्ष र प्रस्तुतिमा विश्वास गर्दछ । त्यसैले यहाँ वैज्ञानिक प्रयोग भएको पाइन्छ । ज्ञानको अभाव, साधना र अध्यात्मवाद वा योगवादबाट मानव जीवन कति सफल र सुखी बन्न सकेको छ र आधार बिना कुनै पनि फलको आशा गर्नु धर्म, कर्म र कर्तव्य होइन अज्ञानता हो भन्ने कुरा सोमदत्तले स्त्री पुरुषको सम्भोगबिना पुत्र प्राप्तिको अपेक्षा र पितृ ऋण चुकाउने अभिलाषा राख्नु अज्ञानताको द्योतक हो भने वैज्ञानिक प्रस्तुति भौतिकवाद वा भोगवाद हो भन्ने कुरा सुम्निमा पात्रले गरेको अभिव्यक्तिका साथै शरीर भोगले आत्म सन्तुष्टि प्राप्त गरी स्वस्थ हुनु, मानव अस्तित्वको प्रतीक छोरी जन्माउनु, सुखी र शान्त वातावरणमा रम्नु भोगवादका प्राप्ति हुन् । त्यसैले विज्ञानले सधै प्रत्यक्ष र भौतिक वस्तुको प्रयोगमा मात्र विश्वास गर्दछ । आजको वैज्ञानिक आविष्कार, वैज्ञानिक युगमा सुम्निमा उपन्यासको सुम्निमाले आफ्नो संस्कृतिको मात्र प्रतिनिधित्व नगरेर वैज्ञानिक र दार्शनिक मतलाई समेत प्रमाणित गरेकी छ र अप्रत्यक्ष कुरामा पूर्ण रूपमा लीन हुनु भनेको मानव जीवनको त्यति कल्याणकारी मार्ग होइन भन्ने कुरालाई समेत यहाँ प्रस्टयाइएको छ ।

# अध्याय : पाँच

# योगवादका दृष्टिले सुम्निमा उपन्यासको अध्ययन

## ५.१ परिचय

मिथक धाराको आरम्भ विन्दुको रूपमा सुम्निमा उपन्यास (२०२७) लाई लिइन्छ । यस उपन्यासले मिथकको शाब्दिक अर्थलाई पुष्टि गरेको छ । मिथकको अर्थ 'मौखिक वाणी' हुन्छ ।[२१७] वेद, पुराण, उपनिषद् र विभिन्न धार्मिक ग्रन्थको वर्णनलाई लिएर जातीय परम्पराको साथै मानवीय संस्कृतिको दुई पात्रको माध्यमबाट जातीय विभिन्नतालाई प्रस्तुत गरिएको छ । मिथक भनेको मानवीय संस्कृतिको अभिलेख र मानवीय प्रवृत्तिको अन्वेषण गरिएको प्रतीकात्मक भण्डार हो ।[२१८] यो कुरालाई उपन्यासको प्रारम्भ खण्ड उपकथा शीर्षकमा नै उपन्यासकारको आफ्नो अभिव्यक्तिका साथै पौराणिक ग्रन्थ रामायणको वर्णन गरिएको छ । राम र लक्ष्मणका गुरु विश्वामित्रको वासस्थान दर्शन गर्न जाने क्रममा सीताको विवाह उत्सवले गर्दा यात्राले अर्कै मोड लिएको देखाइएको छ । जसले मिथकको अर्थलाई पुस्ट्याइँ गरेको छ । यस उपन्यासमा प्राचीन जातिहरू भिल्ल, किराँती र आर्य संस्कृतिका साथै प्राकृतिक वर्णन पाइन्छ ।

उपन्यासमा आर्य संस्कृति र अनार्य संस्कृति तथा भौतिक पक्ष र वैचारिक तथा आत्मपक्षको वर्णन गरिएको छ । मानव जीवन भौतिक र अध्यात्मपक्षको सङ्गम हो । यस अध्यायमा सुम्निमा उपन्यासमा प्रयोग भएको योगवादको अध्ययन र विश्लेषण गरिएको छ ।

## ५.२ सुम्निमा उपन्यासको घटनाक्रममा योगवादको प्रयोजन

संरचनाका दृष्टिले सुम्निमा उपन्यास पाँच अध्यायमा विभाजित छ । पहिलो अध्याय उपकथा शीर्षकमा उपन्यासकारको आफ्नो अभिव्यक्तिका साथै योगवादको प्रतीक धार्मिक

---

[२१७] कृष्णहरि बराल, नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ललितपुर : साझा प्रकाशन, २०५६), पृ. ५ ।

[२१८] ***ऐजन*** ।

ग्रन्थ रामायणको कथावस्तु जोडिएका छन् । यसले योगको शाब्दिक अर्थलाई पनि पुष्टि गर्दछ । राम र लक्ष्मणको योग छ । गुरु र शिष्यको योग छ । उपन्यासकारका आफ्नो अभिव्यक्ति र धार्मिक कथावस्तुको योग छ । किराँती जाति र भिल्ल जाति, किराँती र भिल्ल वासस्थानको वर्णन गरिएको छ । पौराणिक र ऐतिहासिक घटनाको वर्णन पाइन्छ । यसरी सुम्निमा उपन्यासको अध्याय एकमा नै योगवाद ध्वनित भएका घटनाहरू अगाडि बढेका छन् ।

## ५.२.१ सुम्निमा उपन्यासको पहिलो अध्यायमा योगवाद

सुम्निमा उपन्यासको अध्याय एकमा ब्राहमण दम्पतीले ग्रार्हस्थ जीवन छाडेर वानप्रस्थान गर्नु योगवादप्रति प्रवृत्त हुनु हो । किशोर अवस्थामा नै अनुशासनको पालना गर्नु, वेदपाठ गर्नु, भिक्षा माग्नु, संस्कारमा विश्वास गर्नु, बालक महात्मा बन्ने विश्वास गर्नु, आत्मालाई विश्वास गर्नु, अरण्यवासबाट बालक महात्मा बन्न सक्ने विश्वास गर्नु योगवादप्रति प्रवृत्त भएको देखिन्छ ।[२१९]

ऋषिहरूको कथा सुनेर बालकमा ती गुणहरू भएकोले ऋषि बन्ने विश्वास गर्नु, चतराआश्रममा आरण्य जीवनको प्रारम्भ गर्नु, माता पिताको कठोर नियम पालना गर्नु, मुक्त प्रशंसामा विश्वास गर्नु योगवादप्रतिको साधना हो । जलपात्र, सूची वस्त्र र कुशासन लिदैं कोसीतटमा उपासनामा ईश्वरत्व प्राप्त गर्ने साधनामा लाग्नु योगवादमा मग्न हुनु हो । स्नानकार्यमा निवृत्त हुनु, नदीको किनारमा नित्य पूजापाठमा विश्वास गर्नु, मौनव्रत, पद्मासनमा समाधि, गायत्री जप गर्ने रविवन्दनामा विश्वास गर्नु, पञ्चामृत आचमनद्वारा आत्मा शुद्ध हुने विश्वास गर्नुले योगवाद प्रवृत्त भएको देखिन्छ । आर्यवंशीय ब्राह्मण बालक सोमदत्त कौपिन (लगौंटी) पहिरेर, प्रस्तुत हुनु योगवाद प्रवृत्त हुनु हो ।[२२०]

अनार्य सुम्निमाले परिचय माग्ने क्रममा सोमदत्तले आफ्नो परिचय दिंदा “आर्यवंशी ब्राह्मण सूर्यदत्तको छोरा सोमदत्त हुँ” भनी आफ्नो परिचय बुबाको नामसँगै जोडेर दिन्छ । बुबाबाट जीवन दान गर्ने हुनाले हाम्रो संस्कृतिमा आफ्नो परिचयमा बुबाको नाम जोडिन्छ ।

---

[२१९] विश्वेश्वरप्रसाद कोइराला, **सुम्निमा,** आ.सं. (ललितपुर : साझा प्रकाशन, २०६६), पृ. ३ ।

[२२०] ***ऐजन,*** पृ. ४ ।

“जीवनदान दिने बुबा कदापि अपमान हुनु सक्दैन” भन्ने प्रत्यक्ष कथनमा विश्वास गर्नु योगवादको सिद्धान्तप्रति अविलम्बित भएको देखिन्छ ।[२२१]

सुम्निमा र सोमदत्तको आमा र बुबामध्ये कसलाई सम्मान गर्ने तर्क-वितर्कमा सोमदत्तले आमालाई माता भनेकोले आमालाई माता शब्द किन प्रयोग गरेको भनी सुम्निमाको प्रश्नमा सोमदत्तले ‘माता शब्द देवभाषा हो’, हामी मानव मुक्तिबाट ईश्वरत्व प्राप्त गर्न देवभाषा प्रयोग गर्छौं”[२२२] भन्ने तर्कबाट योगवादी अभिव्यक्ति प्रस्तुत भएको देखिन्छ । एक अर्काबीच तर्क-वितर्क, वाद-विवाद भएकोले उपन्यासकारले अभिव्यक्ति स्वतन्त्रताको आभास दिन खोजेको देखिन्छ । यस विचार विमर्शबाट आ-आफ्नो व्यक्तिगत स्वतन्त्रताको समर्थनमा उपन्यासकारले आफ्नो विचार प्रकट गरेका छन् ।[२२३]

सोमदत्तले देवता खुशी पार्न ध्यान, जप, तप गर्नु, आत्मालाई शुद्ध पार्नाले ईश्वर खुशी हुन्छन्, मानवमुक्ति पाइने विश्वासमा सांसारिक मायाजालबाट टाढा हुँदै शरीरको समेत पर्वाह नगरी जप, तप र ध्यानमा लीन हुन्छन् । यो योगवादको प्रतिबिम्ब हो । ध्यान, जप, तप र त्यागलाई अगाडि बढाएर हिंसा र बलि प्रथालाई कम गर्न खोजिएको आभास हुन्छ । जसले गर्दा योगवादमा कसैको ज्यान लिनु पाप हो भन्ने कुरालाई उपन्यासकारले प्रस्तुत गर्न खोजेको देखिन्छ । यहाँ आत्मा र शरीरको योग प्रस्तुत गरिएको छ । धर्म र पापको योग प्रस्तुत गरिएको छ ।

उपन्यासको घटनाक्रममा विकसित घटना श्रृङ्खलामा सूर्यदत्तको आश्रममा राजकुमारको प्रवेश, उसले भिल्ल र किराँतीहरूलाई आश्रम छेउछाउ गोवध वा हिंसा नगर्न आदेश दिनु भनेको योगवादलाई प्रश्रय दिएको देखिन्छ ।

सुम्निमा र सोमदत्तको शरीर सम्बन्धी कुराकानी भैरहेको अवस्थामा परेवा आई फ्यात्त खसेपछि बाजलाई आहार दिएर परेवालाई बचाउनु पर्छ भन्ने सोमदत्तको भनाइले योगवाद प्रतीत गराउँछ । परेवा बरावरको मासु दिएर प्रकृतिको नियम भत्काउन खोज्नु नै हिंसा हो भनी उपन्यासकारले सुम्निमाको माध्यमबाट प्रकृतिवादी विचार व्यक्त गरेको

[२२१] ***ऐजन,*** पृ. ५ ।

[२२२] ***ऐजन,*** पृ. ७ ।

[२२३] ***ऐजन,*** ।

प्रतिबिम्बित हुन्छ । धार्मिक ग्रन्थ महाभारतमा समेत कति मानिसको सर्वनाश भएको छ भनी उपन्यासकारले धार्मिक ग्रन्थले पनि हिंसाका कुरा गरेका छन् । शास्त्र र धार्मिक ग्रन्थले पनि पूर्ण रूपमा पुण्य हुँदैन भनेको छ । योगवादमा पनि हिंसा भएका छन् भनी शास्त्रसम्मत विचारलाई समेत चिरफार गरेर देखाउन उपन्यासकार सफल देखिन्छन् ।

सुम्निमाले शरीरको प्रशंसा गरेर सोमदत्तलाई सुनाउँछे । हामी किराँती शरीर ढाक्दैनौ । लुगा लगायौं भने लाज लाग्छ । बढी श्रृङगार गरेको जस्तो लाग्छ भन्दा सोमदत्तले "शरीर रूपी वचन पाप हो, त्यो कुरा नगर शरीर ढाक्ने गरे"[२२४] भनी आफू कामवासनाबाट बच्नको लागि सुझाव दिन्छ र आफू कठोरतम ध्यान गर्छ, वेद, उपनिषद् र वेदान्त दर्शनको अध्ययनमा लीन हुन्छ । यौवनको वेगवान् ज्वारलाई शरीरको समस्त शक्ति लगाएर दमन गर्न कोशिश गर्छ । योगको अष्टमार्ग यम, नियम, आसन, प्राणायाम् पत्याहार, समाधि ध्यान र धारणामा संलग्न हुन्छन् ।

जति, जति सुम्निमा उसको मनमा आकृष्ट हुन्थ्यो त्यति-त्यति आफ्नो तपस्याको समयावधि कठोरतम रूपमा बढाउँदै लग्थ्यो । बुबा सूर्यदत्तले पनि यौवन परीक्षाको घडी हो । यसबाट बच्न कठिन हुन्छ । यसबाट बच्न सक्यो भने मात्र योग धर्म प्राप्त हुन्छ भन्ने सन्देश प्राप्त हुन्छ । यसरी योगवादमा सफल हुन पुण्य कमाउन भोगलाई त्याग्न र दमित गर्न सक्नुपर्छ भन्ने सन्देश पनि दिएका छन् । जीवनमा केही प्राप्त गर्न केही त्याग्नु पर्छ भन्ने सन्देश पनि प्रस्तुत गरिएको छ ।

सुम्निमा र सोमदत्तको शरीर र आत्माको विषयमा तर्क-वितर्क हुन्छ । सुम्निमाले शरीरको प्रशंसा र वर्णन गर्छिन् । शरीरलाई फूलको संज्ञा दिन्छिन् । शरीरको भोगमा आकर्षण गर्न खोज्छिन् तर सोमदत्तले सुम्निमालाई अगाडि नबस् भनी आग्रह गर्छ । ऊ भोगबाट टाढा हुन खोज्छ । यो योगवादप्रतिको त्याग र तपस्या हो । यसरी त्याग र तपस्या तथा योगमा लीन हुने व्यक्तिहरू देखाउन उपन्यासकार सफल देखिन्छन् । यहाँ शरीर र मनको योग, नारी र पुरुष योग, योग र भोगको योग छ । यसरी यहाँ योगवाद प्रवृत्त भएको पाइन्छ ।

---

[२२४] ***ऐजन,*** पृ. १८ ।

सुम्निमा उपन्यासको पहिलो अध्यायमा आर्य र अनार्यको योग, हिंसा र अहिंसाको योग, पाप र पुण्यको योग छ सोमदत्तले शारीरिक बलपूर्वक कामेच्छा दमित गरी ध्यान, जप, तप र समाधिमा लीन हुनु योगवादको प्रतिबिम्ब हो । कुनै कार्यमा लीन भएको तथा त्याग तपस्यामा विश्वास गर्ने व्यक्तिहरूले शारीरिक सुखभोगमा ध्यानदृष्टि लगाउनबाट टाढा हुनुपर्छ भन्ने सन्देश पनि उपन्यासकारले सोमदत्त पात्रको माध्यमबाट दिन खोजिएको देखिन्छ । यहाँ सोमदत्त योगवादीको रूपमा प्रस्तुत भएको पाइन्छ ।

## ५.२.२ सुम्निमा उपन्यासको दोस्रो अध्यायमा योगवाद

सुम्निमा उपन्यासको दोस्रो अध्यायमा सुम्निमाको शरीर रूपी मूर्ति सोमदत्तको मनमा आइरहन्थ्यो । वेद, उपनिषद् र अन्यान्य धर्मशास्त्रले शरीर भोग पाप हो । कामवासना त्याज्य हुनु नै पुण्य प्राप्ति हुनु भन्ने सोमदत्तले अध्ययन गरेको थियो । त्यसैले वासनाजन्य भावनालाई हटाउन आश्रमबाट निस्केर कठोरतम तपस्यामा लाग्थ्यो । यो योगवादप्रतिको प्रवल विश्वास हो । त्याग र समाधि नै योगवादको आवश्यक तत्त्व भन्ने भावलाई दर्शाइएको छ ।

ब्राह्मण संस्कृति भनेको भावना र आत्मामा विश्वास गर्ने संस्कृति हो । मन र आत्मा शुद्धिलाई नै यथार्थ सुख ठान्छन् । अप्रत्यक्ष वस्तुमा विश्वास गर्ने, आत्मा र परात्माको योगबाट ईश्वर प्राप्त हुन्छ । मोक्ष प्राप्त हुन्छ भन्ने संस्कृति हो भन्ने कुरालाई पनि सोमदत्तको माध्यमबाट देखाउन खोजिएको छ ।

शास्त्रसम्मत मान्यता, आर्य संस्कृति भनेको पूर्ण रूपमा योगवादमा अडेको कुरा उपन्यासबाट पुष्टि हुन्छ ।

## ५.२.३ सुम्निमा उपन्यासको तेस्रो अध्यायमा योगवाद

उपन्यासको तेस्रो खण्ड वा अध्यायमा सोमदत्तलाई सुम्निमाको रूपले च्वास्स-च्वास्स घोचिरहेकोले त्यस मूर्तिलाई हृदयबाट हटाउन, निर्मूल गरी फाल्न ऊ आश्रमबाट निस्केर अतिशय कठोरतम जीवनयापन गर्न थाल्छ । निराहार भएर, निर्जला भएर, वाजपेयी भएर शीतकालमा कैलाशतीर्थको मार्गमा हिमाच्छादित मानसरोवरको जलमा डुबेर ग्रीष्मका

हिङ्गलाज तीर्थको मरूभूमिमा पञ्चाग्नि बालेर, कहिले समुद्रको चट्टानकाउपर पद्मासन लाएर कहिले सूर्यको आतपमा देहपाक गर्दथ्यो । यसरी शरीररूपी कामवासना त्याग गर्न अनेकौं शास्त्रसम्मत् उपाय गर्नु भनेको योगवादप्रतिको प्रबल विश्वास हो । धर्म र पुण्य प्राप्तिमा आफ्नो सर्वस्व समर्पण गर्नु आर्य संस्कृतिको धर्म हो भन्ने कुरालाई पनि यहाँ इङ्गित गर्दछ ।

सोमदत्त कहिले योगी भएर समस्त विश्व चाहार्थ्यो त कहिले बौलाहा भएर हिंडथ्यो । शारीरिक रूपमा उसले कति पनि मोह देखाएन । छाला चाउरिएर गयो । रसरिक्त जोर्नी, हाड सुकेको परालजस्तो, पिङ्गल जटाजुट उसको टाउकोमा खडा थियो । निर्जीव शरीर जस्तै देखिन्थे । यसरी सोमदत्तले आफ्नो शारीरिक स्वरूप पूर्ण रूपमा पुण्य प्राप्ति गर्ने त्यागमा चढायो । यसरी शारीरिक समर्पण गरी आत्मा शुद्धि गर्नु भनेको योगवादप्रति आफूलाई समर्पित गरेको हो । जसले गर्दा आफ्नो धर्म संस्कृति र पुण्यको लागि आर्यहरू सर्वस्व गुमाउन पनि पछि पर्दैनन् भन्ने सन्देश पनि दिन खोजिएको यहाँ आभास हुन्छ ।

वेद, पुराण र उपनिषद् अन्यान्य आर्य संस्कृतिका धार्मिक ग्रन्थको उपदेशलाई पालना गर्न, माता-पिताको ऋषि बनोस् भन्ने आकांक्षालाई पूरा गर्न वानप्रस्थ जीवनमा निरन्तरता दिन, आश्रमबाट निस्केर पद्मासीन भई तपस्या गर्थ्यो । आफ्नो चित्त शुद्धि भयो भएन भनेर परीक्षण गर्थो । जलक्रीडा गर्ने, युवतीतिर चक्षु घुमाउँथ्यो । सूर्यको प्रथम किरण परेको युवतीको नग्न शरीरमा दृष्टि पर्दा पनि आफूमा सुम्निमाको वासना शून्य भएकोले तपस्या सार्थक भएको अनुभूति गरेर गाँठैगाँठा परेको शुष्क शरीर लौराको सहाराले, आश्रममा फर्कंदा माता-पितासमेतले चिन्न नसक्नु भनेको योगवादप्रतिको सफलता प्राप्त गर्नु र पुण्य प्राप्त भएको यहाँ देखाइएको छ । इन्द्रियजन्य सुखलाई त्याग्नु नै योगवाद हो भन्ने तार्किक र वैचारिक प्रस्तुति पनि यहाँ देखिएको छ । इन्द्रियजन्य सुखलाई त्याग्नु भनेको योगवादको परम आस्थाको घटना मान्न सकिन्छ ।

लामो समयको अन्तरालपछि पुत्र सोमदत्तले योगीको रूप धारण गरिसकेको घटनापछि माता पिताले वंश रक्षाको लागि विवाह गर्न आग्रह गर्दछन् । सोमदत्तले आफूले व्रह्मचर्य पालना गरेको, तपस्या पूरा गर्न आफ्नो शरीरको विभिन्न ठाउँको मांसपिण्ड काटेर

चढाएको कुरा बताउँछन् । यो सोमदत्त योगवादप्रति पूर्ण समर्पण भएको घटना मान्न सकिन्छ ।

पितृकूललाई उद्धार गर्न पुत्रले मात्र सक्छ भनेर माताले सोमदत्तलाई संझाउनु पनि योगवादकै प्रक्षेपण हो । विवाहबाट ब्रह्मचर्य खण्डित हुँदैन । पुत्र कर्तव्य पालना गर्नको उद्देश्यले पत्नी समागमबाट ब्रह्मचर्य खण्डित हुँदैन भनी पिताले संझाउनु योगवादप्रति आस्था र आफ्नो कर्तव्यपालनको घटना मान्न सकिन्छ । सोमदत्तको जीवनमा योगवाद पालन गर्ने क्रममा एकपछि अर्को घटनाक्रम अघि बढेको देखिन्छ ।

जसरी सोमदत्तले लामो समयको घोर तपस्याबाट चित्त शुद्धिमा सफलता प्राप्त गर्दछन् । त्यस्तै गरी सोमदत्तको विवाह ब्राह्मणोचित शिक्षा दीक्षाले सम्पन्न कन्या पुलोमासँग भयो । पति, पत्नी दुवै शास्त्रसम्मत वेद, पुराण, उपनिषद् र अन्यान्य धार्मिक ग्रन्थको अध्ययनले परिपक्व थिए । दुबै दम्पती ध्यान, जप, तप र शास्त्रसम्मत विधि पालन गर्थे । बिहानीपख आँगनमा लिपपोत र साँझमा सन्ध्यापाठ आदि गर्थे । यसरी विवाहपछि पनि शास्त्रसम्मत नियममा दुवै दम्पती लीन हुनु भनेको आर्य संस्कृति जुन वेदको नीतिमा आधारित छ ।

सोमदत्तले गुरुजनको आज्ञा शिरोधार्य गरी पुत्र प्राप्तिको लागि दुवै पति-पत्नी आ-आफ्नो अनुष्ठान गर्न थाल्छन् । अनुष्ठान विधिअनुसार पुत्र प्राप्तिको अपेक्षा गर्छन् । वासनाकामनाबिनाको शास्त्रविधिअनुसार पुत्र प्राप्तिको लागि समागम हुन्थे । स्त्रीले गर्ने शास्त्रको अनुष्ठान गर्थे, "पुत्रो मे शुक्लो जायते वेदमनुब्रबीत सर्वमायुरियादिति"[२२५] उपनिषद्कोवचनअनुसार मन्त्रोचारण गरी अनुष्ठान गर्थे । पुत्रप्राप्तिको हेतु हुने शारीरिक समागममा वासनाकामना तत्त्व रहँदैन । शारीरिक सुखको अनुभूति हुँदैन मात्र पुत्रप्राप्ति कर्तव्य हेतु हुनु भनेको योगवादबाट मानव अस्तित्व कायम राख्नु खोज्नु हो ।

मन्त्रोच्चारण गर्थे । अनुष्ठान विधिपूर्वक दम्पती आलिङ्गन गर्थे । पुत्रेष्टि अनुष्ठान गरी शरीर समागमपछि सोमदत्तले पुलोमालाई शरीरले भोगबोध गरेन ?[२२६] वासनाशक्त त

२२५ *ऐजन,* पृ. ३८ ।

२२६ *ऐजन,* पृ. ३९ ।

भइनौं ?[२२७] भनी समागम गर्दा भोगबोध, वासनाशक्त भयो भने धर्म खण्डित हुन्छ भन्ने घटनाबाट योगवादको अस्तित्व कायम राख्न खोज्नु हो । वासनात्मक उत्तेजनाबिना पुत्र प्राप्ति गर्न खोज्नु भनेको योगवादको पालना गर्नु हो भन्ने कुरा घटनाक्रमले प्रस्ट पार्दछन् ।

वासनाकामनाबिनाको पुत्र प्राप्ति भनेको योगवादको प्रतिफल हो । यसबाट दम्पतीको कामना पूरा नहुनाले योगवादले मात्र मानव जीवन सफल हुँदैन भन्ने कुरालाई सुम्निमा र सोमदत्तको जीवन घटनाबाट स्पष्ट हुन आउँछ ।

सोमदत्त उपन्यासको घटनाक्रमबाट आर्य संस्कृतिमा विश्वास गर्ने व्यक्ति हो भने सुम्निमा अनार्य संस्कृतिकी नारी हो । आर्यहरूमा पुण्य र धर्मको नाममा त्याग तपस्या ध्यान, जप, तप र अन्यान्य धार्मिकशास्त्रअनुसार अदृश्य र अप्रत्यक्ष कुरामा विश्वास गर्ने योगवादी प्रवृत्ति अंगाल्दछ भने अनार्यहरू प्रत्यक्ष देखिने कुरामा मात्र विश्वास गर्दछन् । यस उपन्यासमा सोमदत्त आर्य पुरुष पात्र हो । मानवभन्दा माथि उठ्न आर्यहरू खोज्दछन् । ईश्वर खुशी पार्नेमा मानवबाट मोक्ष प्राप्त हुन्छ । जसको लागि ध्यान, जप, तप र समाधि योगवादको मूलतत्त्व हो भन्ने कुरा दर्शाउँछ । सोमदत्तले कहिल्यै पनि वासनात्मक मोह राख्न खोजेनन् जसले गर्दा मानव अस्तित्व एक पक्षले मात्र पूरा हुन सकेन । यसैले योगका नाममा सकलपक्षमा मनोदमनवाद लागू भएको छ ।

नारी र पुरुषको योग छ । किराँती संस्कृति र आर्य संस्कृतिको योग छ । शरीरबाद र आत्मावादको योग छ । अध्यात्मवाद र भौतिकवादको योग छ । भोगवाद र योगवादको समन्वयात्मक योग छ । यसरी शाब्दिक अर्थले पनि यो उपन्यास योगवादमा प्रवृत्त छ । त्यसै गरी पारिभाषिक दृष्टिकोणले पनि योग भनेको समाधि, नियम, प्रत्याहार आदि सोमदत्तमा पाइएको छ । अप्रत्यक्ष र अदृश्य कुरामा विश्वास गर्नु आर्य संस्कृतिको कर्तव्य हो । पुण्य र धर्म कमाउने उद्देश्य लामो समयसम्म अनुशासनमा बस्नु र वासनाकामनाविनाको फल प्राप्त गर्नु पनि योगवादको प्रतिविम्व हो भन्ने कुरालाई सोमदत्त र पुलोमाको अनुष्ठान विधिबाट पुत्र प्राप्त गर्न खोज्नु पनि योगवादको प्रक्षेपण हो । यसैले योगवादको दृष्टिले सुम्निमा उपन्यासले उच्चस्थान लिन सफल भएको देखिन्छ । घटनाक्रम

---

[२२७] *ऐजन,* पृ. ३९ ।

एकपछि अर्को घटनाले निरन्तरता पाएको छ । चित्त शुद्ध पार्ने नाममा आफ्नो ठाउँ ठाउँको मांसपिण्डहरू काटेर चढाएको घटना पनि उपन्यासमा घटित छ ।

## ५.३ पात्रगत दृष्टिले सुम्निमा उपन्यासमा योगवाद

सुम्निमा उपन्यासमा संख्यात्मक रूपमा धेरै पात्रहरूको प्रयोग छैन । उपन्यासमा प्रत्यक्ष रूपमा देखिने पात्रहरूमा सुम्निमा, सुम्निमाकी आमा, सुम्निमाकी छोरी, पुलोमा, पुलोमाकी आमा, सोमदत्तकी आमा नारी पात्रहरू हुन् भने पुरुष पात्रहरूमा सोमदत्त, सोमदत्तको बुबा सूर्यदत्त, बिजुवा बा, पुलोमाको बुबा, राजकुमार र तिनका सेनाहरू सोमदत्तको छोरो र भिल्लयुवक उल्लेख भएको पाइन्छ । ती उल्लेख भएका पात्रहरूमध्ये ठाउँ-ठाउँमा किराँती गाउँलेहरूको पनि उल्लेख गरिएको पाइन्छ । नेपथ्य पात्रको रूपमा पुलोमाको बालककालको साथी भिल्ल केटोको पनि चर्चा पाइन्छ ।

सुम्निमा उपन्यास कोइरालाको सांस्कृतिक उपन्यास मानिन्छ । सुम्निमा उपन्यासमा उपन्यासकार कोइरालाले एकातिर किराँती समाज र संस्कृति, आर्य समाज र आर्य संस्कृतिको परिचय प्रस्तुत गरेका छन् भने अर्कोतिर ती किराँती संस्कृतिका नारीपात्र सुम्निमा र आर्य संस्कृतिका पुरुषपात्र सोमदत्तको माध्यमबाट आफ्नो विचार प्रतिपादन गर्न सफल भएका छन् । त्यसैगरी बिजुवा बा, सुम्निमाकी छोरी, सोमदत्तको छोरालाई पनि विचार अभिव्यक्तिका क्रममा उपयोग गरेको पाइन्छ । त्यसैले तिनलाई पनि सुम्निमा उपन्यासका महत्त्वपूर्ण पात्रका रूपमा लिन सकिन्छ । सम्पूर्ण पात्रहरूको संयोजनले उपन्यासका विषयवस्तुलाई जीवन्तता प्रदान गरेको पाइन्छ ।

सुम्निमा उपन्यासको सुम्निमा पात्रले उपन्यासमा महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । उपन्यासको मुख्य घटक नै सुम्निमा हो । त्यसपछिको स्थान भनेको सोमदत्तको छ । धेरै थोरै सबै पात्रमा योगवाद प्रयोग भएको छ । ती पात्रहरूमा प्रयोग भएको योगवादको अध्ययन गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ५.३.१ सुम्निमा पात्रमा योगवाद

सुम्निमा उपन्यासको प्रमुख पात्रका रूपमा सुम्निमा आएकी छे । सुम्निमा अनार्य किराँती संस्कृति भएकोले योगवादको मात्रा कम छ । उपन्यासको अन्तमा आफ्नो भोगवादप्रति वैचारिकता लचकता देखाइ समन्वयात्मक रूपमा उपन्यासको घटनाक्रमलाई अगाडि बढाउन सहयोग प्रदान गरेको देखिन्छ । मान्छेको जीवन भनेको शरीर र मनको संगमस्थल हो भन्ने निष्कर्षमा पुग्छे । यसबाट सुम्निमामा पनि क्षीण रूपमा भए पनि योगवादको प्रतिच्छायाँ देख्न सकिन्छ ।

### ५.३.२ सोमदत्त पात्रमा योगवाद

सुम्निमा उपन्यासको पुरुष पात्रको मुख्य भूमिका निर्वाह गर्ने पात्रका रूपमा सोमदत्त देखिन्छ । सोमदत्तले सुम्निमासँग परिचय गर्ने क्रममा आफ्नो परिचयसँग बुबाको नाम जोड्नु भनेको अप्रत्यक्ष वस्तुमा विश्वास गर्नु योगवादको प्रतीक हो ।त्यसैगरी “आमालाई सम्वोधन गर्ने क्रममा ‘माता’ शब्दले सम्बोधन गर्नु देव भाषा हो”[२२८] भनेबाट पनि योगवाद प्रवृत्त भएको भावना पाइन्छ । बालककालमै माता-पिताको इच्छाअनुसार कठोर अनुशासनमा बसी तपस्या गर्नु, मानव मुक्ति प्राप्त गर्न ध्यान, जप, तप र तपस्यामा लीन हुनु योगवादको प्रतिच्छायाँ हो ।

सुम्निमाको मूर्ति मनबाट हटाउन आश्रमबाट निस्केर कठोरतम तपस्यामा लीन हुनु योगवाद हो । योगवादको सार्थकतालाई सफल पार्न ठाउँ-ठाउँका मांसपिण्ड काटेर चढाएको पनि सोमदत्तमा योगवादप्रतिको निष्ठा र विश्वास हो । आफूमा वासना शून्य भयो कि भएन ? ईश्वरप्रति तपस्या पूरा भयो कि भएन ? भनेर गंगामा स्थान गर्दा सूर्यको प्रथम किरण परेकी युवतीको नग्न शरीरमा दृष्टि लगाई परीक्षण गर्छ र वासना शून्य भएकोले तपस्या पूरा भएको शुष्क र काठजस्तै सुकेको निर्जीव जस्तै देखिएको शरीरलाई लिएर आश्रम फर्केको दृश्यबाट पनि सोमदत्तमा योगवाद पूर्णरूपमा प्रवृत्त भएको देखिन्छ ।

---

२२८ ***ऐजन,*** पृ. ७ ।

वंश रक्षार्थ शास्त्रज्ञानले विभूषित पुलोमालाई विवाह गर्नु, विवाहपछि पनि अनुष्ठान विधिबाट समागम गर्नु, वासनाकामनाबिनाको स्त्री र पुरुषको समागम गर्नु पनि योगवादको शास्त्रीय मान्यतामा विश्वास गर्नु हो । वासना त्याज्य भावनाले अनुष्ठान विधिबाट स्त्री समागमा गर्नु र पुत्र प्राप्तिको अनुष्ठान गर्नु योगवादका बोध गर्नु हो ।

सोमदत्त सुम्निमाको शरीरप्रतिको प्रशंसाबाट टाढा हुन खोज्नु, 'शरीर भोग पाप हो'[२२९] भन्ने भावना योगवादको गहन प्रभाव हो । अन्तिम अवस्थासम्म पनि शारीरिक वासनालाई स्विकार्न नसक्नु भनेको योगवादप्रति विश्वासलाई त्याग्न नसक्नु हो । यसैले सुम्निमा उपन्यासमा योगवादका पक्षधरका रूपमा सोमदत्त देखिन्छ । आर्य संस्कृतिका पक्षधर पनि हुन् । आर्यहरू अप्रत्यक्ष वस्तुमा बढी विश्वास गर्छन् । मुक्ति प्राप्त पार्ने नाममा शरीरलाई सुकाई ध्यान, जप, तप र समाधिमा लीन हुने आर्यहरूको संस्कार हो र योगवादको प्रतीक पनि हो । यो सोमदत्तमा पूर्णरूपमा देखिन्छ । योगवादको वकालत सोमदत्तले नै गरेका छन् ।

## ५.३.३ पुलोमा पात्रमा योगवाद

सोमदत्त र पुलोमाको विवाह पश्चात पुलोमामा योगवाद प्रवृत्त भएको उपन्यासमा प्रस्ट रूपमा देखिन्छ । शास्त्रसम्मत् विधि, अनुष्ठान, ध्यान, जप, तप र समाधि प्रशस्त मात्रा देखिन्छ । पुत्र प्राप्तिको अनुष्ठान पनि मन्त्रोच्चारण गरेको पाइन्छ । स्त्रीले पुत्र प्राप्तिको अनुष्ठान गरेबाट पनि उनमा योगवादी भावना प्रवृत्त भएको देखिन्छ । स्त्री पुरुषको समागम वासनाकामना त्याज्य अनुष्ठान विधि गरेको कारणबाट पनि पुलोमालाई योगवादी भावनाले प्रेरित भएको देखिन्छ । श्रीमान् श्रीमतीको समागमको भावना मिल्न नसक्नु नै योगवादी भावनाको प्रतिफल हो । सन्तान प्राप्ति भैसकेपछि पनि समभ्रुदारी कायम गर्न नसक्नु समेत योगवादले पारेको प्रभावको प्रतिच्छायाँ मान्न सकिन्छ । अन्तिम अवस्थासम्म पनि वासनात्मक इच्छामा सम्झौता नहुनु भनेको योगवादको अवशेष मान्न सकिन्छ ।

२२९ ***ऐजन,*** पृ. १९ ।

## ५.३.४ उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका दृष्टिमा योगवाद

सुम्निमा उपन्यासको समाख्याता उपन्यासकार कोइराला स्वयं नै हुन् । उपन्यासभित्र प्रत्यक्ष रूपमा लेखकको संलग्नता कतै देखिंदैन तैपनि ठाउँ-ठाउँमा विचार अभिव्यक्तिको प्रस्तुति दुईपात्रको माध्यमबाट गराएर मानव जीवनमा कुन प्रबल हुन्छन् भन्ने कुरा बाहिर बसेर तर्क-विर्तकको प्रस्तुति लेखकीय दृष्टिकोणमै पात्रको माध्यमबाट गराएका छन् ।

नारीपात्र सुम्निमा र पुरुषपात्र सोमदतको परिचय दिने क्रममा सोमदत्तले "सूर्यदत्तको छोरा सोमदत्त हुँ"[२३०] भन्ने वाणीमा र सुम्निमाले आफ्नो नामसँगै बुबाको नाम किन जोडेको आमाको नाम जोड्नु पर्छ भन्ने एक अर्काको अभिव्यक्तिमा हस्तक्षेप नहुनु भनेको लेखकले व्यक्तिगत अभिव्यक्ति स्वतन्त्रताको उद्घोष गर्न सफल भएका छन् । उपन्यासको विषयवस्तु नै भौतिकवाद र अध्यात्मवादको विषयमा तर्क-विर्तकबाट लेखकले मानवजीवनलाई एक पक्षबाट कुनै कुरा पूरा हुँदैन भन्ने सन्देश दिन खाजेको देखिन्छ ।

## ५.३.५ सुम्निमा उपन्यासको सारवस्तुमा योगवाद

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले मानवजीवन अप्रत्यक्ष वस्तु वा विश्वासमा कतिसम्म अडेको छ । आर्य संस्कृतिको माध्यमबाट संसारमा प्रचलित दर्शन वा चिन्तन कतिसम्म विश्वास गर्न सकिन्छ भन्ने कुरालाई उपन्यासमा प्रस्तुत सोमदत्तप्रति योगवादी प्रवृत्तिले कति सम्म प्रभाव पार्दछ । मानवजीवनमा अदृश्य र योगवादमा मानिसहरू कतिसम्म समर्पण हुन्छ भन्ने कुरा सोमदत्तको शुष्कशरीर, जटाधारी शिर, सुकेको काठ जस्तो मांसपिण्डबिनाका शरीरमा आश्रमको आँगनमा सोमदत्तउभिंदा माता-पिताले समेत नचिनी "अतिथि देवो भव:"[२३१] भनेर स्वागत गरे । यो योगवादको प्रतिफल हो । जसले गर्दा शारीरिक रूपमा परिवर्तन र मानसिक रूपमा पनि वासनाशून्य भएर योगीको रूप धारण गर्नु योगवादको प्रतिबिम्ब हो ।

---

[२३०] ***ऐजन,*** पृ. ८ ।

[२३१] ***ऐजन,*** पृ. ३२ ।

सुम्निमा उपन्यासको सारवस्तुमा योगवाद : सोमदत्त पात्रको माध्यमबाट अध्यात्म वा अप्रत्यक्ष वस्तु वा योगवादप्रति विश्वास गर्ने चिन्तन वा दर्शनको प्रतिनिधित्व गरेको छ । संसारमा सम्पूर्ण वस्तु प्रत्यक्ष देखिन्छ नै भन्ने छैन अदृश्य वस्तुमा पनि विश्वास गरेर दर्शन शास्त्रहरू अडेको छ । विचार वा दर्शनले संसार अडेको छ भन्ने कुरा सोमदत्तको जीवनबाट प्रस्टिन आउँछ । जसरी दर्शन वा चिन्तनमा परिमार्जन र संशोधन हुन्छन् । धार्मिक वा शास्त्रसम्मत मान्यतालाई पनि मानवीय आवश्यकताअनुसार मान्यातामा व्याख्या विश्लेषण हुन थाल्छ भन्ने कुरालाई आर्य संस्कृतिको प्रतिनिधित्व गर्ने सोमदत्तले सुरुमा 'वासना कामना पाप हो, शास्त्रीय मान्यता होइन भनी मांसपिण्ड चढाएर ब्रह्मचर्य पालन' गरेको थियो । त्यही योगी जीवनमा माता-पिताले विवाहले ब्रह्मचर्य खण्डित हुँदैन भनी सम्झाएपछि वंश रक्षाको लागि विवाह गरी शास्त्रसम्मत मान्यता परिमार्जन गरे । त्यसैगरी "कामवासना हेतुले स्त्री समागम गर्नु पाप हो"[२३२] भनेका थिए । पुत्र प्राप्ति नभए पछि त्यो अनुष्ठान विधिको समागम पनि परिमार्जन गरी बिजुवा बालाई गुहार्न पुगे । यसरी योगवादी सोमदत्तमा आफ्नो शास्त्रीयमान्यता अनुकूलता अनुसार परिमार्जन गर्दै विश्लेषण गर्दै गए । त्यसकारण संसारका दर्शनशास्त्रहरू र चिन्तनहरू पनि युगअनुसार अनुकूलता र आवश्यकताअनुसार मान्यता परिवर्तन र परिमार्जन गर्दै विश्लेषण गर्छन भन्ने कुरालाई योगवादमा विश्वास गर्ने सोमदत्त पात्रको माध्यमबाट संसारका दर्शनशास्त्रीहरूलाई समेत उपन्यासकारले देखाउन खोजेका छन् ।

मानवसमाजमा विभिन्न दर्शन शास्त्रहरूको विश्लेषण र अध्ययन हुन्छ । विभिन्न दर्शनले आ-आफ्नो मान्यता व्याख्या गर्छन् । मानवीय विचार र व्याख्याले संसार अडेको छ भन्ने कुरालाई पनि उपन्यासकारले योगवादी सोमदत्तबाट देखाउन खोजिएका छन् । सारमा भन्नु पर्दा सुम्निमा उपन्यासले मानव जीवनको बाँच्ने आधारलाई प्रस्टयाएको छ । दार्शनिक विचारहरूलाई समेत प्रस्ट पार्न खोजेको छ ।

सुम्निमा उपन्यासले संसारका कुनै पनि दर्शन वा चिन्तन आफैँमा पूर्ण हुँदैन एक अर्काको सहयोग आवश्यक पर्दछ । समन्वयात्मक रूपमा अघि बढ्नुपर्छ भन्ने सन्देश पनि यसले दिन्छ । कुनै पनि सफलता प्राप्त गर्न मन एकातिर तन अर्कोतिर गरेर फल प्राप्त

---

[२३२] ***ऐजन,*** पृ. ३८ ।

हुँदैन भन्ने कुरालाई पनि यसबाट चरितार्थ गर्न खोजिएको छ । योग र साधना गर्नु, मनको चाहनालाई पनि ख्याल गर्नुपर्छ । मन र शरीर एकसाथ रहँदाको योगले मात्र सफलता प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई पनि यहाँ प्रस्ट पार्न खोजिएको छ ।

सुम्निमा उपन्यासको सारवस्तुमा योगवाद प्रवृत्त भएको देखिन्छ । नारी र पुरुषको योग छ । मन र शरीरको योग छ । अध्यात्मवाद तथा योगवाद र भौतिकवाद तथा भोगवादको योग छ । सोमदत्तको जीवनपर्यन्तको योग साधना छ । योगको दृष्टिले सुम्निमा उपन्यासले उच्च स्थान ओगटेको छ ।

## ५.४ निष्कर्ष

मनोविश्लेषणवादीका रूपमा परिचित उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले सुम्निमा उपन्यासमा साँस्कृतिक विषयवस्तुलाई आधार विन्दु बनाएर त्यसमा दुई विपरीत चिन्तन र दर्शनलाई मानव जीवनमा कुन प्रबल हुन्छ भन्ने अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

दुई विपरीत संस्कृतिका पात्रहरूद्वारा विपरीत वैचारिक र तार्किक प्रस्तुतिद्वारा मानवीय आवश्यकताअनुसार मान्यता र सैद्धान्तिक विश्लेषणमा अन्तर र परिमार्जन गर्दै आफ्ना मान्यता अगाडि बढाउने कुरालाई पनि यहाँ उद्घाटित गरेको छ भने मानवीय सोचाइ भोगाइ फरक फरक हुन्छन् । एकपक्षरूपमा कुनै पनि सिद्धान्त र मान्यता पूर्ण हुन सक्दैन भन्ने मान्यतालाई पनि सन्देशका रूपमा उपन्यासकारले अभिव्यक्ति दिन खोजेको देखिन्छ ।

कुनै पनि सिद्धान्त आफैँमा सत्य र सार्थक हुँदैन । त्यसलाई सार्थक सिद्ध प्रमाणित गर्ने मानवजगत् नै हो । कसैले वैचारिक प्रस्तुतिमा बढी विश्वास गर्छन् भने कसैले भौतिकतामा बढी विश्वास गर्छन् भन्ने अन्तरलाई यहाँ उपन्यासकारद्वारा दार्शनिकताको विश्लेषणलाई प्रस्टयाउन खोजिएको छ । लेखक आफैँ पनि एउटै मान्यता र सिद्धान्तले पूर्ण नहुने अभिव्यक्ति प्रस्तुत गर्दै मानवजीवन सार्थक र पूर्ण बनाउन समन्वय वा सम्झौतामा बाँच्न सिक्नुपर्छ भन्ने सन्देश यहाँ प्रदान गरिएको छ ।

# अध्याय : छ

# भोगवादका दृष्टिले सुम्निमा उपन्यासको अध्ययन

## ६.१ परिचय

विश्वेश्वरप्रसाद कोइरालाको तेस्रो औपन्यासिक कृति **सुम्निमा** उपन्यास मनोविश्लेषणका साथ सांस्कृतिक विषयवस्तुसँग गाँसिएको पाइन्छ । मानवजीवनमा प्रचलित भोगवाद र योगवाद, भौतिकवाद र अध्यात्मवाद, विपरीत चिन्तन र दर्शनलाई, दुई विपरीत संस्कृति, दुई विपरीत लिङ्गी पात्रका माध्यमबाट आ-आफ्ना तर्क-विर्तककासाथ उपन्यासकार आफ्ना अभिव्यक्ति प्रस्तुत गर्न सफल भएका देखिन्छन् ।

सुम्निमा उपन्यासमा आर्य संस्कृतिका पक्षमा वकालत गर्ने पात्र सोमदत्त र किराँती संस्कृतिका पक्षमा वकालत गर्ने सुम्निमाले आ-आफ्ना पक्षमा प्रबल तर्क प्रस्तुत गर्दै अन्तमा समन्वयात्मक र सम्झौताको बाटोमा समाहित हुँदै मानवजीवनलाई अगाडि बढाएको देखिन्छ । जसले गर्दा मानव जीवन सफल र सबल बनाउन एक पक्ष, एउटै मात्र चिन्तनले कुनै पनि कुरा पूरा हुन सक्दैन भन्ने सन्देश पनि यस उपन्यासको माध्यमबाट दिन खोजिएको छ । उपन्यासभित्र विचार मन्थनका क्रममा भोगवादको पक्षमा सुम्निमाले प्रस्तुत गरेको तर्क बेजोड देखिन्छ भने योगवादको पक्षमा सोमदत्तले प्रस्तुत गरेको तर्क पनि कम विशद छैन ।

भोगवादप्रति सुम्निमाले प्रस्तुत गरेको तर्क प्रबल देखिए पनि अन्तमा समन्वयात्मक ढंगले उपन्यास टुगिंएको छ । मानव जीवन भोगवाद र योगवादको संगम बिन्दु हो भन्ने कुरालाई प्रस्टयाइएको छ । यस उपन्यासबाट मानव जीवनमा विभिन्न विचार प्रस्तुत गर्ने तार्किक शक्तिको विकासमा पनि उपन्यासकारले जोड दिएका छन् । मानव अस्तित्वको लागि शरीर र आत्माको संगम हुन आवश्यक छ भन्ने कुरालाई (ज्ञानू पाण्डे २०६० पृ. २९५) ले उल्लेख गरेको पाइन्छ । मानव जीवनमा शरीर र मन दुवैको आवश्यक छ । शरीर र मनको समन्वयबाट सफल हुन्छ भन्ने कुरालाई सुम्निमा उपन्यासको प्रस्तुतिले चरितार्थ गरेको छ ।

## ६.२ सुम्निमा उपन्यासमा भोगवाद

संरचनाको दृष्टिले पाँच अध्यायमा निर्मित उपन्यासको पहिलो उपकथा शीर्षकमा उपन्यासकारको अभिव्यक्तिसाथै पौराणिक कथा राम र लक्ष्मणको कथावस्तु जोडिएको छ । तीन अध्यायमा विभाजित छ र चारौं अध्यायमा उपसंहार शीर्षकमा पुलोमा विषयवासना नमिल्नाले छोरा जन्मे पनि पारिवारिक समझदारी नभएकै कारण सुत्केरी अवस्थाको स्याहार र हेरविचार नभएकोले रोगी र रुग्ण हुँदै गएको, सोमदत्त पनि पारिवारिक शान्ति नभएकै कारण उमेर नहुँदै बूढो भएको घटनाक्रमको उल्लेख छ ।

### ६.२.१ सुम्निमा उपन्यासको पहिलो अध्यायमा भोगवाद

सुम्निमा उपन्यासको पहिलो उपकथा शीर्षकमा सीता र रामको विवाहले स्त्री भोगको घटनालाई दर्शाउँछ । स्त्री र पुरुषको वासनात्मक सम्वन्धलाई भोगवादकै रूपमा लिइन्छ ।

सुम्निमा उपन्यासको अध्याय नं. एकमा नै ब्राह्मण दम्पतीले ग्रार्हस्थ जीवन छोडेर वानप्रस्थमा प्रवेश गर्नु पनि भोगवाद प्रवृत्त घटना मान्न सकिन्छ । सुख दुःख र जीवनको अनुभूतिलाई भोगशब्दले अर्थ्याउने भएकोले ब्राह्मण दम्पती ग्रार्हस्थ जीवन त्यागेर वानप्रस्थमा जानु भनेको दुःखको अनुभूति गर्नु हो ।

ब्राह्मण बालकले संस्कार सम्पन्न भएपछि वान प्रस्थान गर्नु, कौपिन लगाउनु, लौरो टेक्नु, पुस्तक लिनु र भिक्षा माग्नुलाई भोगवादको प्रतीक मान्न सकिन्छ । कुनै पनि कुरा भोग गर्नु र प्रयोग गर्नु भोग गर्नु हो । जसले गर्दा उपन्यासको प्रत्येक घटनाक्रममा भोगवाद प्रवृत्त भएको देखिन्छ ।[२३३]

पिता शिक्षक बन्नु, पुत्र शिष्य बनेर शिक्षा लिने, ज्ञान प्राप्तिको लागि एकाग्र भएर पाठ घोक्ने गर्थ्यो 'मित्रे चाश्वौं' भनेर प्रयोगात्मक शिक्षाको प्रयोजन भएकोले यसलाई भोगवाद प्रवृत्त घटना मान्न सकिन्छ ।[२३४]

---

[२३३] विश्वेश्वरप्रसाद कोइराला, **सुम्निमा,** आ.सं. (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. ३ ।

[२३४] ***ऐजन,*** पृ. ५ ।

भोगवादका प्रतीक सुम्निमा जहिले पनि नग्न शरीरमा प्रस्तुत हुन्थिन् । वास्तविकता नै मानव जीवन हो भन्ने तर्क अघि सार्दछिन् ।

परिचय दिने क्रममा सुम्निमाले, आमाले सुख दुःख भोग गर्ने हुनाले आमाको नाम जोडेर परिचय दिन्छिन् । परिचय दिंदा आमाको नाम जोड्नु भनेको भोगवादको प्रतीक हो । सन्तानका निम्ति आमाले सबै दुःख, सुख भोग गर्ने हुनाले परिचय दिंदा आफ्नो नामको अगाडि आमाका नाम जोड्नु भनेको भोगवादलाई मान्यता दिनु हो । सुम्निमाले किराँती संस्कृति भनेको भोगमा विश्वास गर्ने, प्रत्यक्ष देखिने कुरामा विश्वास गर्ने भनेर परिचयको घटनालाई पनि भोगवादको रूपमा स्पष्ट पारिएको छ ।

सोमदत्तले आमालाई माता शब्दले सम्बोधन गर्दा सुम्निमाले "आमा भनेको हाम्रो सांसारिक जगत्मा देखिने र नजिक छौं । आमा भन्नु नै मानवीय कर्तव्य हो । हामी अदृश्य वस्तुमा भन्दा आफ्नै धरातलमा रहनु पर्छ"[२३५] भन्ने भौतिक संसारसँग आमाको नाता गाँसेर भोगवाद प्रवृत्तिको विचार प्रस्तुत गरेकी छिन् । एकातिर सुम्निमाले भोगवादको वकालत गरेकी छिन् भने व्यक्तिगत स्वतन्त्रताको आभास पनि यहाँ दिएको पाइन्छ । सोमदत्तको अध्यात्मवादप्रतिको तर्कलाई सुम्निमाले भोगवादको बेजोड तर्क प्रस्तुत गरी वकालत गरेकी छिन् ।

सूर्यदत्तको आश्रममा राजकुमारको प्रवेशले हिंसा नगर्ने आदेश दिनु, गोवध गर्न नदिनु भन्ने भनाइबाट भिल्ल युवकले युद्ध गर्नुपर्छ भन्ने भावना प्रकट गर्नु भोगवादलाई प्रश्रय दिनु हो । यस घटना श्रृङ्खलाले पनि सुम्निमा उपन्यास भोगवाद प्रवृत्त भएको देखिन्छ ।

सुम्निमा र सोमदत्तको देवता खुशी पार्ने काममा सुँगुरपाठा चढाउने सुम्निमाले विचार प्रस्तुति गरेबाट भोगवाद प्रक्षेपित भएको देखिन्छ । बलि दिनु भनेको प्रत्यक्ष रूपमा देखिन्छ अदृश्य कुरामा कसरी विश्वास गर्ने भन्ने भनाइबाट सुम्निमाले भोगवादको वकालत गरेकी छिन् ।

---

[२३५] ***ऐजन***, पृ. १७ ।

सुम्निमा र सोमदत्तको कुराकानी भैरहेको अवस्थामा परेवा आई फ्यात्त खसेपछि बाजलाई आहार दिएर परेवा बचाउनुपर्छ भन्ने तर्कमा सुम्निमाले "एकछाक मासु दिएर शिवी राजाको कथालाई चरितार्थ गर्न नखोज प्रकृतिले मिलाएको ऱ्याङठयाङ्मा कसैको केही लाग्दैन । यसमा धर्म र अधर्मको कुरा हुँदैन"[२३६] भन्ने तर्कमा भोगवाद प्रवृत्त भएको देखिन्छ । प्रकृतिको नियमलाई भत्काउन खोज्नु नै हिंसा हो भनी उपन्यासकारले सुम्निमाको माध्यमबाट प्रकृतिवादी विचार व्यक्त गरेको प्रतिविम्वित हुन्छ साथै सुम्निमाले त्यो बाँच्नको लागि प्रकृतिले सृष्टिक्रम मिलाएको कुनै पाप होइन भनी भोगवादको पक्षमा तार्किक अभिव्यक्ति प्रस्तुत गरेकी छिन् । प्रकृति विपरीत भएका कार्यहरू मात्र हिंसा हो भन्ने तर्क गर्छिन् ।

महाभारतजस्ता ग्रन्थमा कति मानिसको हिंसा भएको छ[२३७] भन्ने शास्त्रसम्मत विचारलाई चिरफार गरी भोगवादको पक्षमा प्रबल मत जाहेर गरेको घटनाबाट भोगवाद प्रत्येक कार्यसँग गाँसेको हुन्छ भन्ने विचार प्रस्तुत गरेकी छिन् ।

सुम्निमाले शरीरको प्रशंसा गर्दा सोमदत्तले शरीर ढाक्ने सल्लाह दिन्छ तर सुम्निमाले हामी वास्तविकतामा विश्वास गर्छौं । कृत्रिमता हामीलाई चाहिँदैन । कृत्रिमतामा हामीलाई लाज हुन्छ भनी प्राकृतिक भोग प्रवृत्तिमा जोड दिन्छन् । सोमदत्तले शरीर रूपी वचन पाप हो भन्छन् तर मनमा सुम्निमाको रूप आकृष्ट हुन्थ्यो । जति जति सुम्निमाको रूप मनमा नाच्छ तपस्याको समयावधि बढाउनु पर्ने अवस्था सोमदत्तलाई हुन्थ्यो । यसरी सोमदत्तको मनमा सुम्निमाको रूपले छाप पार्नु भनेको वासनात्मक प्रवृत्तिका साथै भोग प्रबृत्तिबाट प्रेरित हुनु हो । यसरी शारीरिक र मानसिक रूपमा पनि सोमदत्तलाई भोगवासना दवाउन निकै कठिन हुनु भनेको मानवीय आवश्यकताबाट टाढिन खोज्दा जीवन असफल हुन्छ भन्ने संकेत गरेको देखिन्छ ।

शरीर र मनबीच सोमदत्त र सुम्निमाको तर्क-विर्तक हुन्छ । सुम्निमाले शरीरको प्रशंसा गर्छिन् "यो शरीर चाँडै नै मर्ने हुनाले, यसलाई चाँडै नै छाड्नु पर्ने हुनाले यसको

---

[२३६] ***ऐजन,*** पृ. १७ ।

[२३७] ***ऐजन,*** पृ. २४ ।

झन् बढ्ता हेरविचार गर्नुपर्ने होइन र ?"[२३८] । "शरीर फूल जस्तो राम्रो छ, एकछिन वासना छरेर झर्ने" ।[२३९] "त्यसैले सकिने आनन्दलाई भोगी हाल्नुपर्छ"[२४०] एकछिन रहने सुख नै ठूलो आनन्द हो, त्यो एक छिनमा नै सकिन्छ त्यसैले"[२४१] । यसरी सुम्निमाले भोगवादप्रति आफ्नो मत जाहेर गरेको पाइन्छ । शरीर क्षणभङ्गुर हुन्छ । यो क्षणभङ्गुर शरीरलाई भोग गर्नुपर्छ भन्ने भोग भावना प्रेरित भएर सुम्निमाले भोगवादको पक्षमा विचार व्यक्त गर्छिन् ।

सुम्निमा शरीरको भोग भावनाले प्रेरित भएर सोमदत्तको टाउको स्पर्श गर्दै आफ्नो छातीमा टाँस्दै शरीरको कामेच्छा पूरा गर्न उद्यत भएकोले यसमा भोगवाद पूर्ण रूपमा प्रबृत्त भएको देखिन्छ । यसरी कामवासना मानवीय आवश्यकता हो भन्ने तथ्यलाई उपन्यासले सुम्निमाको माध्यमबाट स्पष्ट पारेका छन् ।

सोमदत्तलाई पनि भोगभावनाले प्रकम्पित पार्छ । मूर्च्छित अवस्थामा पुग्दछ । मूर्च्छित अवस्थाबाट विउँझेपछि अगाडि नबस्न सोमदत्तले सुम्निमालाई आग्रह गर्छ । सुम्निमा पनि त्यहाँबाट लोप हुन्छे । साँझमा घरमा पुगी आमाले तिमी किन उदास देखिन्छौं भन्दा रून थाल्नु । भोगवादप्रतिको प्रभाव हो । कामवासना पूरा नहुँदा मानिसमा विकृति पैदा हुन्छ, स्त्री र पुरुषको भोग मानवीय आवश्यकता हो भन्ने तथ्यलाई उपन्यासकारले सुम्निमाका माध्यमबाट प्रस्टयाउन खोजेका छन् भने सोमदत्त मूर्च्छित आवस्थामा पुग्नु पनि भोग भावनाको प्रभाव हो ।

घोडा वशमा आए तर सारथी आएन भनेझैं सोमदत्त पनि बलपूर्वक सुम्निमाको यौवनरूपी शरीरको यौनेच्छा दमित गर्दा शिथिल र रुग्ण भएर आश्रममा पुग्छ । जुन भोग भावनाले जस्तो-सुकै योगीलाई पनि प्रभाव पार्छ भन्ने घटनालाई सोमदत्तको अवस्थाबाट देखाउन खोजिएको छ ।

सुम्निमाको पहिलो अध्यायमा किराँती नारी आमाबाट परिचित हुन खोज्नु भोगवादको प्रतिविम्व हो । देवता खुशी पार्ने नाममा गोबध गर्नु, हिंसा गर्नु, सुँगु रपाठा

---

२३८ ***ऐजन,*** पृ. २४ ।

२३९ ***ऐजन,*** पृ. २४ ।

२४० ***ऐजन,*** पृ. २४ ।

२४१ ***ऐजन,*** पृ. २५ ।

चढाउनु आदि भोगवादको प्रतीक हो भने स्त्री र पुरुषको कामनावासना पूरा नहुँदा, भोगभावना पूर्ति नहुँदा मानव जीवनमा विकृति पैदा हुने घटनालाई पनि प्रस्टयाउन खोजिएको छ साथै स्त्री र पुरुषको सहवास मानवीय आवश्यकता हो । यसलाई समयमा नै भोग भएमा मानव जीवन सुन्दर र सुखमय वातावरण हुने कुरालाई पनि इंगित गर्न खोजिएको छ ।

## ६.२.२ सुम्निमा उपन्यासको दोस्रो अध्यायमा भोगवाद

सुम्निमा उपन्यासको दोस्रो अध्यायमा सुम्निमाको यौवनरूपी शरीर मात्र सोमदत्तको मनमा आइरहन्थ्यो कामवासना त्याज्य हुनु नै पुण्य प्राप्ति हो भन्ने कुरा सोमदत्तले वेद, उपनिषद् र अन्यान्य धार्मिकशास्त्रहरूमा अध्ययन गरेको थियो । सुम्निमासँगको भेटमा सोमदत्तले आफूमा अझ पनि वासनाकामना शक्ति प्रबल रहेको महसूस गरी आश्रमबाट निस्केर कठोरतम जीवन यापन गर्न थाल्यो किराँतबालाको मूर्ति मनबाट मेटाउन पराजीत भई मर्माहत भएको थियो । जसले सोमदत्तको मनमा प्रश्न उत्पन्न भयो "त्याग तपस्या इत्यादि मिथ्यावरण मात्र हो ?"[२४२] के यसमा कल्याण भावना छैन ?"[२४३] जस्ता कौतुहलता उत्पन्न हुन्छ । सोमदत्तमा यस प्रकारको भावना हुनु भनेको भोगवादको प्रबलता हो ।

## ६.२.३ सुम्निमा उपन्यासको तेस्रो वा अन्तिम अध्यायमा भोगवाद

सुम्निमा उपन्यासको तेस्रो अध्यायमा सोमदत्तलाई सुम्निमाको रूपले च्वास्स-च्यास्स घोचिरहेकोले त्यही मूर्ति हटाउन कठोरतम जीवनयापन गर्न थाल्यो । निराहार, निर्जला भएर, वाजपेयी भएर शीतकालमा कैलाश तीर्थको मार्गमा हिमाच्छदित, मानसरोवरको जलमा डुबेर ग्रीष्मका हिङ्गलाज मरुभूमिमा पञ्चाग्नि बालेर, कहिले समुद्रको चट्टानका उपर पद्मासन लाएर तपस्यारत हुनु, कहिले सूर्यको आतपमा देहपाक गर्थ्यो । यसरी भोगवादको प्रभाव भेटाउन कठिन हुन्छ । यो मानव जीवनसँग अन्योन्याश्रित सम्बन्ध हुन्छ । यो मानव जीवनको एक पाटो हो । यसलाई अलग्याउन सकिँदैन भन्ने कुरालाई उपन्यासले अभिव्यक्ति दिन खोजेको छ ।

---

२४२ ***ऐजन,*** पृ. ३० ।

२४३ ***ऐजन,*** पृ. ३० ।

सुम्निमाको यौवनरूपी शरीर सोमदत्तको मनमा वास गर्न नछाडेकोले कहिले बौलाहा भएर, कहिले कराएर हिँड्न थाल्यो । यो भोगवादप्रतिको गहन प्रभाव हो । यसरी बलपूर्वक भोग्य इच्छा दबाउँदा विकृति पैदा हुन्छ, मानव जीवन खल्वलिन्छ भन्ने यथार्थ प्रस्तुति यहाँ देखिन्छ ।

वंशजको रक्षा गर्नु, विवाह गर्नु भोगवादप्रति आकृष्ट हुनु हो । पुत्र प्राप्तिको लागि सुम्निमा संझेर पुलोमालाई भोग गर्नु भोगवादको अवलम्वन गर्नु हो । त्यसैगरी पुलोमाले भिल्ल युवक संझेर भोग गर्दा गर्भधारण हुनु भोगवादले मानवीय चाहनाको पूर्ति हुन्छ । शास्त्रसम्मत् मान्यतालाई संशोधन र परिमार्जन गर्नु भनेको भोगवादको मान्यतालाई केही अंशमा स्विकार्नु हो । त्यसैगरी भोगभावना एकैसाथ जागृत नहुँदा सन्तान प्राप्ति भए तापनि पारिवारिक स्नेह नपाई हुर्कनु, पुलोमालाई सुत्केरी अवस्थामा पनि स्याहार नभएकै कारण बिरामी भई देह त्याग गर्नु र सोमदत्त उमेर नपुग्दै बूढो हुनु भोगवादको प्रभाव र मानवीय आवश्यकतालाई अलग्याउनाले मानव जीवन सफल हुँदैन भन्ने कुरा पनि प्रस्ट्याउन खोजिएको पाइन्छ ।

पुत्रप्राप्तिको लागि बिजुवा बाको शरण पर्नु, सुम्निमाको मनुवा रिझाइमा सहमत भई । मनुवा दहमा सुम्निमासँग नुहाउनु, सुम्निमाको मनुवा रिझाइले मन र शरीर एकसाथ राखेर पुलोमासँग समागम गर्नु भोगवादको अवलम्वन गर्नु हो । यो घटनाले गर्दा भोगवाद मानवीय आवश्यकता हो । जसले मानव जीवन सफल र सार्थक हुन्छ भन्ने कुरा सोमदत्तको छोरो र सुम्निमाकी छोरीको वैवाहिक जीवनवाट प्रस्टिन्छ ।

मानव जीवन समन्वयवादमा आधारित छ र समन्वयबाट मात्र मानव जीवन सफल हुने कुरालाई इंगित गर्दै संसारका कुनै पनि चिन्तन र विचार एकपक्ष रूपमा पूरा हुन सक्दैन भन्ने तथ्यलाई पनि उपन्यासले यस घटनाक्रमबाट देखाउन खोजिएको छ ।

सुम्निमा उपन्यासको पहिलो उपशीर्षकमा पौराणिक कथा वस्तुको साथ नारी र पुरुषको वासनात्मक भोगको घटनालाई प्रस्तुत गरिएको छ । अध्याय एकदेखि अन्तिम अध्यायसम्म भोग प्रवृत्तिका घटनाहरू प्रबल रूपमा घटेका छन् ।

पहिलो घटनामा परिचयको घटनामा नारी पात्र सुम्निमाले आमाबाट परिचित हुनुपर्छ भन्ने प्रत्यक्ष जुन वास्तविकतालाई जोड दिनु भनेको भोग प्रवृत्तिप्रति घटित घटना हो । त्यसैगरी माता शब्द पनि आफ्नै धरातलको नजिकैको वास्तविकतालाई छोडेर अन्यत्र वहकिनु भनेको, देखेको र भोगेको कुरालाई हामीले विश्वास गर्नुपर्छ भनेर भोग प्रवृत्तिमा वकालत गरेको घटनाले पनि भोग प्रबल रूपमा देखिन्छ ।

देवता खुशी पार्न सुँगुरपाठा बलि चढाउनु, युद्ध गर्नु भनेको पनि भोगवादको प्रतीक हो । त्यसैगरी विवाह गरेर पनि शास्त्रसम्मत् ढंगबाट पुत्र प्राप्त नहुनु भोगवादको प्रबल प्रभाव हो भने अन्त्यमा बिजुवा बाको शरण परी सुम्निमाले सोमदत्तको मनुवा रिझाउनुलाई भोगवादको प्रतिविम्वकै रूपमा लिन सकिन्छ ।

सोमदत्त र पुलोमाको समझदारी कायम नहुनु भनेकै भोगवादको मानव जीवनमा आवश्यकता दर्शाएको हो भनी मान्नु पर्दछ ।

समग्रमा मानव जीवनमा भोगवादले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ भन्ने कुरालाई सुम्निमा उपन्यासले प्रस्ट पार्दछ ।

मानव जीवन एउटै विचार, एउटै चिन्तन र एकपक्षले मात्र चल्न सक्दैन र मानव जीवनमा शारीरिक सम्वन्धको आवश्यकतालाई दर्शाएको पाइन्छ । सुम्निमा उपन्यासको घटनाक्रमले भोगवादको प्रबल भूमिकालाई पुष्टि गर्दछ ।

## ६.३ पात्रगत दृष्टिले सुम्निमा उपन्यासमा भोगवाद

सुम्निमा उपन्यासमा आबद्ध पात्रहरू सुम्निमा, सुम्निमाकी आमा, सुम्निमाकी छोरी पुलोमा, पुलोमाकी आमा, सोमदत्तको आमा र पुरुष पात्रहरू सोमदत्त, सूर्यदत्त, बिजुवाबा, राजकुमार, राजकुमारका सेनाहरू र नेपथ्य पात्रका रूपमा पुलोमाको बाल्यकालको साथी भिल्ल युवक हुन् ।

### ६.३.१ सुम्निमा पात्रमा भोगवाद

सुम्निमा उपन्यासको प्रमुख पात्र सुम्निमा हुन् । सुम्निमा र सोमदत्तको परिचय क्रममा नै सोमदत्तले बुवाको नामबाट परिचय दिएकोले सुम्निमाले सन्तानको निम्ति सम्पूर्ण दुःख, कष्ट आमाले सहेकी हुन्छे । त्यसकारण आमाबाट परिचित हुनुपर्छ भन्ने आफ्नो वैचारिक प्रस्तुतिबाट भोगवाद प्रबृत्त भएको देखिन्छ । त्यसैगरी सोमदत्तले आमालाई माता शब्दले सम्बोधन गरी देवभाषाका रूपमा सम्मान गरेको भन्ने भनाइमा सुम्निमाले मान्छे भएर मान्छेको भाषा बोल्नुपर्छ किन देवभाषा बोल्ने भन्ने तर्कमा पनि वास्तविकतामा रहनु पर्ने भनाइमा भोगवाद प्रतिविम्वित हुन्छ ।

उपन्यासको दोस्रो अध्यायमा पनि सुम्निमाले सोमदत्तसँग कुराकानी गर्ने क्रममा शरीरको प्रशंसा गर्छ । शरीरको प्रशंसा भनेको भोगवादप्रति आकृष्ट हुनु हो ।

सुम्निमाले देवता खुशी पार्ने नाममा सुँगुर, पाठा चढाउनु पर्छ । अनि देवता खुशी हुन्छन् भन्ने किराँती संस्कृतिको बारेमा व्याख्या, विश्लेषण गर्नु भनेकै भोगवादको पक्षमा वकालत गर्नु हो ।

सुम्निमाले शरीरका बारेमा कुराकानी गर्दै कामातुर भएर सोमदत्तलाई स्पर्श गर्दै सोमदत्तको टाउको आफ्नो छातीमा टाँस्नु भोगवादको पक्षमा पूर्ण रूपमा प्रयोगात्मक रूपमा समर्पण हुनु हो । सोमदत्तलाई "शरीर भनेको अनित्य हुन्छ, त्यसलाई समयमै उपयोग गर्नु पर्छ"[२४४] भनेर शरीरको पक्षमा उदाहरणको रूपमा पनि प्रस्तुत गरेका भनाइहरूमा उल्लेख छन् "शरीर फूल हो" यसलाई टिप्नुपर्छ । "टिपेर भगवान्‌को शिरमा चढाइन्छ ।"[२४५] यो अनित्य हुन्छ । "अनित्य वस्तुको समय मै उपयोग गर्नुपर्छ ।" शरीर क्षण भङ्‌गुर हुन्छ ।"[२४६] क्षण भङ्‌गुर शरीरलाई समयमै भोग गर्नुपर्छ "जसरी फूल ओइलिएर झरेर जान्छ । त्यसैगरी शरीर पनि समय सकिएपछि नष्ट हुन्छ ।"[२४७] त्यसकारण समयमै भोग गर्नुपर्छ भनी भोगवादको पक्षमा प्रमाणित स्वरूप सहित प्रस्तुत हुनु भनेको भोगवादको पक्षधरभन्दा पनि फरक नपर्ला । यसैले सुम्निमामा पूर्ण रूपमा भोगवादी प्रवृत्ति प्रवाहित भएको पाइन्छ ।

---

[२४४] ***ऐजन,*** पृ. २४ ।

[२४५] ***ऐजन,*** पृ. २४ ।

[२४६] ***ऐजन,*** पृ. २४ ।

[२४७] ***ऐजन,*** पृ. २५ ।

जब सोमदत्तको पुत्र प्राप्तिको लागि विवाह भई अनुष्ठान विधिबाट पुत्र प्राप्त नभएपछि विजुवाबाको शरण लिन पुग्छ । त्यस अवस्थामा सोमदत्तमा वासनात्मक शक्ति मरिसकेको हुन्छ र बिजुवा बाले बासनात्मक शक्ति जगाउन सुम्निमालाई किराँती भाषामा मनुवा रिसाएको छ । मनुवा रिझाउने कार्य सुम्निमाले नै गर भनेर जिम्मा दिएपछि सोमदत्तमा मनुवा रिझाउने कार्य सुम्निमाले मनुवा दहमा लगी जलक्रीडा गराउनु, तेल लगाएर शारीरिक स्पर्श गरी वासनात्मक भावना जगाउनु भनेको भावनात्मक रूपमा मात्र भोगवादतिर प्रवृत्त होइन शारीरिक र मानसिक रूपमा नै समर्पण भएको देखिन्छ । सुम्निमा उपन्यासको विषय वस्तु नै दुई संस्कृतिको विषयमा तर्क-विर्तक र विचार विमर्शको प्रस्तुति हो । जसमा भोगवादको पक्षमा वकालत गर्ने प्रतिनिधि पात्र नै सुम्निमा हो । जुन पात्रलाई उपन्यासबाट अल्याउन खोज्यौं भने उपन्यासको विषयवस्तु अगाडि बढ्न सक्दैन ।

### ६.३.२ सोमदत्त पात्रमा भोगवाद

सुम्निमा उपन्यासको दोस्रो प्रमुख पात्रको रूपमा सोमदत्तको स्थान रहन्छ । सोमदत्त योगवादीका पक्षधर भए तापनि वैचारिक र शारीरिक रूपमा भोगबाट मुक्त हुन सकेको देखिंदैन । उपन्यासको पहिलो अध्यायमा नै ग्राम्य जीवन छोडेर आश्रमको वास भनेको सुखको जीवनलाई त्यागेर दुःखको भोग गर्नु हो । कौपिन लगाउनु, पलाँसको दण्ड टेक्नु, लगौटी लगाउनु भनेको अनुशासित जीवनको भोग गर्नु हो ।

सुम्निमाको मूर्तिबाट मुक्त हुन नसकी कठोरत्तम तपस्यामा लाग्नु नै भोगवादको प्रभाव हो । आश्रमबाट निस्केर कहिले बौलाहा जस्तो भएर हिंड्ने कहिले चिच्याउने, जटाधारी शिर लिएर भिक्षा मागेर हिंड्ने जस्ता विकृति निस्कनु भनेको भोगवादले पारेको गहन प्रभाव भन्नुपर्छ ।

सुम्निमाले शरीरको प्रशंसा गरेर स्पर्श गर्दा मूर्च्छा पर्नु, सुम्निमालाई अगाडि नबस भनेर आग्रह गर्नु भनेको भोगभावना तथा वासनाकामनाबाट विचलित हुन नसक्नु हो ।

शारीरिक प्रशंसा नै पाप भनेर शास्त्रसम्मत् वकालत गर्ने पात्रले विवाह गर्नु भनेको भोगप्रति आकृष्ट हुनु हो । शारीरिकसम्पर्क नै पापको संज्ञा दिएर पाप र पुण्यको वकालत गर्ने पात्रले अनुष्ठान विधिबाट शारीरिक सम्पर्क गर्नु नै भोगवादको समर्थन गर्नु हो ।

त्यसैगरी पुत्र प्राप्तिको लागि बिजुवा बाको शरण लिनु भनेको भोगवादको सिद्धान्त अवलम्वन गर्न अग्रसर हुनु हो भन्ने कुरालाई स्वीकार गर्न सकिन्छ ।

बिजुवा बाले भने अनुसार सुम्निमाको मनुवा रिझाइमा सहमत भई मनुवादहमा जलक्रीडा गर्नु, सुम्निमाले स्पर्श गर्दै तेल लगाई दिंदा आनन्दित भएर बस्नु आदिले सोमदत्तमा भोगवादप्रतिको आस्था बढ्दै जानु हो । त्यसैगरी सुम्निमाको त्यो स्पर्शले घरमा गएर आफ्नी श्रीमती पुलोमालाई सुम्निमा संझेर गरेको भोगले जिन्दगीको आनन्दित क्षणको अनुभूति हुनु भनेको वासनात्मक सन्तुष्टि प्राप्त हुनु नै भोगवादको पूर्ण समर्थन गर्नु हो । यसरी समय समयमा कामेच्छा जाग्नु भनेको भोगवादबाट मुक्त हुन नसक्नु हो । यसरी मन वा योगवादका पक्षधर भएर पनि त्यसबाट आफ्नो साधना पूरा नभएपछि भोगवादको शारीरिक र वैचारिक रूपबाट पूर्ण रूपमा समर्थक भएको देखिन्छ ।

### ६.३.३ पुलोमा पात्रमा भोगवाद

सुम्निमा उपन्यासको तेस्रो पात्रका रूपमा पुलोमाको भूमिका आउँछ । पुलोमामा पनि भोगवादी लक्षण केही मात्रामा देखिन्छ । सन्तान प्राप्तिको लागि अनुष्ठान विधिमा पनि समागमको मन्त्रोच्चारण गरी भोग वासनाले प्रेरित भएको देखिन्छ । भिल्लयुवक मनमा वास हुनु भनेको भोगवादको प्रतिविम्वको रूपमा आउँछ । जुन दिन सुम्निमाले मनुवादहमा जलक्रीडा गराएर तेल लगाएर शारीरिक स्पर्शबाट वासनात्मक भावना जगाएर सोमदत्त फर्के । त्यस रातको भिल्लयुवक संझेर समागम गर्नु भनेको भोग भावनाले उन्मत्त भएर बसेको हो । त्यस दिनको आनन्द भनेको जिन्दगीको पहिलो आनन्द अनुभूति गर्नु भनेकै भोगवादप्रति प्रवृत्त हुनु हो । जसले गर्दा मानवीय जीवनलाई भोगभावनामा आकृष्ट गर्न खोजेको आभास हुन्छ । स्त्री र पुरुषको भोग मानवीय जीवनमा अपरिहार्य छ भन्ने कुरालाई दर्शाउछ ।

सोमदत्त र पुलोमाको पारिवारिक शान्ति नहुनु भनेकै भोगभावनाको संयोग हुनु नसक्नु हो । पुत्र प्राप्त नहुनुमा आरोप-प्रत्यारोप लगाउनु भोग भावनाको इच्छा पूरा नहुनुको आवेश हो । त्यस रातको शरीर सिगार्ने, प्रणय भाव देखाउने आदि भोगवासनाले प्रेरित हुनु हो ।

पुलोमाले वासनात्मक भावनाले प्रेरित भएर आवेशमा पोखेका वाक्यहरूले पनि भोगवादी भावनामा आकृष्ट छन् भन्ने कुरा स्पष्ट हुन्छ । "हृदयहीन पुरुष, तिमी मेरो शत्रु रहेछौं ।"[२४८] भावनाशून्य एउटा सुकेको पुरुष रूपी मुढोको अगाडि अनुभवसिक्त वाक्यहरू अर्थहीन छन् ।[२४९] यस्तै अनुभव जन्य वाक्यहरूले पुलोमा भोगवाद पूर्ण रूपमा प्रवृत्त भएको पाइन्छ ।

भोगभावना पूरा नभएपछि बिलौना गर्नु, रुनु शरीर काँप्नु यी सबै भोगवासनाका प्रतिफल हुन् पुलोमामा भोगवासनात्मक इच्छा नभइदिएको भए मनुवादहको आवेगले सुम्निमा संभ्केर समागम गर्दा असहमत हुनुपर्थ्यो । भिल्ल युवक संभ्केर सहवास गर्नु नै भोगभावना दमित गरेर बसेको भन्ने कुरा स्पष्ट हुन्छ । त्यसकारण पुलोमामा पनि प्रशस्त मात्रा भोगवादी प्रवृत्ति देखिन्छ ।

## ६.३.४ उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका दृष्टिमा भोगवाद

सुम्निमा उपन्यासको लेखकीय दृष्टिमा भोगवाद प्रवृत्तिको अध्ययन गर्दा लेखकीय अभिव्यक्ति प्रत्यक्ष रूपमा देखिन्छ । कौशिकी नदीको उन्मत्त वेगको रूपलाई सुम्निमाको स्वरूप प्रवाहित गराएको पाइन्छ । स्वतन्त्र रूपमा नारी अभिव्यक्ति हो भनी भनेको लेखकीय अभिव्यक्ति मान्न सकिन्छ ।

पितृप्रधान समाज, नारी शिक्षाको, नारी चेतनाको त्यति विकसित नभएको अवस्थामा पनि पुरुषको आरोप-प्रत्यारोपमा नारी पुलोमाले सोमदत्तको प्रतिकार गर्नु भनेको लेखकीय अभिव्यक्ति मान्न सकिन्छ । स्वतन्त्र रूपमा पति सोमदत्तको आरोपलाई खण्डन गर्नु भनेको लेखकीय अभिव्यक्तिको रूपमा देखिएको छ । जतिबेला नारी शिक्षाको त्यति चेतना जगाएर प्रतिकार गर्ने हैसियत भएको देखिंदैन । त्यसैले लेखकीय अभिव्यक्तिमा पनि भोगवाद प्रवृत्त भएको पाइन्छ ।

जुनसुकै संस्कृतिमा ईश्वरले पनि वासनात्मक प्रेमलाई वञ्चित गर्दैनन् भन्ने कुरालाई लेखकले अभिव्यक्त गर्न खोजेका छन् । किराँती संस्कृति भोगवादको पक्षधरका

---

२४८ ***ऐजन,*** पृ. ८० ।

२४९ ***ऐजन,*** पृ. ८० ।

रूपमा यहाँ प्रस्तुत गरिएको छ भने आर्य संस्कृतिमा पनि शास्त्रले विवाह वञ्चित गरेको देखिँदैन । "स्त्री र पुरुषको समागम बिना वंशज रक्षा कर्तव्य पूरा हुन सक्दैन ।"[२५०] वंशज रक्षा, पुत्रले गर्नुपर्ने कर्तव्य दर्शाएको देखिन्छ । त्यसैले लेखकको दृष्टिमा पनि भोगवाद पूर्णरूपमा देखिन्छ ।

## ६.३.५ सुम्निमा उपन्यासको सारवस्तुमा भोगवाद

सुम्निमा उपन्यासको कथावस्तु दुई संस्कृतिका पात्रका माध्यमबाट मानवीय संसारमा प्रचलित चिन्तन र विचारहरूलाई कुन बढी महत्त्वपूर्ण छन् भन्ने कुरालाई दर्शाइएको छ ।

समाजमा आर्य संस्कृति भनेको पुण्य र पापको नाममा अप्रत्यक्ष वस्तुमा विश्वास गर्ने संस्कृति हो । आत्मा र विचारलाई यसले ठूलो वस्तुका रूपमा मान्यता दिन्छ भने किराँती संस्कृति भनेको कुनै पनि प्रत्यक्ष देखिने र भोग्नुपर्छ भन्ने मान्यता यसले अघि सार्दछ ।

सुम्निमामा सुम्निमा भोगवाद प्रवृत्तिको पात्र हो । जसले सुरुदेखि नै भोगवादको पक्षमा वकालत गरेकी छिन् । "आमाबाट परिचित हुनु पर्ने, आफ्नो धरातल, आफूले देखेको भोगेको वस्तुको विश्वास गर्ने, माता होइन आमा शब्द नै सन्तानको निम्ति नजिक हुन्छ ।"[२५१] हरेक घटनामा भोगवादकै पक्षमा वकालत गर्दै वैचारिक प्रस्तुतिका साथसाथै मानवीय आवश्यकतालाई पनि प्रमाणित गरी देखाएका छन् । योगवादी पक्षधर सोमदत्त पनि भोगवादीबाट मुक्त रहन सकेन । मानव सृष्टिक्रमलाई टिकाइ राख्न भोगवादको सहायता नै लिनुपरेको यथार्थ यहाँ स्पष्ट देखिन्छ । अरू पात्रहरू प्रायः भोगवादी प्रवृत्तिमा नै देखिन्छ । वैचारिक वा योगवादको पनि आवश्यकता नभएकै त भन्न मिल्दैन तर भोगवादकै प्रबलता देखिन्छ र भोगवादबिना मानव संसार चल्न सक्दैन भन्ने कुरा यस उपन्यासमा देखिन्छ र वास्तवमा यथार्थ यही हो भोगबिना सृष्टिक्रमलाई निरन्तरता दिन असंभव हुन्छ । त्यसकारण सुम्निमा उपन्यासको सार वस्तुमा भोगवाद प्रबलरूपमा देखिन्छ ।

---

[२५०] ***ऐजन,*** पृ. ३४ ।

[२५१] ***ऐजन,*** पृ. ८ ।

## ६.४ निष्कर्ष

सुम्निमा उपन्यासमा दुई भिन्न संस्कृति भएका पात्रहरूका माध्यमबाट मानव संसारले अवलम्वन गर्दै आएका चिन्तन र विचार मानव संसारमा कुन बढी महत्त्वपूर्ण छन् भन्ने कुरालाई प्रस्टयाउन खोजिएको पाइन्छ ।

सुम्निमा वास्तविकतामा विश्वास गर्छिन् भने सोमदत्त अदृश्य र अप्रत्यक्ष वस्तुमा बढी विश्वास गर्छन् मानव संसार कुनै पनि एक पक्ष ढंगले चल्न सक्दैन भन्ने सार यसले प्रस्तुत गरेको छ । दुवैको समझदारी, सम्झौता तथा समन्वयबिना मानव जीवन कल्पना गर्न सकिंदैन । विचार र विश्वासबिना कुनै पनि भोग गर्न सकिंदैन र भोगबिना प्रतिफल प्राप्त हुन सक्दैन ।

मानव सृष्टिक्रमलाई निरन्तरता दिन स्त्री, पुरुषको भोग अति आवश्यक छ । यसमा वैचारिक संझौता हुनुपर्छ । संझौताबिना यो कल्पना गर्न सकिंदैन । संसारमा भोगवाद तथा भौतिकवाद चिन्तन एकातिर छन् भने अध्यात्म वा योगवाद पनि छन् । भौतिकवादले मात्र पनि मानवीय संसार अकल्पनीय छ भने अध्यात्मवादले मात्र पनि, यसैले दुवैको समन्वय हुनुपर्छ । समन्वयवादबाट मात्र मानवीय जीवन संभव हुन्छ, मात्र अन्तर छ प्रवलरूप कुन छ भन्ने कुरा यस उपन्यासमा भोगवादी सृष्टिक्रमको निरन्तरतालाई बढी सफल देखाइको छ । यहाँ सुम्निमाको प्रभाव बढी मात्रामा देखिएको छ ।

# अध्याय : सात

# उपसंहार एवम् निष्कर्ष

सुम्निमा थोरै पात्रको संयोजन गरिएको उपन्यास हो । किराँती संस्कृतिका पक्षधर सुम्निमा, सुम्निमाकी छोरी, आर्य संस्कृतिको प्रतिनिधित्व गर्ने पात्र सोमदत्त, सोमदत्तको छोरो, भिल्लहरू र किराँतीहरूको बैद्य, बिजुवाबा आदि पात्र छन् । यस उपन्यासलाई सांस्कृतिक उपन्यास मानिन्छ । साँस्कृतिक उपन्यास मानिए तापनि यसमा संस्कृतिको मात्र उल्लेख सीमित छैन । यस उपन्यासमा किराँती संस्कृतिको र आर्य संस्कृतिको विशेष रूपमा उल्लेख हुनुको साथै यी दुई संस्कृतिभित्रका अनेक मान्यता र विश्वासलाई केलाएको पाइन्छ । आर्य संस्कृतिको मान्यता केमा आधारित छ ? किराँती संस्कृतिको मान्यता र सिद्धान्त केमा आधारित छ ? भन्ने स्पष्ट विश्लेषणका साथै मानव अस्तित्व कसरी कायम राख्न सकिन्छ ? भन्ने कुरा उपन्यासमा नारी पात्र सुम्निमा र पुरुष पात्रको वाद-विवाद, भोगवाद र योगवाद, मन र शरीरको व्यावहारिक प्रयोगबाट विश्लेषण गरी मानव जीवन सफल बनाउन कुन, कुन कुराको योग हुनुपर्छ भन्ने सन्देशका साथ यो उपन्यासमा मार्गदर्शन प्रस्तुत गरिएको पाइन्छ ।

सुम्निमा यस उपन्यासका नारीपात्र हुन् । जसले किराँती संस्कृतिको प्रतिनिधित्व गरेकी छ । किराँतीहरू शरीर पक्षमा विश्वास गर्छन् । प्रत्यक्ष भोग गरेको र प्रत्यक्ष देखेको कुराहरूमा विश्वास गर्छन् ।

उनीहरू पनि ईश्वर हुन्छन् भन्ने कुरामा विश्वस्त छन् । तर ईश्वरलाई पुज्ने र ईश्वरलाई रिझाउने तौरतरिकामा मात्र अन्तर छ । उनीहरू देवता रिझाउन भोग दिन्छन् । सुँगुरपाठाको बलि चढाउँछन् । त्यसैगरी सन्तान प्राप्तिका लागि स्त्री र पुरुषको प्रत्यक्ष भोग हुनुपर्छ भन्ने वैज्ञानिक कारणमा विश्वास गर्छन् । मन र शरीर एकसाथ हुनुपर्छ भन्ने मान्यता राख्दछन् ।

अर्को पुरुषपात्र सोमदत्त आर्यहरूको प्रतिनिधि पात्र हो । जसले आत्मापक्ष वा मनलाई मात्र विश्वास गर्दछ । जसले गर्दा उसलाई जीवनभरको साधनाबाट पनि अपेक्षित

फल प्राप्ति हुँदैन । एकोहरो अन्धरूपमा आत्मा शुद्धिका नाममा, शास्त्रीय मान्यता पालनको लागि आफ्नो मांसपिण्ड समेत भोग दिन्छन् । किराँती भाषाअनुसार मनुवा रिसाइ सकेको हुन्छ । जसले गर्दा आफ्नो शास्त्रीय कर्तव्य निर्वाह गर्न, पितृऋण चुकाउन तथा वंशजको अस्तित्व कायम राख्न आफ्नो धार्मिक अनुष्ठान तथा योगवादबाट पूरा नभएर किराँती संस्कृतिको शरण पर्दछन् र किराँती संस्कृतिका गुरु विजुवाबाको सल्लाह अनुसार सुम्निमालाई सोमदतको मनुवा बुझाउन मुनवादहमा पठाउँछन् । जसअनुसार किराँती विधिअनुसार मनुवादहमा नुहाएर, सुम्निमाको प्रभावबाट उत्तेजित वासनात्मक यौनेच्छाबाट हुरिएर घरमा गई आफ्नै पत्नी पुलोमालाई सुम्निमा संझेर भोग गर्छन् । त्यसैगरी पुलोमाले पनि आफ्नो बाल्यकालदेखिको भिल्ल युवक संझेर वासनात्मक तृप्ति मेटाउँछिन् । त्यस रातको आनन्द जीवनको प्रथमपटकको आनन्द दुवै जनाले महसुस गर्छन । मन र शरीर एकैसाथ राखेर समागम गरेको आनन्दबाट प्रभावित हुन्छन् । वास्तविक रूपमा स्त्री, पुरुष संझेर नगरेको वासनात्मक भोगले गर्दा प्रथमपटकको आनन्द एकातिर छँदैछ भने अर्कोतिर मनमा दुवै जनाको अर्कै अर्कै व्यक्तिहरू स्थापित र बाह्य रूपमा मात्र स्त्री, पुरुषमा बाँधिएर बसेको जीवनमा त्यस रातको भोगपछि विस्तारै पारिवारिक कलह बढ्दै जान्छ । जीवनभरको साधनाबाट जुन फल प्राप्त गर्न नसकेको थियो त्यस रातको भोगले पुत्र प्राप्ति हुँदा समेत पारिवारिक वातावरण राम्रो हुँदैन । अनेक किसिमले नारीमाथि घोचपेच हुन्छ त्यसको प्रतिकार गर्न पुलोमाले पनि नारी सङ्घर्ष सुरु गर्दछिन् । त्यस किसिमको पारिवारिक अशान्तिले गर्दा पुलोमाले पुत्र प्राप्ति हुँदा पनि सुत्केरी अवस्थामा समेत राम्रो स्याहार सुसार नपाई रोगले रुग्ण भई मर्दछिन् । पुत्रले शान्तिमय तथा सुखमय वातावरणमा हुर्कन पाएन । पारिवारिक शान्ति नपाएकै कारण सोमदत्तको पनि जीवन अन्धकारमय बनेको छ भने किराँती संस्कृतिका पक्षधर सुम्निमाको जीवन मन र शरीर एकसाथ राखेर वासनात्मक यौनेच्छा पूरा गर्न पाएको हुँदा, आत्म सन्तुष्टिका साथै शरीर भोग गर्न पाएको हुँदा पारिवारिक वातावरण शान्तिमय, सुखमय भएको छ । प्रशव अवस्थामा राम्रो स्याहारसुसार पाएकोले स्वास्थ्य पनि रहर लाग्दो छ । छोरीले पनि आमाबुबाबाट स्याहार सुसार र मातृस्नेह र पितृ निर्देश पाएको हुँदा छोरी पनि कलकलाउँदो रहर लाग्दो भएर बढेकी छे । यसरी सुम्निमाले मन र शरीर एकसाथ राखेर जीवन भोग गर्न पाएको हुँदा पारिवारिक जीवन सुखमय भएको छ भने सोमदत्तले पुण्यको नाममा मनलाई मात्र विश्वास गरिरहेकोले

अन्तिम अवस्थामा भोगवासना पूरा गर्न पाए तापनि तालमेल नमिलेकोले दुःखमय भएको उदाहरण यस उपन्यासमा पाइन्छ ।

प्रथमप्रहरमा सुम्निमा र सोमदत्तको विपरीत वैचारिकताको कारण समझदारी कायम हुन नसकेकोले आफ्नी छोरी सोमदत्तको छोरोलाई समन्वयको बाटो रोज्न आर्यहरू आत्मा वा हावामा विश्वास गर्ने संस्कृतिको छोरो, के होला ? कसो होला ? उनी अप्रत्यक्ष कुरामा विश्वास गर्ने वर्गको सन्तान हो भनेर विगतका सम्बन्धबाट पाएका सन्देशलाई शिरोधार्य गरी छोरीलाई कसरी समझदारी र सम्झौता हुन्छ, त्यसैअनुसार हिंड । जीवनमा आफ्नै सिद्धान्तमा मात्र होइन, अरुका सत्य कुरालाई अँगाल्न पनि हामीले भुल्न हुँदैन । समझदारी र सम्झौता गर्दा कसैले पनि आफ्नो मात्र मान्यता पूरा हुन्छ भन्ने छैन । केही कुरा आफूले छोड्नुपर्ने हुन्छ भने केही अरूको सत्य कुरालाई पनि हामीले स्विकार्नु पर्ने हुन्छ र समझदारीमा समन्वयात्मक भावनाले अघि बढ्न सिक्नुपर्छ भन्ने सन्देश सुम्निमा मार्फत् छोरी र सोमदत्तको छोरोलाई निर्देशन दिनुका साथै उपन्यासकारले आफ्ना विचार प्रकट गरेका छन् ।

सोमदत्त र सुम्निमाको वैचारिक भिन्नताका कारण वैवाहिक जीवनमा बाँधिन सकेनन् । पुलोमा र सोमदत्तको भोगभावना संयोजन नहुनाले दाम्पत्य जीवन सुखमय हुन सकेन । यसैले भावना र सिद्धान्त नमिलेमा कुनै पनि कुरामा सफल हुन सकिंदैन, जीवन नै अन्धाकारमय हुन्छ भन्ने भावनात्मक समझदारी हुँदा जीवन उज्ज्वल हुन्छ भन्ने कुरा उपन्यासकारले सन्देश दिएका छन् । सुम्निमाकी छोरी र सोमदत्तको छोराको मन र शरीर एकसाथ भएकोले भावनात्मक एकतामा बाँधिएकोले जीवन सुखमय भएको छ । मानव जीवनमा मन र शरीर तथा योगवाद र भोगवाद संयोजन हुनुपर्दछ । योगवाद र भोगवादको संयोजन नै मानवजीवन हो । योगवाद र भोगवादको समन्वय भएमा मात्र मानवजीवन सफल हुने कुरा उपन्यासले सन्देश दिएको छ । यस उपन्यासमा योगवाद र भोगवादको योग छ । नारी र पुरुषको योग छ । किराँती संस्कृति र आर्य संस्कृतिको योग छ । दुःख र सुखको योग छ ।

वादको रूपमा विश्लेषण गर्दा अध्यात्मवाद र भौतिकवाद, भोगवाद र योगवाद, समन्वयवाद, अस्तित्ववाद र मानवतावाद आदिको संयोजन भएको छ ।

निष्कर्षमा सुम्निमा उपन्यासको विषयवस्तु हिन्दी साहित्यका भगवतीचरण वर्माको पहिलो संस्करण सन् १९९३ को चित्रलेखा विषयवस्तुसँग साम्यता छ । जसरी सुम्निमा र सोमदत्तको विषयवस्तु फरक, फरक छ । दृष्टिकोण अन्तर छ । सुम्निमाको दृष्टिमा भोग नै जीवनको अस्तित्व हो । यसैमा ईश्वर निवास भएको हुन्छ भन्ने तर्क अघि सार्दछिन् भने सोमदत्त भोग भनेको पाप हो । हामीले आत्मामा विश्वास गर्नुपर्दछ भन्ने तार्किक अभिव्यक्ति पोख्छन् । वास्तवमा पाप र पुण्य भन्नु आ-आफ्नो दृष्टिकोण मात्र हो । भोग र योगको संयोजनबाट नै मानव जीवन सफल हुन्छ भन्ने कुरा उपन्यासकारले गरेका छन् ।

यसैगरी चित्रलेखामा पनि रत्नावरले आफ्ना शिष्यहरू श्वेताङ्क र विशालदेवलाई पापको परिभाषा पत्ता लगाउन भोगवादी विजगुप्त कहाँ श्वेतांक र योगी कुमारगिरी कहाँ विशालदेव पठाएका छन् । लामो समयको अन्तरालपछि आ-आफ्नो तपस्याबाट पाप के हो ? भन्ने दुई शिष्यहरूसँग परीक्षण गर्दा भोगवादी विजगुप्तको शिष्य श्वेतांकले विजगुप्त भगवान् हो । त्यागको प्रतिमूर्ति हो । उनको हृदय विशाल छ । कुमारगिरी पापी हो उसले आफ्नो सुखको निम्ति जीवनभरको साधनाले पनि अर्को मोड बदले । त्यसकारण कुमारगिरी पापी हो ? भनी परिभाषित गरे ।

त्यसैगरी योगी कुमार गिरीको शिष्य विशालदेवले रत्नावरको पाप के हो ? भन्ने प्रश्नमा योगी कुमारगिरी अजित हुनुहुन्छ । उनी संसारभन्दा माथि उठ्न चाहनुहुन्छ । उनमा त्याग छ, साधना छ र ज्ञानका प्रतिमूर्ति हुन् भनेर परिभाषित गरे ।

ती दुबैको परिभाषापछि गुरु रत्नावरले तिमीहरू दुबैले आ-आफूले पत्ता लगाएको कुरा मैले सुने । अब म केही कुरा भन्छु सुन भनेर रत्नावरले भने । संसारमा पाप भनेको केही छैन । केवल मानिसहरूको दृष्टिकोणमा फरक मात्र हो । जुन मानिसको जस्तो स्वभाव छ उस्तै परिस्थिति उसको लागि अनुकूल हुन्छ र पुण्य देख्छ । मानिसको स्वभावको अन्तर मात्र, कोही धनमा सुख देख्छ । कोही भोगवासनामा सुख देख्छ । कोही मदिरामा सुख देख्छ त कोही योग र त्यागमा । प्रत्येक व्यक्तिको चाहना जस्तो छ त्यसैमा सुख देख्छ भनी पाप र पुण्यको परिभाषा निकाली दिए । त्यसकारण मन-प्रवृत्तिको अन्तर मात्र हो भन्ने कुरा प्रस्टयाई दिए ।

संसारमा एउटै कुराले मात्र मानव जीवन सार्थक हुँदैन । मानव जीवन सुखी सफल बनाउन भोगवासनाको पनि आवश्यक पर्छ र योग आत्मामा पनि विश्वास गर्नुपर्ने हुन्छ । त्याग र तपस्याबिना पनि फल प्राप्त गर्न कठिन हुन्छ । भोगबिना पनि मानव अस्तित्व कायम राख्न असंभव हुन्छ । त्यसकारण जतिसुकै मनपक्षमा विश्वास गरे पनि भोगमा उसको इच्छा जाग्दछ । सुम्निमा उपन्यासको आर्यपुरुष सोमदत्तले शरीर पापको खाडल भनेका थिए । आखिर विवाह गर्नु, पुत्र प्राप्तिको लागि किराँती धर्मको शरणमा पर्नु, सुम्निमा संझेर आफ्नी श्रीमती पुलोमासँग यौन समागम गर्नु आदि भोगवाद र योगवादको संयोजन भएको पाइन्छ । त्यसैगरी चित्रलेखामा योगी कुमारगिरी चित्रलेखाको भोगवासनामा पर्नु, श्वेतांक चित्रलेखासँग आकर्षिक हुनु, यशोधरासँग विवाह गर्नु विजगुप्तले सारा सम्पत्ति चित्रलेखाको विछोडपछि श्वेतांकलाई भोग गर्न दिई सन्यासी बन्नु, फेरि चित्रलेखाको आग्रहबाट सन्यासी जीवनमा पनि विवाह गर्नु साथै मृत्युजन्यको सम्पत्तिको अहम्ताले श्वेतांकलाई छोरी नदिने भावना व्यक्त हुँदा गरिबले के विवाह नै गर्न नपाउने ? भनी सारा सम्पत्ति र पद श्वेतांकलाई हस्तान्तरण गरी विवाह गरी दिनु योगवादको प्रतिफल हो ।

अन्त्यमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा उपन्यासमा योगवाद र भोगवादका सम्बन्धमा विस्तृत रूपमा अध्ययन र विश्लेषण गरिसिध्याए तापनि पनि यस उपन्यासका बारेमा निम्नलिखित शीर्षकहरूमा अध्ययन, अनुसन्धान गर्न सकिने देखिन्छ :

(क) सुम्निमा उपन्यासमा समन्वयवाद,

(ख) सुम्निमा उपन्यासमा मानवतावाद,

(ग) मिथकीय संरचनाका आधारमा सुम्निमा उपन्यासको अध्ययन,

(घ) सांस्कृतिक द्वन्द्वका दृष्टिले सुम्निमा उपन्यासको अध्ययन,

(ङ) देहवाद र आत्मवादका दृष्टिले सुम्निमा उपन्यासको अध्ययन

# सन्दर्भग्रन्थ सूची

## (क) सन्दर्भ पुस्तक


| | | |
|---|---|---|
| १, | अधिकारी, छविलाल, | **योग साधना तथा योग चिकित्सारहस्य,** काठमाडौँ : सहयोगी प्रकाशन, २०६२ । |
| २, | अधिकारी, हेमाङ्गराज, | **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि., २०६६ । |
| ३. | कोइराला, विश्वेश्वरप्रसाद, | **आफ्नो कथा,** चौथो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६० । |
| ४. | कोइराला, विश्वेश्वरप्रसाद, | **जेल जर्नल,** (दिनपञ्जी) ललितपुर : जगदम्बा प्रकाशन प्रा.लि. पुनर्मुद्रण, २०६६ । |
| ५. | कोइराला, विश्वेश्वरप्रसाद, | **सुम्निमा,** आठौं संस्करण, ललितपुर : साझा प्रकाशन, २०६३ । |
| ६. | चन्द, प्रेम, **प्रेम निबन्ध,** | नयाँ दिल्ली : हिन्द पाँकेट बुक्स प्राइभेट, लिमिटेड, संस्करण, १९८० । |
| ७. | जोशी, 'रेग्मी' सुरेन्द्रप्रसाद, | **राजनीतिक चिन्तन र वादहरू,** काठमाडौँ : पैरवी प्रकाशन, २०५५ । |
| ८. | ढकाल, 'कमल' भूपति, | **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूका विश्लेषण,** काठमाडौँ : ए.वि.सी. प्रकाशन, २०६० । |
| ९. | दाहाल, कृष्णप्रसाद, | **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान,** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६० । |
| १० | न्यौपाने, प्रेमराज, | **मनोवृत्तिको दार्शनिक तथा वैज्ञानिक विश्लेषण,** सिन्चाङ्ग - ४ तनहुँ : डिल्ली प्रविधि प्रतिष्ठान प्र.सं., २०६६ । |

११. पन्थी, देवी-भारती, **नेपाली साहित्य र संस्कृतिको झलक,** आँखा स्वयंसेवी प्रकाशन संघ, संस्करण, २०६१ ।

१२. पराजुली, शोभाकर, **लोकतन्त्र र समाजवाद,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६६ ।

१३. पोखरेल बालकृष्ण, **नेपाली शब्दकोश** प्र.सं. (काठमाडौं राजकिय प्रज्ञाप्रतिष्ठान-२०४० ।

१४ प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** ललितपुर : साझा प्रकाशन, २०३७ ।

१५ प्रधान बाबुलाल, **रत्न नेपाली शब्दकोश,** काठमाडौं : रत्न पुस्तक भण्डार, मुद्रण, २०६४ ।

१६ बस्नेत, कृष्णबहादुर, **आधुनिक नेपाली उपन्यास,** (सैद्धान्तिक विश्लेषण) काठमाडौं : दीक्षान्त पुस्तक भण्डार, २०५९ ।

१७. बराल, ईश्वर, **नेपाली साहित्यकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५५ ।

१८. बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन, २०५६ ।

१९. राधा कृष्णन्, सर्वोपल्लि, **भगवद्गीता**, नई दिल्ली : हिन्दपाँकेट बुक्स प्रा.लि., २००४ ।

२०. वर्मा, धीरेन्द्र र बज्रेश्वर, **हिन्दी साहित्यकोश** (भाग १, २), वाराणसी : ज्ञानमण्डल संवत्, २०२० ।

२१. वर्मा, भगवतीचरण, **चित्रलेखा,** नई दिल्ली : राजकमल प्रकाशन प्रा.लि., १९९३ ।

२२. शर्म्मा (नेपाल) बसन्तकुमार, **नेपाली शब्दसागर,** काठमाडौं : भाभापुस्तक भण्डार, २०५७ ।

२३. सुवेदी, राजेन्द्र, **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,** काठमाडौं : साझा प्रकाशन, २०६४ ।

## (ख) सन्दर्भ पत्रिका


१. नवयुवा मासिक (पत्रिका) वर्ष ४, पूर्णाङ्क ३९, काठमाडौँ : अन्तर्क्रिया प्रकाशन प्रा.लि. २०५६ पौष ।

२. नागरिक दैनिक चैत्र १९ विहीवार २०६६, तीनपुस्ते सम्बन्ध, पृ. ९ ।

३. नेपाली काँग्रेसको विधान, २०१७, २०५१, २०५४, २०५७, २०६२, २०६४ र २०६६, **प्रसतावना**, पृ. १ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा/नेपाली कांग्रेस केन्द्रीय कार्यालय वि.पी. नगर सानेपा ललितपुर नेपाल ।

४. नागरिक दैनिक चैत्र १४ शनिवार २०६६, विवादमा कोइराला निवास पृ. III ।


## (ग) सन्दर्भ शोधपत्र र शोधप्रबन्ध


१. खत्री, रामहरि शारदा साहित्यिक पत्रिकाको अध्ययन र मूल्याङ्कन त्रि.वि. अप्रकाशित शोधपत्र -२०६६

२. घिमिरे, हरिहर कृष्ण जोशीका उपन्यासहरूमा नारी चरित्रको अध्ययन अप्रकाशित शोधपत्र- २०६५

३. घिमिरे, हरिश्चन्द्र नरेन्द्रबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, त्रि.वि. अप्रकाशित शोधपत्र -२०६६

४. दाहाल, कृष्णप्रसाद विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान, त्रि.वि. अप्रकाशित शोधप्रबन्ध, २०५७ ।

५. पाण्डे, ज्ञानू विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद, त्रि.वि. अप्रकाशित शोधप्रबन्ध, २०६०।

६.. महर्जन, गुनकेसरी घनश्याम राजकर्णिकारका यात्रा साहित्यहरूको अध्ययन, त्रि.वि. अप्रकाशित शोधपत्र- २०६६